# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाका राष्ट्रिय एवम् शैक्षिक उद्देश्यहरू हासिल गर्न विद्यालयहरूको व्यवस्थापकीय कुशलतामा अभिवृद्धि गरी उपलब्ध स्रोत र साधनको सर्वोतम परिचालन गर्नु आजको सबै भन्दा ठूलो चासोको विषय हो । शिक्षाका अपेक्षित उद्देश्यहरू हासिल गर्न प्रत्येक विद्यालयहरू आफै प्रयत्नशील हुनु पर्दछ । विद्यालयहरूले आफूलाई आफैं सुधार नगरेसम्म केन्द्रीय तहबाट गरिएका सुधारका प्रयत्नले खासै प्रतिफल दिन सक्दैन । शिक्षाका उद्देश्यहरू हासिल गर्ने सन्दर्भमा विभिन्न तह र स्तरमा विभिन्न प्रकारका शैक्षिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ । शिक्षा क्षेत्रमा तर्जुमा गरिएका सबै किसिमका योजनाहरूको कार्यान्वयन गर्ने आधारभूत तह भनेको विद्यालय नै हो । विद्यालयका भौतिक, शैक्षिक, व्यवस्थापकीय एवम् मानवीय पक्षहरूमा समय अनुकुल सुधार गरी विद्यालयलाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय सरोकारवालाहरूको सहभागितामा निर्माण गरिने कार्यान्वयनमुखी योजना नै विद्यालय सुधार योजना हो । यस प्रकारको योजना विद्यालयको स्पष्ट दृष्टिकोण निर्माण गर्न, रणनीति तयार गर्न, जिम्मेवारी र कार्य क्षेत्रको विभाजन गर्न, सरोकारवालाहरूको सहभागिता वृद्धि गर्न, सक्रिय सिकाइ वातावरण तयार गर्न, स्तर निर्धारण गर्न र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्न सहयोगी सिद्ध हुने गर्दछ ।

प्रत्येक विद्यालयले आफ्ना सम्पूर्ण विद्यार्थीको उच्चतम सिकाइ उपलब्धि सुनिश्चित गर्न तयार गरिएको कार्यमुखी योजना विद्यालय सुधार योजना हो । शैक्षिक क्षतिलाई पूर्ण नियन्त्रण गरी समय र स्रोतलाई खेर जान नदिई विद्यालयमा भर्ना भएका सबै विद्यार्थीहरूलाई निर्धारित समयभित्र पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिहरूका साथै निर्धारित तह पूरा गराउनु नै विद्यालय सुधार योजनाको उद्देश्य हो । यसै दृष्टिकोणलाई केन्द्रविन्दु मानेर विद्यालयहरूले आफ्नो सुधारको प्रयत्नलाई अगाडि वढाउनु आवश्यक हुन्छ । अव यो सुधार कहाँबाट र कसरी सुरुगर्ने भन्ने प्रश्नको जवाफले नै विद्यालय सुधारको मार्ग प्रशस्त गर्दछ । यी प्रश्नहरूको उत्तर खोज्ने क्रममा विद्यालयहरूले आफ्नो परिवेश र आजको अवस्था वारेमा पूर्ण विश्लेषण र छानविन गरी आन्तरिक र वाह्य रुपमा आफूले भोग्नु परेका कठिनाइहरू तथा बाधा व्यवधान र समस्या वारे स्पष्ट हुनु जरुरी पर्दछ । विद्यालयको वर्तमान शैक्षिक आवश्यकता के हो ? यसको

सुनिश्चितताका सन्दर्भमा विद्यालय,समुदाय र सरोकारवालाहरू बीच व्यापक छलफलद्वारा साझा सहमति निर्माण गरेर अगाडि बढ्न आवस्यक पर्ने रणनीतिक निर्णय नै विद्यालय सुधार योजनाका चरणहरू हुन । विद्यालयका स्थानीय सरोकारवालाहरू लाई विद्यालयको सर्वाङ्गीण विकासको निम्ति योजना निर्माण गर्ने, निर्मित योजनालाई कार्यान्वयन गर्ने, कार्यान्वयन भइरहेको योजनाको अनुगमन र मूल्याङकन गर्ने लगायतका प्रक्रियामा सहभागी बनाएर विद्यालयको शैक्षिक विकासमा के कसरी उपयोग गर्न सकिन्छ भन्ने प्रश्नमा यो शोधकार्य केन्द्रित रहेको छ । यस शोधकार्यले दमक नगरपलिका क्षेत्र भित्र पर्ने सामुदायिक विद्यालयहरूमा विद्यालय सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभावहरूको विश्लेषण गरी आवश्यक सुझाव प्रस्तुत गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ ।

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालदेखि प्रारम्भ भएको पाइन्छ । यसै अवधिदेखि शैक्षिक योजनाहरूको निर्माण र स्थानीय तहमा कार्यान्वयन गर्ने प्रक्रियाको समेत थालनी भएको हो । वि.स.२०२८ सालमा गठन भएको सर्वाङगीण राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शैक्षिक योजना निर्माणको प्रक्रियालाई केन्द्रिकृत गर्दै स्थानीय समुदाय र सरोकारवालाहरूको भूमिकालाई कम महत्व दिइएको पाइन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, र शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले शैक्षिक योजना निर्माणको प्रक्रियालाई विकेन्द्रिकृत गरी स्थानीय सरोकारवालाहरूको सहभागितालाई प्रोत्साहन गरेको पाइन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र सो सम्बन्धी नियमावली २०५६ मा उल्लिखित विकेन्द्रीकरणको मर्म र भावनाअनुसार गा.वि.स/न.पा हरूले विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गरेको देखिन्छ । शैक्षिक योजना निर्माणको यस्तो विकेन्द्रीकृत व्यवस्थाबाट स्थानीय तहमा शैक्षिक आवश्यकताहरूको परिपूर्ति गर्न र शैक्षिक निर्णय प्रक्रियामा स्थानीय सरोकारवालाहरूको सहभागिता तथा शिक्षा प्रणालीमा सक्षमता वृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।

आधारभूत प्राथमिक शिक्षा परियोजना दोस्रो चरणले विकेन्द्रीकरणमा जोड दिदै विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन प्रतिवेदन २०५३ को अवधारणालाई आत्मसाथ गर्दै

स्थानीय स्रोतसाधन र आवश्यकतालाई ध्यानमा राखी स्थानीय स्तरमा नै शैक्षिक योजना निर्माण गर्न र शैक्षिक गुणस्तर विकास पहुच र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न विशेष जोड दिएको पाइन्छ । यस प्रकार विद्यालय सुधार योजना विद्यालयको चौतर्फी विकासको आधार मात्र नभई विद्यालयप्रति आम समुदाय, शिक्षक, विद्यार्थी, स्थानीय निकायको समेत सरोकार र जवाफदेहिता सहितको सँगठित दस्तावेजको रुपमा रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

विद्यालयको समग्र विकास र बालबालिकाहरूको शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक उपलब्धिमा सुधार ल्याउनका साथै भौतिक अवस्थामा समेत सुधार ल्याउनकालागि विद्यालय सुधार योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय सुधार योजनाको निर्माण प्रक्रिया सहभागितामूलक ढंगले हुन सकेको छ छैन ? विद्यालय सुधार योजनाले शैक्षिक विकासमा कस्तो प्रभाव पार्दछ ? वर्तमान अवस्थामा सामुदायिक विद्यालयमा विद्यालय सुधार योजनको कार्यान्वयनमा के कस्ता चुनौतिहरू रहेका छन ? विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्न र अपेक्षित प्रतिफल हासिल गर्न सरोकारवालाहरूलाई के कस्ता सुझावहरू दिन उपयुक्त हुन्छ ? भन्ने प्रश्नको उत्तर पत्तालगाउने अभिप्रयाले यस अध्ययनको छनौट गरिएको छ । विद्यार्थी, शिक्षक अभिभावक समुदाय सबै विद्यालयका उपभोक्ताहरू हुन । यी सबै उपभोक्ताहरू सँगै बसी विद्यालयको वर्तमान अवस्थालाई विश्लेषण गरी भविश्यमा सबै क्षेत्रको सुधारको लागि आवश्यक रणनीति निर्माण गर्ने कार्यनै विद्यालय सुधार योजनाको कार्यक्षेत्र हो । यस अन्तर्गत विद्यालयका सरोकारवाला सबै पक्षहरू एक साथ बसी आफ्ना शैक्षिक आवश्यकता पहिचान गर्ने, आवश्यकताहरूको प्राथमिकता निर्धारण गर्ने,उद्देश्य निर्धारण गर्ने र ती उद्देश्य प्राप्तिकालागि आफैले योजना निर्माण गरी त्यसको कार्यान्वयन अनुगमन र मूल्याङ्कन समेत गर्नु पर्दछ । यसबाट सरोकारवालाहरूमा स्वामित्वको भावना जागृत भएर विद्यालय व्यवस्थापन पक्षमा अभिभावक प्रति जिम्मेवारीको भावनामा पनि अभिवृद्धि हुन गई विद्यालयको प्रभावकारिता सुनिश्चित हुन जान्छ । विद्यालय सुधार योजनाले विद्यालयको भौतिक सुधारदेखि लिएर शिक्षक विद्यार्थीको नियमितता, उनीहरूको सिकाइ उपलब्धि अभिवृद्धि, विद्यालयको आन्तरिक दक्षता लगायत सबै पक्षको सुधारलाई लक्षित गर्नु पर्दछ ।

विद्यालयबाट विद्यार्थी, शिक्षक अभिभावक, समुदाय र राष्ट्रले गुणस्तरीय शिक्षा, राम्रो शैक्षिक वातावरण, अनुशासन,सामाजिक आत्मबोध जस्ता कुराहरूको अपेक्षा गरिएको हुन्छ । विद्यालयबाट अपेक्षा गरिएका पक्षहरू पूरागर्न विद्यालय स्वयम् जिम्मेवार र उत्तरदायी हुनुपर्दछ । यसकालागि विद्यालय आफै सुधारिनु पर्दछ । विद्यालयका शैक्षिक भौतिक पक्ष, शिक्षण सिकाइ वातावरण, विद्यालय व्यवस्थापन, आन्तरिक प्रशासन, विद्यालय अनुगमन र मूल्याङकन, स्रोत साधनको सही परिचालन आदि पक्षको व्यवस्थापन गर्न अधिकांश सामुदायिक विद्यालयहरू अन्य दोस्रो पक्षमा निर्भर रहने गरेको पाइन्छ । वास्तवमा केन्द्र र जिल्ला स्तरमा निर्माण गरिएका योजनाले मात्र विद्यालयको आवश्यकताको सम्वोधन गर्न सकेको देखिदैन । भिन्नै परिवेश, आर्थिक, सामाजिक र संस्कृतिक र भौगोलिक विविधातायुक्त समाजमा केन्द्रिकृत एवम् निर्देशित योजनाले स्थानीय स्तरमा विद्यालयका आवश्यकता प्राथमिकता, समस्या एवम् विद्यार्थीको उच्च सिकाइ उपलब्धिलाई वास्तविक रुपमा समेट्न सकेको छैन ।

सरोकारवालाहरूलाई विद्यालयको सर्वाङ्गीण विकासको निम्ति योजना निर्माण गर्न, निर्मित योजनालाई कार्यन्वयन गर्न, कार्यान्वयन भई रहेको योजनाको अनुगमन एवम् मूल्याङ्कन गर्ने प्रक्रियामा सहभागी बनाएर विद्यालयको शैक्षिक विकासमा के कसरी उपयोग गर्न सकिन्छ ? भन्ने मुख्य प्रश्नमा यो शोधकार्य कन्द्रित रहेको छ । वास्तवमा सबै विद्यालयहरूले आफूलाई सुधार गर्न सरोकारवालाहरूको पूर्ण सहभागितामा उद्देश्यको निर्धारण, आवश्यकताको पहिचान, समस्या एवम् प्राथमिकताहरूको निर्धारण साधन स्रोतको उचित परिचालन र व्यवस्थापन गर्न विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन, अनुगमन, विश्लेषण र पुनर्योजना गर्नु पर्ने आवश्यकता रहेको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकासको निम्ति शिक्षालाई महत्वपूर्ण माध्यमका रुपमा लिने गरिन्छ । शिक्षा प्रदान गर्ने थलो विद्यालय हो । नेपालको सन्दर्भमा शैक्षिक सक्षमताको विकास गर्न विभिन्न क्षेत्रबाट प्रयासहरू भइरहेका छन् । शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति एवम् शिक्षा सरोकारवालाहरूको क्षमता अभिवृद्धिको माध्यमबाट स्थानीय शैक्षिक आवश्यकताहरू सम्वोधन हुनेगरी समुदायलाई शिक्षाको पहुचमा ल्याउन सरकारी एवम् गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन । यद्यपि, नेपालमा शैक्षिक क्षेत्रमा लगानीको

अनुपातमा प्रतिफल प्राप्तहुन सकेको पाइदैन । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सन्तोषजनक रहेको छैन । सामुदायिक विद्यालयप्रतिको समुदायको विश्वास र सद्भाव घट्दो अवस्थामा रहेको छ । विद्यालयमा कार्यरत जनशक्तिको मनोवल उठ्न सकेको छैन । शहरी क्षेत्रका सामुदायिक विद्यालयहरूमा प्रत्येक वर्ष विद्यार्थीको संख्या घट्दै गइरहेको पाइन्छ । यस परिप्रेक्ष्यमा स्थानीयहरूको क्षमता अभिवृद्धि गरी विद्यालयको चौतर्फी विकास गर्न लागु गरिएको विद्यालय सुधार योजनाले विद्यालयको शैक्षिक गुणस्तर विकास, समुदायको शिक्षामा पहुँच र कुशल विद्यालय व्यवस्थापन गर्ने सीप प्रदान गर्ने अपेक्षा गरिएको छ । विद्यालय र समुदाय बीचको दुरी बढिरहेको, विद्यालय प्रति सरोकारवालाहरूको रुचि घटिरहेको वर्तमान अवस्थामा विद्यालयका स्थानीय समस्याहरूलाई समाधान गर्न र स्थानीय स्रोतसाधनलाई विद्यालयको पक्षमा अधिकतम परिचालन गर्न स्थानीय समुदायलाई वढी जिम्मेवार बनाउनु पर्ने आवश्यकता रहेको छ ।

विद्यालयको शैक्षिक तथा भौतिक र व्यवस्थापकीय पक्षमा स्थानीय सरोकारवालाहरूलाई सहभागी बनाउन र उत्तरदायी भूमिका निर्वाह गर्न विद्यालय सुधार योजना सहयोगी हुन सक्दछ । स्थानीय स्तरमा उपलब्ध भौतिक एवम् मानवीय स्रोत साधनको उच्चतम प्रयोग र परिचालन गरेर विद्यालयको शैक्षिक विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

विद्यालय शिक्षा विकासको मुख्य आधार र मेरुदण्ड हो । विद्यालयमा आधारित औपचारिक शिक्षाले देशको सामाजिक आर्थिक, राजनैतिक, संस्कृतिक लगायत शैक्षिक पक्षहरूको विकास गर्दछ । शिक्षाले बालकको आन्तरिक गुण क्षमता र प्रतिभाको प्रष्फुटन गराई चौतर्फी विकास गर्ने भएकोले विद्यालयले योजनावद्ध सुधारको माधयमबाट आफ्नो शैक्षिक, भौतिक र व्यवस्थापकीय एवम् मानवीय क्षमतामा विकास गर्नु अपरिहार्य रहेको हुन्छ । तसर्थ, विद्यालयलाई योजनाबद्ध सुधार गरेर गुणस्तरीय शिक्षाको सुनिश्चितता प्रदान गर्न सकिन्छ भन्ने मान्यताका साथ प्रत्येक विद्यालयमा सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजना निर्माण, कार्यन्वयन, मूल्याङकन र त्यसको शैक्षिक प्रभावको लेखाजोखा गर्नु यस शोधकार्यको मुख्य दायित्व रहेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) सामुदायिक विद्यालयका बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधारयोजनाको भूमिका खोजी गर्नु ।

ख) विद्यालय सुधार योजनाको निर्माणमा सरोकारवालाहरूको संलग्नता निश्चित गर्नु ।

ग) विद्यालय सुधार योजनामा संलग्न तत्वहरुको पहिचान गर्नु ।

घ) विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका उपयाहरूको खोजी गरी सुझाव प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययन पुरा गर्नका लागि निम्नानुसार अनुसन्धानात्मक प्रश्नहरू राखिएको छ ।

क) विद्यालय सुधार योजनाले कुन कुन शैक्षिक पक्षलाई प्रभाव पार्न सक्छ ?

ख) विद्यालय सुधार योजनाको कार्यान्वयनबाट शैक्षिक सूचकहरूमा वृद्धि भएको छ ?

ग) विद्यालय सुधार योजनाको कार्यन्वयनबाट बालबालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि हुन सक्छ ?

घ) विद्यालय सुधार योजनामा बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यक्रमहरू समावेश गरिएका छन् ?

ङ) विद्यालय सुधार योजनाको निर्माणमा को को सहभागी हुने गर्दछन् ?

च) विद्यालय सुधार योजनाको कार्यन्वयनमा स्थानीय सरोकारवालाहरूको भूमिका कस्तो रहेको छ ?

छ) विद्यालय सुधार योजनामा उल्लेख भएका कार्यक्रमहरू विद्यालयमा लागु भएका छन् ?

ज) विद्यालय सुधार योजनाले निर्धारण गरेका लक्ष्यहरू सबै पूरा हुन नसक्नुका मुख्य कारण के हुन सक्छन् ?

झ) सामुदायिक विद्यालयहरूमा विद्यालय सुधार योजनाको कार्यन्वयनमा के कस्ता सम्स्याहरू रहेका छन् ?

ञ) विद्यालय सुधार योजनाको कार्यन्वयनमा देखिएका समस्याहरू समाधान गर्न कस्ता उपायहरू अवलम्बन गर्नु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यो शोधकार्य झापा जिल्ला, दमक नगरपालिका भित्र पर्ने जम्मा २२ वटा सामुदायिक विद्यालयहरू मध्ये २ वटा उच्च मावि, २ वटा मावि, ३ वटा निमावि र १ वटा प्राविहरूलाई छुट्टाछुट्टै आकस्मिक नमूना छनौट (Random Sampling) को आधारमा नमूना छनौट गरी अध्ययन गरिएको छ । नगरपालिका अन्तर्गत छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विव्यस अध्यक्ष र सदस्य, शिक्षक अभिभावक संघका पदाधिकारी र विद्यार्थीहरू समेत कुल १२१ जना सरोकारवालाहरूलाई नमूनाको रुपमा लिइएको छ । सम्बन्धित सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता प्रश्नावली र विद्यालयका तथ्याङ्कमा अधारित भई शोधकार्य सञ्चालन गरिएको छ ।

यो शोधकार्य छनौटमा परेका सीमित विद्यालयका सरोकावालाहरूसँगको अन्तरक्रिया, प्रश्नावली र विद्यालयको अभिलेखका आधारमा मात्र तयार गरिएकोले यसको निश्कर्षलाई देशभरका अन्य विद्यालयको अवस्थासँग सामान्यीकरण गर्न सकिदैन । यो शोधकार्य नमूनामा परेका विद्यालयहरूमा बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजनाको अध्ययनमा केन्द्रित रहेको छ ।

विद्यार्थीहरूको सिकाइ उपलब्धिको अध्ययन गर्न विद्यालयको परीक्षाफल विश्लेषण अभिलेख, निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख, विद्यार्थीहरूको कार्यसञ्चयिका अभिलेख, शिक्षण सुधार योजना (TIP) को उपयोग गरिएको छ । विद्यार्थीहरूको उपलब्धि अभिलेख, योजना कार्यन्वयनको प्रगति समीक्षा, योजना निर्माणमा सरोकारवालाहरूको सहभागिता, योजना कार्यन्वयनमा देखिएका चुनौतिहरूको समाधान गर्न गरिएका प्रयासहरूको अभिलेखलाई वैठक पुस्तिकाबाट संकलन गरिएको छ । आवश्यक तथ्याङ्कहरू प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थीहरूसँगको प्रश्नावलीहरूको आधारमा संकलन गरिएको छ । आंशिक उद्देश्यको लागि तयार पारिएको यो शोधकार्यबाट सम्बन्धित विषयवस्तु अर्न्तगतका सबै समस्याहरूको समाधान हुन सक्दैन ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन गरिनेछ । पूर्व साहित्यको समीक्षाले सम्बन्धित विषयमा यसभन्दा पहिले गरिएका खोज र अनुसंन्धान कार्यहरूको सिलसिलेवार मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँदछ ।

सामुदायिक विद्यालयको भौतिक, शैक्षिक एवम् व्यवस्थापकीय पक्षमा सुधार गर्ने उद्देश्यले यससँग सम्बन्धित विभिन्न लेख, रचना, अनुसंन्धान प्रतिवेदन, सन्दर्भ ग्रन्थ र सैद्धान्तिक अवधारणा पत्रहरूले प्रकाशित भएका छन । विद्यालय सुधार योजना सँगसम्बन्धित विषयमा सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले विभिन्न किसिमका निर्देशिका तालिम पुस्तिका सहयोगी सन्दर्भ सामग्रीहरू लेख, अनुसन्धानात्मक कृति शोधप्रतिवेदन समेतको पुनरावलोकन गरिएको छ ।

शिक्षाप्रतिको बढ्दो चाहाना र जनआकांक्षालाई पूरागर्न शैक्षिक क्षेत्रमा विश्वव्यापी रुपमा प्रतिस्पर्धा गर्न र शैक्षिक अवसरहरूको सिर्जना गर्न केन्द्रीय स्तरमा निर्माण भएका योजनाहरू पर्याप्त हुन सक्दैन्न । तसर्थ शिक्षलाई स्थानीय समुदायको पहुचसम्म पुऱ्याउन स्थानीय स्तरमै शैक्षिक योजनाको निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ । यिनै आवश्यकताहरूलाई मध्यनजर गर्दै नेपालमा विकेन्द्रीकृत शिक्षानीतिको आवश्यकता अघि सारिएको छ । विकेन्द्रीकरण आफैमा साध्य नभई, शैक्षिक गुणस्तर अभिवृद्धि, जनसहभागिता तथा स्थानीय स्रोतको परिचालन गर्ने एउटा साधन मात्र हो । विकेन्द्रीकरण शिक्षासँग मात्र सम्बन्धित छैन । राष्ट्रका हरेक क्षेत्रमा विकेन्द्रीकरणले स्थानीय सरोकारवालको सक्रिय सहभागितामा प्रभावकारी परिणाम हासिल गरेको पाइन्छ । शैक्षिक क्षेत्रमा विद्यालयमा निर्माण हुने योजना विद्यालय सुधार योजनाले, योजना निर्माण र कार्यन्वयनमा स्थानीय सरोकारवालाहरूको सहभागितामा अभिवृद्धि गरी, कार्यन्वयन प्रक्रियालाई प्रभावकारी बनाएर अपेक्षित उद्देश्य प्राप्तगर्नमा सहयोग पुग्दछ । (विष्ट र साथीहरू २०६२)

राई (२०६२) का अनुसार विद्यालयका सुधार योजना कार्यक्रम व्यापक रुपपमा लागुगरिएको समयावधि त्यति लामो नभएपनि अवधारणाको रुपमा यस कार्यक्रमले करिब एक दशक पूरा गरिसकेको छ । यस अवधिमा विद्यालयले समग्र शैक्षिक क्षेत्रमा सुधार गरी शिक्षाको पहुँच र गुणस्तरमा बढोत्तरी  गरोस भन्ने अभिप्रायले नेपाल सरकारले विद्यालयमा विद्यार्थी संख्याको आधारमा यथोचित लगानी गर्दै आइरहेको छ । यद्यपि, यस कार्यक्रममा गरिएको लगानीको अनुपातमा प्रतिफल प्राप्त गर्न सकिएको छैन । आम सरोकारवालहरूसँग यस कार्यक्रम प्रति पर्याप्त जानकारी नरहनु, कार्यक्रम वापत निकासा गरिने खर्च सम्बन्धमा स्पष्ट निर्देशन, नियन्त्रण र अनुगमन नहुनाले लगानीको दुरुपयोग हुनगई थप समस्या सिर्जना हुनगइरहेको छ । विद्यालयमा विद्यालय सुधार योजना निर्माण गरेर मात्र लक्ष्य पूरा भएको ठान्ने प्रवृति र विद्यालय सुधार योजनाको समीक्षा नगर्ने परिपाटीले विद्यालय सुधार योजना कार्य ओझेलमा परेको प्रतित हुनेगर्दछ । यस प्रकारले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरूका सम्बन्धमा गहन अध्ययन गर्न आवश्यक देखिन्छ । यस सम्बन्धमा उपलब्धिमूलक अध्ययन खासै भएको पनि पाईंदैन । (राई, २०६२)

काफ्ले र बिष्ट (२०६०) का अनुसार “विद्यालयलाई बदलिदो परिस्थितिको मागअनुसार विद्यार्थीको पहुच एवम् सिकाइ उपलब्धिमा सुधार गरिने सुक्ष्म योजना नै विद्यालय सुधार योजना हो । यस्तो योजना विद्यालयको भौतिक निर्माण कार्यमा मात्र होइन, यसका सबै पक्षको सर्वाङ्गीण विकासद्वारा विद्यार्थीको उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्न उपयोग गरिन्छ । यस योजनाले विद्यालयको आन्तरिक कुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गराएर उच्चतम प्रतिफल हासिल गर्नका साथै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन विद्यालयले के कस्ता कार्यक्रम र कार्यनीति अपनाउन पर्दछ सो को लागि के कति मात्रामा बजेटको आवश्यकता पर्छ भन्ने पक्षमा जोड दिने गर्छ ।”

विद्यालय तहमा योजना निर्माण तथा परिमार्जन गर्ने सीप र क्षमताको विकास गर्ने, स्रोतको बाडफाँड तथा वितरणमा पारदर्शिता अपनाई सरोकारवालको सहभागिता सुनिश्चित गर्ने, स्थानीय आवश्यकता परिपूर्ति गर्ने स्थानीय सरोकारवालहरूलाई नै जिम्मेवारी प्रदान गर्ने, विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, सबैका लागि शिक्षा प्रदान गर्ने आदि विद्यालयमा आधारित विकास कार्यक्रममा विद्यालय सुधार योजनाले सहयोग पुऱ्याउँछ । (बराल, २०६६)

विद्यालय सुधार योजना कार्यक्रम सुक्ष्म योजनामा आधारित कार्यक्रम हो । यस्तो योजना विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर कसरी बढाउन सकिन्छ के के क्रियाकलापले यसमा मद्धत पुऱ्याउछन्, ती क्रियाकलापहरू क-कसले, कसरी सञ्चालन गर्ने, श्रोतको व्यावस्थापन कसरी गर्ने, अनुगमन र निरीक्षण कुन समयमा कसरी गर्ने, लागत अनुगमन कहाँबाट कसरी व्यवस्थित गर्ने जस्ता पक्षहरू समावेस गरिएका हुन्छन । यो विद्यालयले मात्र तयार गर्ने नभई सरोकावालहरूको सहभागितामा तयार गर्ने योजना हो । विद्यालय सुधार योजनामा विद्यार्थीको सिकाइ उपलब्धिको अभिवृद्धि गर्ने प्रमुख ध्येय राखिएतापनि विद्यालय सुधार कार्यक्रमलाई यतिमा मात्र सीमित गरिनु हुन्न । विद्यालय बाहिर रहेका समेत समुदायिक केन्द्र बन्नुपर्दछ, जहाँबाट सामुदायिक विकासका गतिविधिहरू सञ्चालन गर्न सकियोस अनि मात्र हाम्रा विद्यालयहरू सामुदायिक विद्यालय भन्ने योग्य बन्नेछन्, सुधारोन्मुख हुनेछन । विद्यालय सुधार एक प्रक्रिया हो जो निरन्तर चलिरहन्छ र चलिरहनु पर्दछ । (लम्साल, २०५९)

विद्यालय सुधार योजनाको मुख्य लक्ष्य शिक्षा क्षेत्रका स्थानीय तहका सरोकारवालाहरूलाई मुलुकले अवलम्बन गरेको मूल नीति एवम् रणनीतिहरूका आधारमा शैक्षिक योजना निर्माण, कार्यन्वयन र अनुगमन गर्नु हो । यसको उद्देश्य सहभागितामूलक विकेन्द्रीकृत योजना निर्माणका लागि आधारभूमि प्रदान गर्नु पनि हो ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम मुलुकका शैक्षिक नीति तथा तिनको प्रवर्धनका निमित्त कानुनी संरचनाले परिकल्पना गरेका उपलब्धिहरू लाई यथार्थमा परिणत गराउने उद्देश्यबाट अभिप्रेरित छ । खासगरी शिक्षा ऐन (सातौं संशोधन २०५८) र स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायहरूलाई सशक्त बनाई शिक्षाको विकेन्द्रीकरणमा जोड दिएका छन भने निर्माणाधीन दशौं योजना तथा गरीबी निवारण सम्बन्धी रणनीति दस्तावेज सबैका लागि शिक्षा तथा माध्यमिक शिक्षा विकास योजना आदिबाट मुलुकको शैक्षिक विकासका नीतिहरू निर्मित भएका छन । (वार्षिक शिक्षानीति कार्यन्वयन योजना:२०५९/०६०)

शिक्षा ऐन (२०५८) अर्न्तगत शिक्षालाई विकेन्द्रीकरण गर्ने व्यवस्था गरेको छ । जसअनुसार स्थानीय समुदायलाई आफ्ना वास्तविक शैक्षिक आवश्यकताको पहिचान गरी

तिनका निदान, योजना निर्माण तथा श्रोत परिचालनका निमित्त स्थानीय सरोकारवालहरूलाई प्रोत्साहित गर्ने छ । यस सन्दर्भमा विद्यालय सुधार योजना तथा शिक्षा योजनालाई संस्थागत रुप प्रदान गरिनेछ र पाँच जिल्लामा परीक्षण स्वरुप स्थानीय सरोकालहरूको सहभागितामा निर्मित योजनाबाट सफलतम पक्षलाई समेटेर अधिराज्यव्यापी रुपमा विस्तार गराईने छ । यिनै अनुभवका आधारमा जिल्ला शिक्षा योजना तथा विद्यालय सुधार योजनालाई अझ व्यावहरिक र प्रभावकारी बनाउने सन्दर्भमा तिनीहरूको पुनरावलोकनका लागि एकमुष्ठ अनुदानका रुपमा आर्थिक सहयोग उपलब्ध गराइनेछ । (वार्षिक शिक्षानीति कार्यन्वयन योजना : २०५९/०६०)

मुकन्दमणि खनाल र डा. सुशन आचार्यद्वारा लेखिएको शिक्षाको वित्तीयअर्थशास्त्र २०६० मा योजना तर्जुमादेखि योजना कार्यन्वयन र उपयोगसम्ममा शिक्षाका प्राथमिक सरोकारवाला व्यक्तिहरूलाई प्रत्यक्ष संलग्न गराई समताका आधारमा समाजका हरेक व्यक्तिलाई शैक्षिक लाभको भागिदार बनाउनु नै शैक्षिक विकेन्द्रीकरण हो भन्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा लेखकले विकेन्द्रीकृत शैक्षिक शर्तहरूमा कार्यमूलक विकेन्द्रीकरण, प्रशासनिक विकेन्द्रीकरण, प्रजातान्त्रिक विकेन्द्रीकरण, आर्थिक विकेन्द्रीकरण र संस्थागत विकेन्द्रीकरण भएको विषयमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा शैक्षिक विकेन्द्रीकरणबाट निम्न उपलब्धिहरू हासिल हुने कुरा उल्लेख गरिएको छ ।

क) स्थानीय नेतृत्वको विकास हुने ।

ख) स्थानीय आवश्यकताको पहिचान हुने ।

ग) सार्वजनिक सेवाको प्रभावकारी वितरण हुने ।

घ) श्रोत र साधनको उच्चतम परिचालन हुने ।

ङ) उपलब्ध श्रोतको उच्चतम परिचालन हुने ।

प्रस्तुत पुस्तकको विश्लेषण गर्दा केन्द्र, जिल्ला तथा नगरस्तरीय शैक्षिक योजनाले विद्यालयका स्थानीय आवश्यकता र चाहना समेट्न नसक्ने हुँदा विद्यालय आफैले आफ्नो शैक्षिक उन्नति र प्रगतिका लागि विद्यालय सुधार योजना बनाउने परिपाटीनै शैक्षिक विकेन्द्रीकरणको एउटा नमूना हो ।

डा. रामस्वरुप सिन्हाद्वारा लिखित शैक्षिक परिदृष्य(२०६७) नामक पुस्तकमा लेखकले शैक्षिक सेवाहरूको प्रभावकारी प्रवाहीकरणका लागि शैक्षिक विकेन्द्रीकरणलाई मुख्य मार्गदर्शक सिद्धान्तको रुपमा निम्न अनुसार चर्चा गर्नु भएको छ ।

नेपाल संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायको एउटा जिम्मेवार राष्ट्रको हैसियतले “सहस्राब्दी विकास लक्ष्यहरू” (MDGS) सबैका लागि शिक्षा” श्रम सँगठन तथा सार्कक्षेत्रका अभिसन्धिहरू लगायत २० वटाभन्दा बढी दस्तावेजहरूको हस्ताक्षर पक्ष बनी प्रतिवद्धता जाहेर गरेको सन्दर्भमा त्यसै को कार्यान्वयनका लागि नेपालको अन्तरिम संविधान २०६३को भाग ३ र धारा १७ अर्न्तगत मौलिकअधिकारको रुपमा शिक्षा तथा संस्कृतिक सम्बन्धी अधिकारको व्यवस्था गरेको छ । प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारित शिक्षा पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई राज्यबाट व्यवस्था भएबमोजिम माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । यसका लागि निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था विद्यार्थी सहुलियत र सुविधा वृद्धि, शिक्षामा समावेशीकरण, वैकल्पिक शिक्षाको व्यवस्था तथा शैक्षिक अवसरमा व्यापकता ल्याउनुपर्ने हुन्छ । शिक्षाको अवसर जनताको घर दैलोमा पुऱ्याउपर्दछ । लक्षित समूह र सीमान्तकृत समूहको पहिचान गरी मागमा आधारित शैक्षिक सेवाहरूको प्रवाह गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीय समुदायको सशक्तीकरण र आवश्यकतामा आधारित विद्यालय सुधार योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्दछ ।

समग्रमा उल्लिखित पुस्तक, पत्रपत्रिका, लेख, रचना तथा अनुसन्धानको प्रतिवेदनजस्ता साहित्यको अध्ययनबाट विद्यालय सुधार योजनाको खाका, योजना निर्माण गर्ने विधि, योजना कार्यन्वयनको तरिका सम्बन्धमा निष्कर्षमा पुगेको पाइएता पनि विद्यालय सुधार योजनाले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धी अनुसन्धान गरिएको पाइएन । बालबालिकाको सिकाइ उपलब्धिसँग प्रत्यक्ष समबन्धित रहेकाले यो एक नौलो र उपलब्धिपूर्ण अध्ययन हुने अपेक्षा गरिएको छ । विद्यालयको मुख्य उद्देश्य बालबालिकाको सिकाइ उपलब्धिलाई वृद्धि गर्नु भएकाले यस विषयमा गरिएको अध्ययनले शिक्षा क्षेत्रका सरोकारवालाहरूलाई प्रत्यक्ष सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.२.अध्ययनको सैद्धान्तिक खाका

यो शोधकार्य गुणात्मक प्रकृतिको रहेको छ । गुणात्मक अनुसन्धान गर्दा सैद्धान्तिक अवधारणालाई आधार बनाइएको छ । विद्यालय सुधार योजना स्थानीय सरोकारवालाहरूको पूर्ण सहभागितामा तयार गरिने बिकेन्द्रीकृत योजना हो । विद्यालयहरूले आफ्नो व्यवस्थापकीय कुशलतालाई अभिवृद्धि गरी स्थानीय स्रोतको उच्चतम परिचालन गरेर अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न यस्तो योजना तयार गरी कार्यन्वयन गर्ने गर्दछन् । यस्तो योजनाको निर्माण, कार्यन्वयन र अनुगमन गर्ने स्थानीय उपभोक्ताहरूमा आपसी समन्वय, कामप्रति उत्प्रेरणा र उपलब्धिको आवश्यकता बोध भएको हुनुपर्दछ । शिक्षाविदहरूद्वारा प्रतिपादित विभिन्न सिद्धान्तहरूमध्ये विद्यालय सुधार योजना पनि कुनै न कुनै सिद्धान्तसँग अन्तर्सम्बन्धित रहेको छ । फेडरिक हर्ज बर्ग (१९५०) को प्रेरक र आरोग्य सिद्धान्त, अब्राहम मास्लो (१९४३) को अभिप्रेरणा सम्बन्धी सिद्धान्त, मेरी पार्कर फोलेट (१९६८) को मानब सम्बन्ध सिद्धान्त, जर्ज ओडीअर्न, कुन्टज तथा वाइरिच, एन्थोनी पइयाको उद्देश्यद्वारा व्यवस्थापन सिद्धान्तमा आधारित रहेर यो शोधकार्य तयार पारिएको छ ।

फेडरिक हर्ज बर्ग (१९५०) का अनुसार “वैयक्तिक बिकास, चुनौतीपूर्ण कार्य, उपलब्धि पहिचान र मान्यता, उत्तरदायित्व, उन्नति/प्रगती जस्ता तत्वले व्यक्तिलाई उत्कृष्ट कार्य गर्नका लागि अभिप्रेरित गर्दछ । यी तत्वहरूले व्यक्तिलाई सकारात्मक सन्तुष्टितर्फ लैजान्छ । यदि यो तत्वको अभाव हुने हो भने संस्थाका सरोकारवालाहरूमा असन्तुष्टिको मात्रा अधिक हुन गई कार्यकुशलतामा ह्रास आउँछ ।” हर्ज बर्गले यी तत्वहरूलाई अभिप्रेरणत्मक तत्वको रुपमा लिएका छन् । यसैगरी संस्थाको नीति, प्रसासनिक व्यवस्था, प्राविधिक, सुपरिवेक्षण, मातहतका व्यक्तिहरूसँगको सम्बन्ध, कार्यस्थिति, कामको सुरक्षा, तलब, भत्ता, सहभागिता, अपनत्वको अवस्था, पारदर्शिता जस्ता तत्वहरूले व्यक्तिलाई उत्कृष्ट कार्यसम्पादनको लागि अभिप्रेरित गर्दछ । जसलाई हर्ज बर्गले आरोग्य तत्वका रुपमा लिएका छन् । यी दुवै तत्वहरूले विद्यालयका सरोकारवालाहरूमा विद्यालयको व्यवस्थापन, योजना र कार्यक्रम अनुगमन गर्न अभिप्रेरित गर्दछ ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लो (१९४३) का अनुसार “मानिसका प्रसस्त इच्छा, चाहना र आवस्यकताहरू हुन्छन् । मानिस आफ्ना इच्छा र आवश्यकताहरूको परिपूर्तीका लागि अभिप्रेरित हुने गर्दछ । मानिसका अप्राप्त चाहनाहरू अनगिन्ति हुन्छन् जस्ले कहिल्यै पनि पूर्णता

पाउना सक्दैन । तल्लो स्तरका इच्छा र आवश्यकताहरूको परिपूर्ती भएपछि मानिस उच्च स्तरका आवश्यकतारुको परिपूर्तीका लागि उत्प्रेरित हुँदै जान्छ ।"

मास्लोले मानवीय आवश्यकताहरूको क्रमिक श्रृङ्खला तयार पारेका छन् । तल्लो स्तरको आवश्यकताको प्राप्तिपछि उच्चतम आवश्यकता प्राप्त नहुन्जेल मानिस निरन्तर उत्प्रेरित भइरहन्छ । उनले मानवीय आवश्यकतालाई आधारभूतबाट उच्चतर्फ क्रमश शारीरिक, सुसक्षात्मक, सामाजिक, आक्मसम्मान र आत्मसन्तुष्टि गरी पाँच भागमा बाढेका छन् । उनका अनुसार मानीस यीनै आवश्यकताहरूको प्राप्तिका लागि उत्प्रेरीत भइरहन्छ ।

मेरी पार्कर फोलेट (१९६८) का अनुसार "संगठित संस्थाको उत्पादकत्व बढाउन र उच्चतम् प्रतिफल हासिल गर्न संस्थामा काम गर्ने व्यक्तिहरूको भावना र चाहना बुझेर कामदार प्रसासक र व्यवस्थापक बिचको मानवीय सम्बन्ध बिकास गर्नु पर्दछ । मानवीय सम्बन्धको स्थापना गरी मनोबैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव, झगडा , कलुषित भावना आदिको समाप्ति गर्नु पर्दछ । संस्थामा जती धेरै राम्रो सँग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यतिनै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवम् प्रभावकारिता कायम हुन सक्छ ।" (फोलेट १९६८, कोईराला र श्रेष्ठ २०६३)

फोलेटको समन्वय सिद्धान्तले विद्यालय लगायत सँगठित संस्थाहरूको सुसञ्चालनको लागि उद्देश्यलाई स्पष्टरुपमा परिभाषित गर्ने नीति नियमको स्पष्टता गर्ने, संचार र उत्तरदायित्व स्पष्ट गर्ने, निरीक्षण तथा सुपरिवेक्षण कार्य व्यवस्थित गर्ने, कामदारलाई काम प्रति उत्प्रेरित गर्ने, एकीकृत विचार र धारणा स्थापित गर्ने, सामुहिक शक्ति सृजना गर्ने जस्ता प्रक्रिया र रणनीति अबलम्बन गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ । विद्यालय एउटा प्रशासनिक इकाइ र सामाजिक प्रक्रियाको अभिन्न अँग भएको हुँदा यस प्रक्रियालाई यान्त्रिक ढँगले नभई मानवीय ढँगले सञ्चालन गर्नु पर्दछ । यस सम्यन्त्र भित्र क्रियाशील सदस्यहरूको इच्छा चहाना एवम् विचारलाई सम्बोधन गर्दै प्रभावकारी ढँगले कार्यसम्पादन हुन सक्ने वातावरण निर्माण गर्न सकेमा संस्थाको चौतर्फी बिकास हुने धारणा मानवीय सम्बन्ध सिद्धान्तका पक्षपातिहरूको रहेको छ । चाहे योजना निर्माणको प्रक्रिया होस चाहे योजनाको कार्यन्वयन, आगमन पृष्ठपोषण होस्, शैक्षिक प्रणाली भित्र सरोकार राख्ने मानवीय पक्षहरूको वीचमा सुमधुर सम्बन्ध र कामप्रति

उत्प्रेरणा हुनु अपरिहार्य हुन्छ । पेशागत, प्रणालीगत र प्रजातान्त्रिक शैक्षिक व्यवस्थापनबाट मात्र यस्तो सम्बन्ध र उत्प्रेरणा स्थापित हुन गई विद्यालयको समग्र विकास अगाडि बढ्न सक्दछ । यस प्रकार शैक्षिक व्यवस्थापनको एक अभिन्न अंगको रुपमा रहेको विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन र बालबालिकाहरूको सिकाइ उपलब्धिमा त्यसले पार्ने प्रभावको अध्ययन गर्न मानवीय सम्बन्ध र उत्प्रेरणा सम्बन्धी केही सैधान्तिक दृष्टिकोणहरूमा आधारित रहेर यो शोधकार्य तयार पारिएको छ ।

कुन्ट्ज तथा वाइरिचका अनुसार “उद्देश्यद्वारा व्यवस्थापन यस्तो व्यापक व्यवस्थापकीय प्रणाली हो जस्ले महत्वपूर्ण व्यवस्थापकीय क्रियाकलापहरूलाई सुव्यवस्थित ढँगले समन्वय गर्दछ । जो सँगठनात्मक तथा व्यक्तिगत उद्देश्यहरूको प्रभावकारी तथा दक्षतापूर्वक हासिल गर्ने तर्फ सचेत रुपमा उन्मुख हुन्छ ।” जर्ज ओडिअर्न का अनुसार “उद्देश्यद्वारा व्यवस्थापन एक यस्तो प्रक्रिया हो जहाँ सरोकारवालाहरूले सामान्य लक्षको संयुक्त रुपमा पहिचान गर्दछन् ।अपेक्षित नतिजाको आधारमा प्रत्येक व्यक्तिको मुख्य उत्तरदायित्वको क्षेत्र परिभाषित गरिन्छ र कर्य एकाइ एवम् हरेक सदस्यहरूको योगदानको मूल्याङ्कनको मार्गदर्शनको रुपमा ती मानकहरूको प्रयोग गरिनछ ।” एन्थोनी पी पइयाका अनुसार “उद्देश्यद्वारा व्यवस्थापन उपलब्धिमूलक दर्शन हो जसले लक्ष्य प्राप्ति तथा परिणामलाई जोडदिन्छ । यो यस्तो दर्शन हो जसले संस्थाको हरेक तहका सरोकारवालाहरूको सहभागिता वढाउन प्रेरित गर्दछ । यस्तो सहभागितामुलक व्यवस्थापन शैली तात्कालीन समाजको आवश्यकता र मागसँग सुसङ्गत हुन्छ” ।

## २.३ शैक्षिक उपादेयता

बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधारयोजनाले पारेको प्रभाव सम्वन्धी यो अनुसन्धान सामुदायिक विद्यालयका लागि सहयोगी सिद्ध हुने अपेक्षा गरिएको छ । यो अनुसन्धानले शिक्षाक्षेत्रमा गरिएको लगानीलाई अधिकतम सदुपयोग गरी लगानी खेरजान नदिन मद्धत पुर्‍याउने आशा लिइएको छ । यसले गुणस्तरीय शिक्षा प्रदान गर्न, बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउन, कक्षा कोठामा शिक्षक विद्यार्थीद्वारा शैक्षिक सामग्री प्रयोगको अवस्थामा बृद्धि गर्न, विद्यालयमा शिक्षकद्वारा आवधिक शैक्षिक योजना निर्माण र प्रयोगको अवस्थामा बृद्धिगर्न समेत यो शोधकार्यले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

यस अध्ययनमा उल्लेख गरिएका पूर्व साहित्यको अध्ययनले शिक्षण सिकाइमा सुधारगर्नका लागि विद्यालयको राम्रो व्यवस्थापन हुनु पर्दछ, विद्यालयका सरोकारवालाको उत्प्रेरणाबाट मात्र विद्यालयको उचित व्यवस्थापन गर्न सकिन्छ र विद्यालय सुधार योजना नै उद्देश्यमूलक ढंगमा विद्यालय व्यवस्थापन गर्ने उत्तम उपाय हो भन्ने कुरालाई पुष्टि गर्दछ । यस शोधकार्यमा उल्लेख गरिएका सिद्धान्त र यस विषयसँग सम्वन्धीत पूर्व साहित्यको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने राज्यले उपलव्ध गराउनु पर्ने सेवा सुविधाहरूको व्यवस्थापन गर्न स्थानीय उपभोक्ता स्वयम् उत्प्रेरित भई उद्देश्यपूर्ण विधिबाट सक्रिय हुनुपर्दछ ।

सरकारले नै विद्यालयको सम्पूर्ण व्यवस्थापन गर्नु पर्दछ भन्ने परम्परागत मान्यतामा आमुल परिवर्तन ल्याई विद्यालयले स्थानीय सरोकावालाहरूको सहभागितामा विद्यालय सुधार योजनाको माधयमबाट आफ्नो विद्यालयका आवस्यकताहरू सम्वोधन हुनेगरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

विद्यालयका स्थानीय आवस्यकताको पहिचान गरी स्थानीय सरोकारवालाहरूको पूर्ण सहभागितामा निर्माण र कार्यान्वयन गरिने योजनाले मात्र विद्यालयको शैक्षिक विकास संभव देखिन्छ । बालबालिकाहरूको सिकाइ उपलव्धिमा बृद्धिगर्न र सिकाइका लागि अनुकुल वातावरण निर्माणमा व्यवस्थापन पक्षको महत्वपूर्ण भुमिका रहन्छ । विभिन्न समयमा विभिन्न व्यक्ति तथा संस्थाहरूले गरेको अध्ययन अनुसन्धानको निष्कर्षले के पुष्टि गर्दछ भने विद्यालयमा शैक्षिक विकास गर्न र बालबालिकाहरूको सिकाइ उपलव्धि बृद्धिगर्न सङ्गठित, स्व निर्मित एवम् सहभागितामूलक योजनाबाट मात्र संभव रहेको हुन्छ । यस्तो सहभागितामूलक योजना नै विद्यालय सुधार योजना हो ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

कुनैपनि शोधकार्य गर्नुभन्दा अगाडि एउटा व्यवस्थित एवम तार्किक योजनाको निर्माण गरिन्छ जसले अनुसन्धानलाई कसरी अगाडि वढाउने भन्ने कुरा स्पष्ट मार्गनिर्देश गर्दछ । प्रस्तुत "बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना" शीर्षकमा तयार पारिएको शोधकार्यमा वर्णनात्मक र परिमाणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमूना

### ३.२.१ जनसङ्ख्या

दमक नगरपालिका क्षेत्रभित्र रहेका जम्मा २२ वटा सामुदायिक विद्यालयहरू र ती विद्यालयसँग सम्बन्धित प्र.अ., विव्यास अध्यक्ष र सदस्यहरू, शिक्षक अभिभावकसंघका संयोजक र पदाधिकारी, शिक्षक, बिद्यार्थी, अभिभावक, स्रोतव्यक्ति एवम् स्थानीय बुद्धिजीवी समेतलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

दमक न.पा. भित्र रहेका जम्मा २२ वटा सामुदायिक विद्यालयहरूमध्ये २ वटा उमावि (श्री हिमालय उमावि र श्री सरस्वती उमावि), २ वटा मावि (श्री पाणिनि मावि र श्री पशुपति मावि), ३ वटा निमावि (श्री दिपिनी निमावि), (श्री कृष्ण निमावि), (श्री पशुपति निमावि) तथा ( श्री सगरमाथा प्रावि) लाई नमूना विद्यालयको रुपमा छनौट गरिएको थियो । जसमध्ये प्रत्येक विद्यालयबाट एक / एक जना प्र.अ. गरी जम्मा ८ जना, उच्च मा.वि. र मा.वि.बाट ६/६ जना शिक्षक, नि.मा.वि.बाट ३ / ३ जना शिक्षक र प्रा.वि. बाट २ जना गरी जम्मा ३५ जना शिक्षक, उ.मा.वि. र मा.वि.बाट ७/७ जना, नि.मा.वि.बाट ५/५ जना र प्रा.वि.बाट १ जना गरी जम्मा ४४ जना विद्यार्थी, उ.मा.वि. र मा.वि.बाट १/१ जना वि.व्य.स. अध्यक्ष, १/१ जना शि.अ.सं. का संयोजक, ३/३ जना वि.व्य.स. सदस्य, नि.मा.वि.बाट १/१ जना वि.व्या.स. अध्यक्ष, १/१ जना शि.अ.सं. का संयोजक र २/२ जना वि.व्या.स. सदस्य र सगरमाथा प्रा.वि.बाट १ जना

वि.व्या.स. अध्यक्ष गरी जम्मा ३३ जना व्यवस्थापन पदाधिकारी र १ जना स्रोत व्यक्ति समेत जम्मा १२१ जना सरोकारवालाहरूलाई नमूनाका रुपमा लिइएको छ ।

### ३.२.३ नमूना छनौट विधि

यस शोधकार्यको लागि आवश्यकपर्ने तथ्याङ्क संकलन गर्न नमूना छनौटमा परेका ८ वटै विद्यालयका प्र.अ., विव्यास अध्यक्ष, शि.अ. संघका संयोजक र स्रोतव्यक्तिको छनौट उद्देश्यपूर्ण बिधिद्वारा गरिएको छ भने विद्यार्थी, विव्यास सदस्य तथा शिक्षकको छनौट गर्दा सामान्य सम्भावनायुक्त छनौट विधिको प्रयोग गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरू

यस शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन तथ्याङ्क संकलन गर्ने प्रयोजनको लागि प्रश्नावली, रुजुसुची, बिद्यार्थीहरूको अद्यावधिक अभिलेख, बैठक पुस्तिका, Flash I तथा Flash II र तथ्याङ्क संकलन फारमको प्रयोग गरिएको छ ।

### ३.३.१ प्रश्नावली र रुजुसूची

यस शोधकार्यको तयारीको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्न ८ वटै विद्यालयका प्र.अ., शिक्षक, बिद्यार्थी, अभिभावक, विव्यास तथा शि.अ.संघका पदाधिकारी प्रत्येकलाई अलग अलग प्रश्नावली भर्न दिइएको थियो । यसबाट प्राप्त अभिमतलाई तथ्याङ्कको रुपमा उपयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस शोधकार्यका लागि प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्कका स्रोतहरूको उपयोग गरिएको छ ।

### ३.४ .१ तथ्याङ्कका प्राथमिक स्रोतहरू

दमक नगरपालिका भित्र सञ्चालनमा रहेका २२ वटा सामुदायिक विद्यालयहरूमध्ये नमूनामा परेका विद्यालयका बिद्यार्थी, प्र.अ, विव्यास र शिअसंघका पदाधिकारी, अभिभावक,

स्रोतव्यक्ति, नपा प्रतिनिधिलाई प्रश्नावली भर्न लगाएर तथा रुजुसूचीको प्रयोग शोधकर्ता स्वयम्ले गरेर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

**३. ४. २ तथ्याङ्कका द्वितीय स्रोतहरू**

नमूनामा परेका विद्यालयका विद्यार्थीभर्ना विवरण, वैठक पुस्तिका, कक्षागत र बिषयगत औषत उपलव्धि अभिलेख, कक्षागत उत्तीर्णदर विश्लेषण अभिलेख, Flash I / Flash II, SIP निर्माणमा सहभागीहरूको छलफल र निर्णय पुस्तिकालाई तथ्याङ्कका द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि

यस शोधकार्यसँग सम्बन्धित तथ्याङ्क संकलन गरिसकेपछि तालिकीकरण गर्ने, प्रतिशतमा प्रस्तुत गर्ने, स्तम्भ चित्रमा देखाउने, तुलनात्मक अन्तर देखाउने, गुणात्मक वर्णनगर्ने कार्यगरी विश्लेषण गरिएको छ । प्रत्येक शीर्षक अनुसारका गणितीय विश्लेषणहरूलाई शोधकार्यको आधारको रुपमा लिइएका सिद्धान्तहरूसँग तुलना गर्दै निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

# परिच्छेद चार
# नतिजाको छलफल

यस परिच्छेदमा झापा जिल्ला दमक नगरपालिका भित्र रहेका ८ वटा सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको अवस्थाले बालबालिकाको सिकाइ उपलब्धिमा परेको प्रभावको लेखाजोखा गर्न आवश्यक सूचनाहरूलाई समावेश गरी संकलित तथ्याङ्कहरूलाई निम्न अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ विद्यालय सुधार योजनाको आवश्यकता विश्लेषण

अध्ययन क्षेत्रभित्र नमूनाको रुपमा छनौटमा परेका सामुदायिक विद्यालयका जम्मा १०२ जना सरोकारवालाहरूमा विद्यालय सुधार योजनाको आवश्यकता महसुस भए नभएको सम्बन्धमा अभिमत लिदा निम्न अनुसारको परिणाम प्राप्त भएको पाइयो ।

प्राप्त अभिमतको आधारमा जम्मा १२१ जना सरोकारवालाहरू मध्ये १०० जना ( ८२.६४%) सरोकारवालाहरूबाट विद्यालयमा विद्यालय सुधार योजनाको आवश्यकता रहेको धारणा व्यक्त भएको पाइयो भने जम्मा २१ जना (१७.३५%) बाट यस योजनाको आवश्यकता नभएको धारणा पाइयो । योजना निर्माणमा प्राविधिक सीपको आवश्यकता पर्ने, विद्यालयमा पर्याप्त शिक्षक दरबन्दीको अभाव हुँदा काममा लाग्न नसकिने र व्यवस्थापन समिति पनि पूर्ण रुपमा सक्षम भइनसकेको अवस्थामा यसलाई झन्झटको रुपमा १७.३५% सरोकारवालाले लिएको पाइयो । उक्त तालिकाको आधारमा अध्ययन क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयनमा लगिएको पाइयो ।

## ४.२ विद्यालय सुधार योजना निर्माण प्रक्रियाको विश्लेषण

यस शोधकार्यको अध्ययनको क्रममा झापा जिल्ला दमक नगरपालिका भित्र सञ्चालनमा रहेका जम्मा २२ वटा सामुदायिक विद्यालयहरू मध्ये नमूना छनौटमा परेका ८ वटा विद्यालयमा विद्यालय सुधार योजना निर्माण प्रक्रिया के कस्तो रहेको छ ? भनी सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका

पदाधिकारी, विद्यार्थी, अभिभावक, स्रोतव्यक्तिसँग प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरियो । नमूना छनौटमा परेका सबै विद्यालयका सरोकारवालाहरूबाट आ-आफ्नो विद्यालयमा वार्षिक रुपमा एक पटक विद्यालयका आवश्यकता अनुसार आगामी वर्षका लागि कार्यक्रम समेटेर विद्यालय सुधार योजना निर्माण गर्ने गरिएको जानकारी प्राप्त भयो । प्रत्येक शैक्षिक सत्रको सुरुमा विद्यालय सुधार योजना निर्माण गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको नेतृत्वमा शिक्षक प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी, स्थानीय बुद्धिजीवी, अभिभावक, विद्यार्थी समेतको सहभागितामा विद्यालय सुधार योजना निर्माण उपसमिति गठन गरी सो समितिले तयार पारेको योजनाको मस्यौदालाई अभिभावक भेलाको छलफलबाट अनुमोदन गरी विद्यालयमा कार्यान्वयनमा लगिएको पाइयो ।

अतः नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागद्वारा तयार पारिएको विद्यालय सुधार योजना निर्देशिकामा उल्लिखित मापदण्डहरू समावेश गरी विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन भएकाले अध्ययन क्षेत्रका विद्यालयहरू निश्चित लक्ष्य र कार्यक्रमका साथ अघि बढेको पाइयो ।

## ४.३ विद्यालय सुधार योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको सहभागिता विश्लेषण

यस शोधकार्यको लागि विद्यालय सुधार योजना निर्माण प्रक्रियामा स्थानीय सारोकारवाहहरूको सहभागिताको अध्ययन गर्ने क्रममा विद्यालयको चौतर्फी विकासमा अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुरालाई आत्मसात गरेको पाइयो । अध्ययन क्षेत्रको नुमना छनौटमा परेका विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण प्रक्रियामा स्थानीय अभिभावक र सरोकारवालाहरूको सहभागिता निम्न अनुसार रहेको देखिन्छ ।

तालिका १

विद्यालय सुधार योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको सहभागिता स्थिति

| क्र. सं. | विद्यालयको नाम | विद्यालय सुधार योजना निर्माणमा सहभागिको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षक | अभिभावक | प्र.अ. | विव्यस/शिअसं. पदाधिकारी | विद्यार्थी | जम्मा |
| १. | हिमालय उमावि | ४ (१९.०४%) | ७ (३३.३३%) | १ (४.७६%) | ८ (३८.०९%) | १ (४.७६%) | २१ |
| २. | सरस्वती उमावि | ३ (२१.४२%) | ५ (३५.७१%) | १ (७.१४%) | ५ (३५.७१%) | - | १४ |
| ३. | पाणिनी मावि | २ (२०%) | २ (२०%) | १ (१०%) | ४ (४०%) | १ (१०%) | १० |
| ४. | पशुपति मावि | १ (११.११%) | ३ (३३.३३%) | १ (११.११%) | ४ (४४.४४ %) | - | ९ |
| ५. | दिपिनी निमावि | ३ (३० %) | २ (२०%) | १ (१० %) | ४ (४०%) | - | १० |
| ६. | कृष्ण निमावि | ४ (३३.३३ %) | ३ (२५%) | १ (८.३३%) | ३ (२५%) | १(८.३३ %) | १२ |
| ७. | पशुपति निमावि | ४ (२६.६६%) | ४ (२६.६६%) | १ (६.६६%) | ६ (४०%) | - | १५ |
| ८. | सगरमाथा प्रावि | ३ (२७.२७%) | ३ (२७.२७%) | १ (९.०९%) | ४ (३६.३६%) | - | ११ |
| | जम्मा | २४(२३.५२%) | २९ (२८.४३ %) | ८ (७.८४ %) | ३८ (३७.२५%) | ३ (२.९४%) | १०२ |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

प्रस्तुत तालिका अनुसार हिमालय उच्च माविको विद्यालय सुधार योजना निर्माण प्रकियामा सबै भन्दा बढी २१ जना सरोकारवालाहरूको सहभागिता रहेको पाइयो । अध्ययन गरीएका ८ वटा विद्यालय हरूका कुल १०२ जना सरोकारवालासँग प्रश्नावली मार्फत जानकारी संकलन गरिएकोमा यस विद्यालयमा योजना निर्माण कार्यमा २१ जना (२०.५८%) सहभागी भएको पाइयो । विद्यालय सुधार योजना निर्माण प्रक्रियामा सहभागी २१ जना मध्ये शिक्षक ४ जना (१९.०४) अभिभावक ७ जना (३३.३३ %) प्रधानाध्यापक र विद्यार्थी १/१ जना ४.७६ %) र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी ८ जना (३८.०९%) रहेको पाइयो । विद्यालयमा १०७२ जना विद्याथीहरू रहेकोमा जम्मा ८ जना मात्र अभिभावकहरू विद्यालय सुधार योजना निर्माण प्रक्रियामा संलग्न हुँदा विद्यालयप्रति अभिभावकको आकर्षण र चासो न्यून रहेको प्रस्ट हुन्छ । यसैगरी १०७२ जना विद्यार्थीहरूको प्रतिनिधिको रुपमा जम्मा १ जना विद्यार्थीलाई मात्र योजना निर्माण प्रक्रियामा सहभागी गराउँदा योजनामा विद्यार्थीका वास्तविक आवश्यकताहरू प्रतिविम्बित हुन नसक्ने देखिन्छ ।

यसैगरी श्री सरस्वती उच्च मा.वि.को विद्यालय सुधार योजना निर्माण प्रक्रियामा जम्मा १४ जना (३५.७१%), प्रधानाध्यापक १ जना (७.१४%) र व्यवस्थापन पदाधिकारी ५ जना (३५.७१%) रहेको देखिन्छ । विद्यालयमा जम्मा ११३० जना विद्यार्थीहरू रहेकोमा विद्यालय सुधार योजना निर्माण प्रक्रियामा एक जना पनि विद्यार्थीलाई सहभागी नगराइएको र जम्मा ५ जना मात्र अभिभावक संलग्न भएको पाइयो । विद्यालयका मुख्य सरोकारवाल भनेका विद्यार्थी र अभिभावकको संलग्नता कम भएको पाइयो । विद्यालयका मुख्य सरोकारवाला भनेका विद्यार्थी र अभिभावक हुन जसको शून्य तथा न्यून सहभागिताबाट निर्माण हुने विद्यालय सुधार र वालबालिकाहरूका आवश्यकता परिपूर्ति गर्न कठिन हुने देखिन्छ ।

श्री पणिनी मा.वि.को विद्यालय सुधार योजना निर्माण गर्दा जम्मा १० जना सरोकारवालाहरू मात्र सहभागी रहेको देखियो जसमध्ये शिक्षक २ जना (२०%), अभिभावक २ जना (२०%), अभिभावक २ जना (२०%), प्रधानाध्यापक १ जना (१०%), विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी ४ जना (४०%) र विद्यार्थी १ जना (१०%), संलग्न रहेको पाइयो । विद्यालयमा जम्मा २ जना अभिभावक र १ जना विद्यार्थी मात्र विद्यालय सुधार योजना निर्माण प्रक्रियामा सहभागी हुँदा योजनामा वास्तविक सरोकारवालाको पहुँच ज्यादै न्यून भएको देखिन्छ ।

पशुपति मा.वि.को विद्यालय सुधार योजना निर्माण गर्दा १ जना (११.११%) शिक्षक, ३ जना (३३.३३%) अभिभावक, १ जना प्रधानाध्यापक (११.११%) र ४ जना (४४.४४%) व्यवस्थापन पदाधिकारीहरू गरी जम्मा ९ जना मात्र सहभागी भएको पाइयो । विद्यालय सुधार योजनाको निर्माण प्रक्रियामा पनि कुनै विद्यार्थीलाई सहभागी गराइएको पाइएन भने शिक्षक, अभिभावक र व्यवस्थापन समितिका पदाधिकारीको सहभागिता समेत ज्यादै न्यून रहेको पाइयो । यसैगरी श्री दिपिनी नि.मा.वि.मा विद्यालय सुधार योजना निर्माण कार्यमा जम्मा १० जना सरोकारवाला सहभागि भएको देखिन्छ । जसमध्ये शिक्षक ३ जना (३०%), अभिभावक २ जना (२०%), प्रधानाध्यापक १ जना (१०%) र व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी जम्मा ४ जना (४०%) मात्र रहेको पाइयो । यस विद्यालय पनि योजना निर्माणमा विद्यार्थीहरू संलग्न गराएको पाइएन भने तुलनात्मक रुपमा अभिभावकको सहभागिता न्यून

रहेको पाइयो । यसैगरी कृष्ण नि. मा. वि. ले जम्मा १२ जना सरोकारवालाहरूको संलग्नतामा विद्यालय सुधार योजना निर्माण गरेको पाइयो जसमध्ये शिक्षक ४ जना (३३.३३%), अभिभावक ३ जना (२५%), व्यवस्थापन पदाधिकारी ३ जना (२५%) एक जना प्रधानाध्यापक र १ जना (८.३३%) विद्यार्थी संलग्न रहेको पाइयो ।

श्री पशुपति नि.मा.वि.को विद्यालय सुधार योजना निर्माण प्रक्रिया कुल १५ जना सरोकारवाला संलग्न रहेको पाइयो जसमध्ये ४ जना शिक्षक (२६.६६%), अभिभावक ४ जना (२६.६६%), प्रधानाध्यापक १ जना (६.६६%) र व्यवस्थापन पदाधिकारी ६ जना (४०%) रहेको पाइयो । यस विद्यालयमा जम्मा ३२७ जना बालबालिकाहरू अध्ययन गरिरहेकोमा विद्यालय सुधार योजना निर्माण गर्दा कुनै पनि विद्यार्थीलाई सहभागी गराइएको पाइएन भने अभिभावकहरूको सहभागिता समेत न्यून रहेको पाइयो । यसैगरी सगरमाथा प्रा.वि.को विद्यालय सुधार योजना निर्माण प्रक्रियामा कुल ११ जना सरोकारवालाको सहभागिता रहेको पाइयो । जसमध्ये शिक्षक ३ जना (२७.२७%), अभिभावक ३ जना (२७.२७%), प्रधानाध्यापक १ जना (९.०९%) र व्यवस्थापन पदाधिकारी ४ जना (३६.३६%) रहेको पाइयो ।

प्रस्तुत तालिकाको अध्ययनको आधारमा विद्यालय सुधार योजना निर्माण प्रक्रियामा कुनै पनि विद्यालयले स्थानीय बुद्धिजीवी, स्थानीय निकायका प्रतिनिधि, स्रोतव्यक्ति र जिल्ला शिक्षा कार्यालयका प्रतिनिधिलाई सहभागी गराइएको पाइएन भने विद्यालयका शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी र केही सिमित संख्यामा अभिभावक र बिद्यार्थीको सहभागितामा योजना निर्माण गरेको पाइयो । अतः विद्यालयका शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन पदाधिकारीहरूले विद्यालयका आमउपभोक्ताको राय सुझाव र आवश्यक्ताको आधारमा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । उलिखित तालिकाको अध्ययन गर्दा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाको सहभागिता रुचि र उत्प्रेरणा पर्याप्त हुन सकेको देखिदैन जसले गर्दा विद्यालयले निर्धारण गरेको लक्ष्य उद्धेश्य र कार्यक्रमको कार्यान्वयन र प्रभावकारितामा ह्रास आई अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न कठिन हुने देखिन्छ ।

## ४.४ विद्यालय सुधार योजना सामेल गरिएका कार्यक्रमको बिश्लेषण

विद्यालय सुधार योजनाले बिगतका योजनाले.पारेको चौतर्फी प्रभावले तुलनात्मक अध्ययन गरी भाबी योजनामा कायक्रमहरू संलग्न गर्ने कुरालाई सहजता प्रदान गरेको पाइन्छ । अध्ययन गरिएका विद्यालयहरूमा निर्माण भएका विद्यालय सुधार योजनामा बालबालिकाहरूको सिकाइ उपलब्धि बृद्धिगर्न केही निश्चित कार्यक्रम सामेल गरिएको पाइयो । विद्यालय सुधार योजनाको मुख्य अङ्गको रुपमा रहने कायक्रम तथा रणनीति र अनुगमन योजनाको अध्ययनबाट निम्न अनुसारको सूचना प्राप्त भयो ।

तालिका २

विद्यालय सुधार योजनामा सामेल गरिएका शैक्षिक कार्यक्रमहरू

| क. सं. | कार्यक्रमहरू | हिमावि | सरस्वती | पणिनी | पशुपति | दिपिनी | कृष्ण | पशुपति | सगरमाथा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट नियमित अनुगमन गर्ने | √ | – | – | – | √ | – | √ | √ |
| २ | विद्यार्थीलाई नियमितत गृहकार्य दिई त्यसको अनिवार्य परीक्षण र पृष्ठपोषण दिने | √ | √ | – | √ | √ | √ | – | √ |
| ३ | पाठ योजनाको आधारमा कक्षा शिक्षण गर्ने | √ | √ | √ | √ | √ | √ | √ | – |
| ४ | शैक्षिक सामग्रीको प्रयोगलाई अनिवार्य बनाउने | √ | √ | √ | √ | √ | √ | √ | – |
| ५ | अभिभावकसँग सिकाइ र उपलब्धि सम्बन्धमा निरन्तर अन्तरक्रिया गर्ने | √ | √ | √ | – | – | √ | √ | – |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा विद्यार्थीको सि.उ.को सम्बन्धमा नियमित छलफल गर्ने | – | √ | – | – | √ | √ | – | – |
| ७ | बालबालिकाहरूको सहपाठी सिकाइ समूह निर्माण गरी स्वसिकाइको अवसर प्रदान गर्ने | √ | √ | – | √ | √ | √ | – | – |
| ८ | आवधिक परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीलाई पृष्ठपोषण दिने | √ | √ | √ | – | – | – | √ | √ |
| ९ | अतिरिक्त कक्षा सञ्चालन गर्ने | √ | √ | √ | √ | √ | – | √ | – |
| १० | राम्रो सिकाइ उपलब्धि ल्याउने शिक्षकलाई पुरस्कृत गर्ने | – | √ | √ | √ | √ | – | √ | √ |

स्रोत : विद्यालयको अनुगमन योजना, २०६९

प्रस्तुत तालिका नं. २ को अध्ययन गर्दा अध्ययन क्षेत्रभित्र रहेका जम्मा ८ वटा विद्यालयहरू मध्ये प्रधानाध्यापक एवम् व्यवस्थापन समितिबाट विद्यालयको शैक्षिक गतिविधिको

नियमित अनुगमन गर्ने कार्य योजनालाई ४ वटा (५०%) विद्यालयले आ-आफ्नो कार्यक्रममा सामेल गरी कार्यान्वयनमा ल्याएको पाइयो । विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरूलाई अनिवार्य रुपमा गृहकार्य दिई विद्यार्थीलाई दिएको गृहकार्यको परीक्षण र पृष्ठपोषण गर्ने कार्यक्रमलाई ६ वटा (७५%) विद्यालयले कार्यान्वयन गरेको पाइयो भने ७ वटा (८७.५०%) विद्यालयहरूले दैनिक, मासिक र वार्षिक शिक्षण योजनाको आधारमा शिक्षण गर्नुपर्ने कार्यक्रमलाई आफ्नो विद्यालय सुधार योजनामा सामेल गरेको पाइयो । विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई शैक्षिक सामाग्रीयुक्त बनाउने कार्यक्रमलाई पनि ७ वटा (८७.५०%) विद्यालहरूले कार्यान्वयनमा ल्याएको पाइयो । यसैगरी नियमित रुपमा अभिभावक भेला गराई बालबालिकाहरूको सिकाइ उपलब्धि सम्बन्धमा छलफल र अन्तरक्रिया योजनामा उल्लेख गरेको पाइयो भने व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा बालबालिकाहरूको सिकाइ उपलब्धिको सम्बन्धमा छलफल र विश्लेषण गरी सुधारका प्रयासलाई अगाडि बढाउने कार्यक्रमलाई ३ वटा (३७.५०%) विद्यालयले लागु गरेको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयहरूमा लागू गरिएका शैक्षिक कार्यक्रमहरूको विश्लेषण गर्दा बालबालिकाहरूको सहपाठी सिकाइ समूह निर्माण गरी स्वसिकाइ वातावरणको विकास गर्न ५ वटा (६२.५०%) विद्यालयहरूले कार्य तर्जुमा गरेको देखिन्छ भने ५ वटा (६२.५०%) विद्यालयहरूले आवधिक परीक्षाहरूमा विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गरी सम्बन्धित विद्यार्थी र अभिभावकलाई आवस्यक परामर्श प्रदान गर्ने कार्यक्रम निर्धारण गरेको पाइन्छ । अध्ययन क्षेत्रका ६ वटा(७५%) विद्यालयहरूमा नियमित बाहेक अतिरिक्त कक्षा शिक्षणको माध्यमबाट बालबालिकाहरूको औषत सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रम निर्धारण गरेको पाइयो भने ५ वटा विद्यालयहरूले उच्चतम सिकाइ उपलब्धि हासिल गर्ने शिक्षकलाई अझ प्रोत्साहित गर्न पुरस्कार, प्रशंसापत्र, सम्मान आदि प्रदान गर्न कार्यक्रम निर्धारण गरी कार्यान्वयन गरेको पाइयो ।

प्रस्तुत शैक्षिक कार्यक्रमहरूको अध्ययन गर्दा विद्यालयहरूले मानवसम्बन्धको विकास, उत्प्रेरणा, सहभागिता, आवश्यकताको परिपूर्ति जस्ता मानवीय एवम् व्यवस्थापकीय तत्वहरूको माध्यमबाट शैक्षिक क्षतिलाई न्यूनीकरण गर्दै बालबालिकाहरूको उच्चतम सिकाइ उपलब्धि हासिल गर्ने कार्यक्रमहरू विद्यालय सुधारयोजनाको माध्यमबाट कार्यान्वयन गरिएको देखिन्छ ।

कार्यान्वयनमा ल्याइएका कार्यक्रमहरूको प्रभावकारिता वृद्धि गर्न र अपेक्षित उपलब्धि हासिल गर्न स्थानीय सरोकारवालाहरू अझ सक्रिय भई लाग्नुपर्ने देखिन्छ । कतिपय विद्यालयमा कार्यक्रम निर्धारण गरिएको भएतापनि कार्यान्वयनमा लगिएको पाइएन । अतः प्रत्येक विद्यालयले विद्यालय सुधार योजनामा निर्धारण गरिएका शैक्षिक कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ४.५ विद्यालय सुधार योजना कार्यान्वयनको वर्तमान अवस्था विश्लेषण

योजना निर्माण गर्नुको उद्देश्य प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पनि हो । योजना कार्यान्वयनको अवस्थाले योजना निर्माण गर्दाको प्रभावकारीतालाई स्पष्ट पार्दछ । विद्यालय सुधार योजनाका उद्देश्यलाई वार्षिक कार्ययोजना अनुरुप पूरा गर्न सकेको अवस्थाले विद्यालयको शैक्षिक तथा भौतिक सुधारलाई प्रतिविम्बित गर्दछ । अध्ययन क्षेत्रका विद्यालयमा सुधार योजनाको कार्यान्वयनको वर्तमान अवस्था बारे सम्बन्धित पक्षसँग प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरियो । विद्यालय सुधार योजनामा तर्जुमा गरिएका शैक्षिक, भौतिक, मानवीय र स्रोत पचािलन सँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन भए नभएको वर्तमान अवस्थालाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३

विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था

| क्र. सं. | विद्यालयको नाम | जम्मा कार्यक्रम संख्या | बजेट बिना गर्न सकिने कार्यक्रम संख्या | | | बजेट अन्तर्गतका कार्यक्रम संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यान्वयन भएका | कार्यान्वयन नभएका | जम्मा | कार्यान्वयन भएका | कार्यान्वयन नभएका | जम्मा |
| १. | हिमालय उमावि | ३४ | ८ | ५ | १३ | १४ | ७ | २१ |
| २. | सरस्वती उमावि | ४० | १० | ८ | १८ | १५ | ७ | २२ |
| ३. | पाणिनी मावि | २८ | ११ | ६ | १७ | ८ | ३ | ११ |
| ४. | पशुपति मावि | २० | ९ | ४ | १३ | ५ | २ | ७ |
| ५. | दिपिनी निमावि | २६ | १५ | ३ | १८ | ६ | २ | ८ |
| ६. | कृष्ण निमावि | २९ | १४ | ४ | १८ | ८ | ३ | ११ |
| ७. | पशुपति निमावि | २७ | १३ | ३ | १६ | ७ | ३ | १० |
| ८. | सगरमाथा प्रावि | ३१ | १५ | ५ | २० | ९ | २ | ११ |
| | **जम्मा** | २३५ | ९५ (७१.४२%) | ३८ (२८.५८%) | १३३ (१००%) | ७२ (७१.२८%) | २९ (२८.७२%) | १०२ (१००%) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

प्रस्तुत तालिका ३ को अध्ययन गर्दा हिमालय उच्च माविको विद्यालय सुधार योजनामा सामेल गरिएका जम्मा ३४ वटा कार्यक्रमहरूमध्ये बजेट बिना कार्यान्वयन गर्न सकिने १३ वटा (३८.२%) र बजेट अन्तर्गत कार्यान्वयन गरिने २१ वटा (६१.७७%) कार्यक्रम रहेको पाइयो । बजेटबिना कार्यान्वयन गर्न सकिने जम्मा १३ वटा कार्यक्रमहरूमध्ये ८ वटा (६१.५३%) कार्यक्रम कार्यान्वयन भएका र ५ वटा (३८.४६%) कार्यान्वयन हुन नसकेको पाइयो । यसैगरी बजेट अन्तर्गत जम्मा २ वटा कार्यक्रमहरू मध्ये १४ वटा (६६.६६%) कार्यान्वयन भएका र ७ वटा ( ३३.३३%) कार्यान्वयन हुन नसकेको पाइयो । उक्त विद्यालयले विद्यालय सुधार योजनामा सामेल गरेका जम्मा ३४ वटा कार्यक्रमहरूमध्ये बजेट विना गर्न सकिने ८ वटा र बजेट अन्तर्गत कार्यान्वयन गर्न सकिने १४ वटा गरी कूल २२ वटा (६४.७०%) कार्यक्रम कार्यान्वयन भएका र १२ वटा (३५.३०%) कार्यक्रम कार्यान्वयन हुन नसकेको पाइयो । श्री सरस्वती उच्च माविले आफ्नो विद्यालय सुधार योजनामा जम्मा ४० वटा कार्यक्रम निर्धारण गरेकोमा बजेटबिना १८ वटा र बजेटसहितका २२ वटा कार्यक्रम रहेको पाइयो । यस विद्यालयले निर्धारण गरेका बजेटरहित कार्यान्वयन गरिने १८ वटा कार्यक्रमहरूमध्ये १० वटा (५५.५५%) कार्यान्वयन भएका र ८ वटा (४४.४५%) कार्यक्रम कार्यान्वयन नभएको पाइयो भने बजेट अन्तर्गतका जम्मा २२ वटा कार्यक्रमहरूमध्ये १५ वटा (६८.१८%) कार्यान्वयन भएका र ७ वटा (३१.८२%) कार्यक्रम हुन नसकेको पाइयो । पाणिनी माविले विद्यालय सुधार योजनामा निर्धारण गरका २८ वटा कार्यक्रमहरूमध्ये बजेटबिना गर्न सकिने १७ वटा र बजेटसहितका ११ वटा कार्यक्रम रहेको पाइयो । बजेट बिनाका जम्मा १७ वटा मध्ये ११ वटा ६४.७०%) कार्यक्रम कार्यान्वयन भएका र बजेटसहितका जम्मा ११ वटा मध्ये ८ वटा (७२.७२%), कार्यक्रम कार्यान्वयन भएको पाइयो ।

श्री पशुपति मा.वि.ले विद्यालय सुधार योजनामा सामेल गरेका जम्मा २० वटा कार्यक्रममध्ये बिना बजेटका १३ मध्ये ९ वटा र बजेटतर्फका ७ मध्ये ५ वटा गरी जम्मा १४ वटा (७०%) कार्यक्रम कार्यान्वयन भएको पाइयो । यसैगरी दिपिनी नि.मा.वि.का जम्मा २६ वटा मध्ये बजेटबिना गर्न सकिने र बजेटसहित गर्न सकिने गरी जम्मा २१ व टा (८०%) कार्यक्रम कार्यान्वयन भएको पाइयो भने कृष्ण नि.मा.वि.का २९ वटा मध्ये २२ वटा (७५%) पशुपति

नि.मा.वि.का २७ वटा मध्ये २० वटा (७४%) र सगरमाथा प्रा.वि.का जम्मा ३१ मध्ये २४ वटा (७७.४१%) कार्यक्रम कार्यान्वयन भएको पाइयो ।

विद्यालयहरूमा कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा सडक नाटक, शिक्षक अभिभावक अन्तरक्रिया, सिकाइ उपलब्धिको नियमित विश्लेषण, शिक्षकबाट शैक्षिक योजना निर्माण र कार्यान्वयन, कक्षा शिक्षणमा शैक्षिक सामग्रीको पर्याप्त प्रयोग जस्ता बजेटबिना गर्न सकिने कार्यक्रमहरू समेत कार्यान्वयन नभएको पाइयो भने नयाँ कक्षा कोठाको निर्माण र मर्मत, शौचालय निर्माण, पिउने पानीको व्यवस्थापन, विद्यालय हाताको घेराबार, साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप संचालन, शिक्षक तालिम र पुरस्कार जस्ता बजेट आवस्यक पर्ने कार्यक्रमहरू कार्यान्वयन नभएको पाइयो । यस्ता कार्यक्रम कार्यान्वयन हुन नसक्नुमा आर्थिक स्रोतको अभाव, स्थानीय सरोकारवालको विद्यालयप्रतिको न्यून चासो, शिक्षक एवम् अभिभावकहरूमा उत्प्रेरणाको कमी जस्ता पक्षलाई मुख्य कारण मानिएको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयहरूले आफ्नो विद्यालय सुधार योजनामा समावेश गरेका कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु सम्पूर्ण सरोकारवालाहरूको दायित्व भएता पनि समग्रमा विद्यालय सुधार योजनाको सफल कार्यान्वयन हुन नसक्नुमा स्रोतको अभाव, योजना निर्माण र कार्यान्वयनमा सरोकारवालको न्यून सहभागिता, योजना निर्माण र कार्यान्वयनमा प्रधानाध्यापकको कमजोर कार्य सम्पादन क्षमता, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको दक्षता र अनुभवको कमी जस्ता मुख्य कारणहरू रहेको पाइयो । विद्यालयको प्रशासन र पारदर्शिता, व्यवस्थापनमा सुशासन, सहभागिता र जवाफदेहिताको प्रत्याभुति प्रदान गरी स्थानीय सरोकारवालालाई विद्यालयप्रति अपनत्वको भावना जागृत गराउँदै समग्रमा विद्यालयको आन्तरिक सक्षमता र प्रभावकारीता वृद्धि गर्नुपर्ने देखिन्छ । विद्यालयहरूको व्यस्थापन पक्षलाई सहभागितामूलक बनाई उत्तरदायित्वपूर्ण स्रोत परिचालनबाट मात्र विद्यालयमा बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गर्न सकिने देखिन्छ ।

## ४.६ विद्यालयहरूको भौतिक अवस्था विश्लेषण

भौतिक विकासको अवस्थाले विद्यालयको आन्तरिक सक्षमता स्रोत परिचालनको अवस्था, समुदाय सहभागिता, स्थानीय सरकारको विद्यालयमा लगानी र सरोकारवालाको विद्यालयप्रतिको चासोलाई बुझ्न मद्धत पुग्दछ । विद्यालयको सुदृढ भौतिक विकासले बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नमा सघाउ पुऱ्याउने देखिन्छ । अध्ययन गरिएका विद्यालयहरूको केही भौतिक पक्षको विवरण निम्न अनुसार भएको पाइयो ।

तालिका ४

विद्यालयको भौतिक अवस्था

| क्र. सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | उपलब्ध कक्षा कोठा | कक्षाकोठाको औषत आकार ($M^2$) | शौचालय कोठा संख्या | पुस्तकालय सेवा | विद्युत सुविधा | खेलमैदानको आकार | प्रयोगात्मक कक्षा | घेराबारा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिमालय | १०७२ | ३१ | ८×६ | १२ | पर्याप्त | उपलब्ध | १४०×६० | उपलब्ध | छ |
| २ | सरस्वती | ११३० | २८ | ८×६ | १० | पर्याप्त | उपलब्ध | १२१×५२ | उपलब्ध | छ |
| ३ | पाणिनी | ६७५ | १४ | ८×६ | ४ | आंशिक | उपलब्ध | ८६×३१ | छैन | छ |
| ४ | पशुपति मा | ४३७ | १३ | ६×५ | ३ | आंशिक | उपलब्ध | ४१×२७ | छैन | छ |
| ५ | दिपिनी | ४१० | १० | ६×५ | ३ | आंशिक | उपलब्ध | ४७×२७ | छैन | छ |
| ६ | कृष्ण | ४१७ | ११ | ६×५ | ३ | आंशिक | उपलब्ध | ४१×२१ | छैन | छ |
| ७ | पशुपति नि | ३२७ | ९ | ६×५ | २ | आंशिक | उपलब्ध | २८×२३ | छैन | छ |
| ८ | सगरमाथा | ४४ | ४ | ८×६ | १ | छैन | उपलब्ध छैन | ३१×२० | छैन | छैन |
| | **जम्मा** | **४५१२** | **११९** | | | | | | | |

स्रोत : विद्यालय अभिलेख, २०६९

उल्लिखित तालिका नं. ४ अनुसार हिमालय उच्च मा.वि.मा कूल १०७२ जना विद्यार्थीहरू अध्ययन गरिरहेको पाइयो । यस विद्यालयमा जम्मा ३७ वटा कक्षा कोठाहरू रहेकोमा विद्यार्थीको पठन पाठनको लागि ३१ वटा र बाँकी ६ कोठा प्रशासन, पुस्तकालय, सभाकक्ष आदिको लागि छुट्याइएको पाइयो । विद्यालयमा कक्षा शिक्षणको लागि प्रयोगमा ल्याइएका कोठाहरूको औषत आकार ८×६ मि$^२$ भएको पाइयो । जम्मा १०७२ जना विद्यार्थीको पठन पाठनको लागि ३१ कोठा उपयोगमा आउनुले विद्यालयमा औषत ३५ जना विद्यार्थीलाई एउटा ८×६ मि$^२$ को कक्षा कोठा उपलब्ध भएको पाइयो । जुन बालमैत्री विद्यालयको राष्ट्रिय

प्रारुप २०६७ ले निर्धारण गरेको मापदण्ड १ कक्षा कोठा बराबर ५० जना विद्यार्थीको तुलनामा कम रहेको देखिन्छ । विद्यालयमा १०७२ जना बालबालिकाहरूको लागि १२ कोठा शौचालय रहेको पाइयो जुन करिब ९० जनाको लागि एउटा शौचालय कोठा उपलब्ध भएको देखिन्छ । बालमैत्री विद्यालयको न्यूनतम मापदण्ड अनुसार प्रति विद्यार्थीका लागि एक सेट शौचालय हुनुपर्नेमा सो सेवा पर्याप्त नभएको पाइयो ।

यसैगरी सरस्वती उच्च मा.वि.मा प्रति ४० जना विद्यार्थीको लागि १ कक्षा कोठा र प्रति १४१ जनाको लागि एउटा शौचालय कोठा उपलब्ध भएको, विद्यालयमा पिउने पानी, विद्युत, पर्याप्त सुविधा उपलब्ध भएको पाइयो । बालमैत्री विद्यालयको न्यूनतम मापदण्डमा ५० विद्यार्थी बराबर १ कक्षा कोठा, कक्षा कोठाको आकार १ मि$^{२}$ प्रति विद्यार्थी उपलब्ध भएपनि प्रति ५० जना को लागि १ कोठा शौचालय हुनुपर्नेमा बालबालिकाको लागि शौचालयको सुविधा पर्याप्त नभएको पाइयो । अन्य भौतिक सुविधाहरूमा उक्त दुई उच्च मा.वि. लगायत अध्ययन गरिएका सबै विद्यालयहरूमा कक्षा कक्षा कोठा, कक्षा कोठाको आकार, पिउने पानीको स्रोत पर्याप्त र बालमैत्री विद्यालयको राष्ट्रिय मापण्ड अनुसार भएको, सगरमाथा प्रा.वि. बाहेक अन्य सबै विद्यालयमा विद्यालयको हातालाई समेत हुनेगरी ६ फिट अग्लो घेराबारा भएको, सबै विद्यार्थीहरू एकैपटक अटाउन सक्ने र एक पटकमा एउटा खेल खेल्न सक्ने गरी पर्याप्त खेलमैदान भएको, सगरमाथा प्रा.वि. बाहेक अन्य विद्यालयमा विद्युत जडान गरिएको पाइयो ।

विद्यालयको भौतिक अवस्था सिकाइ वातावरणको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये सबैभन्दा महत्वपूर्ण पक्ष हो । राम्रो भौतिक अवस्थाले गुणस्तरीय शिक्षा प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने हुँदा विद्यालयको भौतिक व्यवस्थापनमा सरोकारवाहरूको ध्यान जानुपर्ने देखिन्छ । अध्ययन गरिएका विद्यालयहरूमा सबै भौतिक पक्ष बालमैत्री अनुकूल भएको पाइदैन । यस प्रकारको अवस्थालाई परिवर्तन गरी आकर्षक, सुरक्षित र बालमैत्री बनाउनु जरुरी छ । यसबाट मात्र बालमैत्री सिकाइ वातावरणमा गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न सकिन्छ । अनुसूची ११ मा दिइएका सूचकबाट भौतिक पूर्वाधार सम्बन्धी न्यूनतम मापदण्डहरू के के छन् भन्ने कुरा बुझ्न सकिन्छ ।

## ४.७ विद्यालय सुधार योजनामा समावेश भएका कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

विद्यालय सुधार योजनाको पूर्ण तथा आंशिक कार्यान्वयनबाट अभिभावक, शिक्षक र विद्यार्थीबीचको त्रिकोणात्मक सम्बन्धको सिकाइ र उपलब्धिमा उल्लेखनीय प्रभाव परेको देखिन्छ । अध्ययनको क्रममा यस्ता प्रभावहरूको बारेमा स्थानीय सरोकारवालहरूसँग प्रश्नावली, अन्तरवार्ता, अवलोकन तथा विद्यालयका दस्तावेज मार्फत सूचना संकलन गरियो । जसमा विद्यार्थी भर्ना, विद्यार्थी नियमितता, शैक्षिक उपलब्धि, शिक्षक-विद्यार्थीबीचको मानवीय सम्बन्ध, कक्षाशिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागिता तथा अभिभावकसँग विद्यार्थीको सम्बन्धले पारेको प्राभाव निम्न अनुसार रहेको पाइयो ।

### ४.७.१ शिक्षक-विद्यार्थी नियमितता र सिकाइ उपलब्धि

विद्यालय सुधार योजनामा समावेश गरिएका कार्यक्रमहरूको कार्यान्वयनबाट विद्यालयमा शिक्षक एवम् विद्यार्थीको औषत उपस्थिति दरलाई वृद्धि गर्ने अपेक्षा गरिएको हुन्छ । नेपालको शिक्षा क्षेत्रमा लगानी उल्लेखनीय रुपमा बृद्धिभए पनि विद्यालय शिक्षा जुन रुपमा प्रभावकारी र गुणस्तरीय हुनुपर्ने हो त्यो रुपमा हुन सकेको छैन । सार्वजनिक शिक्षाप्रति सेवाग्राहीको पूर्ण भरोसा नहुनु, विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना नहुनु, विद्यालयमा शिक्षक एवम् विद्यार्थीको नियमितततताको दर न्यून हुनु जस्ता कुराहरूले शिक्षामा प्रभावकारीता र गुणस्तरको विद्यालयमा उपस्थितिको दर र त्यस्तो बालबालिकाहरूको सिकाइ उपलब्धिमा पारेको प्रभावलाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५

शिक्षक - विद्यार्थीको विद्यालयमा उपस्थिति दर र सिकाइ उपलब्धि विवरण

| क्र. सं. | विद्यालयको नाम | शिक्षकको औषत उपस्थितिको दिन | विद्यार्थीको औषत उपस्थितिको दिन | औषत सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| १ | हिमालय उच्च मा वि. | १७३ (८२.३८%) | ११८ (५६.१९%) | ४१.०१ |
| २ | सरस्वती उच्च मा.वि. | १७५ (८३.३३%) | ११५ (५४.७६%) | ४५.०२ |
| ३ | पाणिनी मा.वि. | १७९ (८०.४७%) | १२२ (५८.०९%) | ४३.३४ |
| ४ | पशुपति मा.वि. | १७९ (८५.२३%) | १२५ (५९.५२%) | ४७.३४ |
| ५ | दिपिनी नि.मा.वि. | १८१ (८६.१९%) | १२१ (५७.६१%) | ३८.२४ |
| ६ | कृष्ण नि.मा.वि. | १८४ (८७.६२%) | १२८ (६०.९५%) | ४१.५५ |
| ७ | पशुपति नि.मा.वि. | १८० (८५.७१%) | १२४ (५९.०४%) | ४६.३६ |
| ८ | सगरमाथा प्रा.वि. | १८८ (८९.५२%) | १३० (६१.९०%) | ६५.२३ |
| | **जम्मा** | १८० दिन (८५.६०%) | १२३ दिन (५८.५१%) | ४६.०० |

स्रोत : विद्यालयको अभिलेख, २०६८

प्रस्तुत तालिका अनुसार नमूना छनौटमा परेका विद्यालयहरूमा शिक्षक एवम् विद्यार्थीको औषत उपस्थिति दरको अध्ययन गर्दा श्री हिमालय उच्च मा.वि.मा शिक्षककहरूको औषत वार्षिक उपस्थिति १७३ दिन भएको पाइयो । शिक्षा नियामावली २०५९ को आठौं संसोधनमा व्यवस्था भएअनुसार वार्षिक २१० दिन विद्यालय संचालन हुनुपर्ने देखिन्छ । यसरी जम्मा विद्यालय खुल्नुपर्ने जम्मा २१० दिनलाई १००% मान्दा हिमालय उच्च माविमा शिक्षककहरूको वार्षिक औषत उपस्थिति १७३ दिन (८२.३८%) रहेको देखिन्छ भने विद्यार्थीहरूको औषत उपस्थिति ११८ दिन (५६.१९%) मात्र रहेको देखिन्छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ मा उल्लिखित मापदण्ड अनुसार शिक्षकहरूको विद्यालयमा वार्षिक उपस्थिति २१० दिन हुनुपर्ने देखिन्छ । उपयुक्त न्यूनतम मापदण्डसँग तुलना गर्दा शिक्षकको उपस्थिति २० दिन कम भएको र विद्यार्थी उपस्थिति ९२ दिन कम भएको पाइयो । शिक्षक एवम् विद्यार्थीको विद्यालयमा न्यून उपस्थितिका कारणबाट शिक्षण सिकाइको प्रभावकारीतामा ह्रास आई बालबालिकाको औषत सिकाइ उपलब्धि ४१.०१% मा सीमित हुन पुगेको देखिन्छ ।

यसैगरी सरस्वती उच्च मा.वि.मा शिक्षक एवम् विद्यार्थीको वर्षिक औषत उपस्थिति क्रमश: १७५ (८३.३३%) र ११५ दिन (५४.७६%) भएको र उक्त विद्यालयका बालबालिकाको औषत उपलब्धि ४५.०८% रहेको पाइयो भने पाणिनी मा.वि.को शिक्षक उपस्थिति वार्षिक १७९ दिन (८०.४७%) र विद्यार्थी उपस्थिति वार्षिक १२२ दिन (५८.०९%) भएको र औषत सिकाइ उपलब्धि विद्यार्थी उपस्थिति क्रमश : १७९ दिन (८५.२३%) र १२५ दिन (५९.५२%) रहेको र बालबालिकाको औषत सिकाइ उपलब्धि  ४७.१५% रहेको पाइयो ।

दिपिनी नि.मा.वि. मा शिक्षकहरूको औषत वार्षिक उपस्थिति १८१ दिन (८६.१९%) एवम् विद्यार्थीहरूको औषत वार्षिक उपस्थिति १२१ दिन (५६.६१%) रहेको र विद्यार्थीको औषत सिकाइ उपलब्धि ३८.२४ रहेको सगरमाथा प्रा.वि.मा शिक्षक विद्यार्थीको विद्यलयमा औषत वार्षिक उपस्थिति क्रमश : १८४ दिन र १२८ दिन, १८० दिन र १२४ दिन, १८८ दिन र १३० दिन रहेको पाइयो । विद्यार्थीलाई सिकाउने र सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रक्रियालाई शिक्षण सिकाइ व्यवस्थापन भनिन्छ । बालबालिकाको सिक्ने कार्यसँग शिक्षण सम्बन्धित भएको हुँदा विद्यालयमा शिक्षक विद्यार्थीको नियमित उपस्थिति र उपयुक्त सिकाइ वातावरणको व्यवस्थापनबाट मात्र सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार ल्याउन सकिन्छ ।

विद्यालयीय शिक्षा पद्धतिमा शिक्षण सिकाइको पक्षलाई प्रभावकारी बनाउन कक्षाकोठामा शिक्षक विद्यार्थीको उपस्थिति र गतिविधिलाई प्रमुख तत्व मानिएको छ । यसो गर्न शिक्षकलाई व्यावसायिक रुपमा सक्षम नबनाएसम्म र विद्यार्थीलाई सिकाइ क्रियाकलापमा नियमित रुपमा उत्तरदायी नबनाएसम्म बालबालिकाहरूको औषत सिकाइ उपलब्धि बृद्धि गर्न सकिदैन । शिक्षकको भूमिका सूचनाकर्ता, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रुपमा र विद्यार्थीलाई सूचना ग्रहणकर्ताको रुपमा लिई यी दुबै पक्षलाई विद्यालयका गतिविधि र शिक्षण सिकाइ क्रियाकलापमा नियमितत रुपमा सक्रिय सहभागि बनाएर मात्र शिक्षाका तहगत, कक्षागत र राष्ट्रिय लक्ष्य हासिल गर्न सकिन्छ ।

प्रस्तुत तालिकाको विश्लेषणबाट शिक्षक विद्यार्थीको विद्यालयमा औषत उपस्थिति दर उच्च भएका विद्यालयको औषत उपस्थिति दर न्यून भएको देखिन्छ । तसर्थ, सामुदायिक विद्यालयहरूले शिक्षक विद्यार्थीको उपस्थिति वृद्धि गर्न प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

### ४.७.२ विद्यालयमा शिक्षकको मनोवल र सिकाइ उपलब्धि

शिक्षण सिकाई कार्यको प्रभावकारीता र बालबालिकाहरूको उच्चतम सिकाइ उपलब्धिका लागि शिक्षकको मनोवल उच्च हुनु अपरिहार्य रहेको हुन्छ । विद्यालय सुधार योजनाको निर्माण गर्दा त्यसमा शिक्षकको मनोबल उचो राख्ने कार्यक्रमहरू सामेल भएमा त्यसबाट शिक्षण क्रियाकलाप प्रभावकारी हुने, बालमैत्री सिकाइ वातावरण निर्माण हुने, शिक्षक र बालबालिकाबीचको अन्तरवैयिक्तिक सम्बनध राम्रो हुने, शिक्षकमा शिक्षण कार्य प्रति उत्प्रेरणा बृद्धि हेन, अेपक्षा गर्न सकिन्छ । अध्ययन गरिएका विद्यालयहरूमा, शिक्षकको मनोबल उच्चारण राख्न विद्यालय सुधार योजनामा सामेल गरिएका कार्कमहरूलाई तालिका ६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६

शिक्षकको मनोबल उच्च राख्न गरिएको व्यवस्था र सि.उ. विवरण

| क्र.सं. | विद्यालय | शिक्षकको सहभागिता | पुरस्कार/प्रसंसा | कार्य विभाजन | तालिम | औषत सि.उ |
|---|---|---|---|---|---|---|
| १ | हिमालय उमावि | √ | - | √ | - | ४१.०१ |
| २ | सरस्वती उमावि | √ | – | √ | - | ४५.०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | पाणिनी मा.वि. | √ | √ | - | - | ४३.३४ |
| ४ | पशुपति मा.वि. | √ | - | √ | √ | ४७.३४ |
| ५ | दिपिनी नि.मा.वि | √ | √ | - | - | ३८.१५ |
| ६ | कृष्ण नि.मा.वि. | √ | - | √ | — | ४१.५५ |
| ७ | पशुपति नि.मा.वि | √ | √ | - | √ | ४६.३६ |
| ८ | सगरमाथा प्रा.वि. | √ | √ | √ | √ | ६५.२३ |
| | **जम्मा** | | | | | **४६.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

प्रस्तुत तालिका अनुसार विद्यालयमा शिक्षकको मनोवल उच्चारण राख्न विद्यालय सुधार योजनामा सामेल गरिएका कार्यक्रमहरू मध्ये ४ वटा कार्यक्रमहरू, विद्यालयको सम्पूर्ण गतिविधिमा शिक्षकको गतिशील, सहभागिता, कुशल कार्य सम्पादन बापत शिक्षकलाई प्रदान गरिने पुरस्कार/प्रशंसा, कार्य विभाजन र शिक्षकलाई प्रदान गरिने सेवाकालीन तालिमलाई सूचकको रुपमा लिई यी शिक्षक उत्प्रेरणा सम्बन्धी तत्वहरूबाट बालबालिकाको सिकाइ उपलब्धिमा परेको प्रभावको अध्ययन गरियो ।

अध्ययनको क्रममा उल्लिखित ४ वटा तत्वहरूमध्ये २ वटा तत्व शिक्षकको सहभागिता र कार्य विभाजन सम्बन्धी कार्यक्रम कार्यान्वयन भएको हिमालय उच्च मा.वि. र सरस्वती उच्च मा.वि.का विद्यार्थीको औषत सिकाइ उपलब्धि क्रमशः ४१.०१ र ४५.०२ रहेको पाइयो भने शिक्षकको  सहभागिता र पुरस्कार/प्रशंसा सम्बन्धी २ वटा कार्यक्रम कार्यान्वयन गरेका पाणिनी मा.वि. र दिपिनी नि.मा.वि.का विद्यार्थीको औषत सिकाइ उपलब्धि क्रमशः ४३.३४ र ३८.२४ रहेको पाइयो । शिक्षकको सहभागिता, कार्यविभाजन र शिक्षक तालिम सम्बन्धी कार्यक्रम कार्यान्वयन गरेको पशुपति मा.वि.का विद्यार्थीको औषत सिकाइ उपलब्धि ४७.१५ र सहभागिता, पुरस्कार /प्रशंसा तथा शिक्षक तालिम सम्बन्धी कार्यक्रम कार्यान्वयन गरेको पशुपति नि.मा.वि.मा विद्यार्थीको औषत उपलब्धि ४६.३६ रहेको पाइयो । शिक्षकको पूर्ण सहभागिता शिक्षक पुरस्कार /प्रशंसा, कार्यविभाजन र शिक्षक तालिम सम्बन्धी ४ वटै कार्यक्रम कार्यान्वयन गरेको सगरमाथा प्रा.वि.का बालबालिकाको औषत सिकाइ उपलब्धि ६५.२३ रहेको पाइयो ।

विद्यालय सञ्चालनको प्रमुख जिम्मेवारी व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघ र शिक्षकको रहेको हुन्छ । यस अलावा, विद्यालयको नीति निर्माण, योजना

तर्जुमा र कार्यक्रम सञ्चालनमा शिक्षकको अहम भूमिका रहन्छ । विद्यालयको विविध कार्यहरूमा शिक्षकको सहभागिता बढ्दा एकातिर कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भने अर्कातर्फ शिक्षकको मनोबल उच्च भइ शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता वृद्धि हुने गर्दछ । प्रभावकारी शिक्षण सिकाइ वातावरणको विकासबाट विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्न सक्दछ । विद्यालयमा शिक्षकहरूको विशेष कार्य समूह बनाएर काम गर्दा तीब्रता आई सिकाइ उपलब्धि बढ्ने देखिन्छ भने शिक्षकलाई उसको कामको कदर गर्दै पुरस्कार / प्रशंसा मार्फत कार्य क्षेत्रमा उत्प्रेरित गर्नु सिकाइ उपलब्धि वृद्धि गर्ने प्रभावकारी उपाय हुन सक्दछ । सिकाइ उपलब्धिप्रति शिक्षकलाई उत्तरदायी बनाउँदछ । उल्लिखित तालिकामा प्रस्तुत गरिएका विवरण अनुसार शिक्षकको मनोबल वृद्धि गर्ने धेरै कार्यक्रमहरू कार्यान्वयन गरेका विद्यालयका बालबालिकाको औषत सिकाइ उपलब्धि उच्च भएको देखिन्छ ।

### ४.७.३ शिक्षण सिकाइ क्रियाकलाप र सिकाइ उपलब्धि

विद्यालय स्तरमा शैक्षिक कार्यक्रमहरूको अन्तिम लक्ष्य भनेको विद्यालयमा प्रवेश हुन नसकेका र विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा प्रवेश गराउन प्रयास गर्ने र विद्यालयमा भर्ना भएकालाई गुणस्तरीय शिक्षा र सीप प्रदान गरी योग्य नागरिक तयार गर्नु हो । नमूना छनौटमा परेका विद्यालयहरूको विद्यालय सुधार योजनामा उल्लेख गरी कार्यान्वयनमा ल्याइएका केही शैक्षिक क्रियाकलापहरूको प्रभाव बालबालिकाको सिकाइ उपलब्धिमा के कस्तो रहेको छ भन्ने सम्बन्धमा प्रत्यक्ष अवलोकन र रुजुसुचिको नतिजाको आधारमा निम्न अनुसारको परिणाम देखिएको छ ।

तालिका ७

विद्यालयमा कार्यान्वयन गरिएका कार्यक्रमको विवरण

| क्र. सं. | विद्यालयको नाम | प्र.अ. बाट नियमितत अनुगमन | नियमितत गृहकार्य परीक्षण र पृष्ठपोषण | पाठयोजनाको आधारमा शिक्षण सिकाइ क्रियाकलाप | कक्षा शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोग | अतिरिक्त कक्षा | औषत सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| १ | हिमालय उमावि | √ | - | √ | - | √ | ४१.०१ |
| २ | सरस्वती उमावि | √ | - | √ | - | √ | ४५.०२ |
| ३ | पाणिनी मा.वि. | - | - | √ | √ | √ | ४३.३४ |
| ४ | पशुपति मा.वि. | √ | √ | √ | √ | - | ४७.३४ |
| ५ | दिपिनी नि.मा.वि | - | √ | √ | - | - | ३८.१५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | कृष्ण नि.मा.वि. | √ | √ | √ | √ | - | ४१.५५ |
| ७ | पशुपति नि.मा.वि | √ | √ | √ | √ | - | ४६.३६ |
| ८ | सगरमाथा प्रा.वि. | √ | √ | √ | √ | √ | ६५.२३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

प्रस्तुत तालिका ७ को आधारमा प्रधानाध्यापकबाट नियमितत रुपमा शैक्षिक गतिविधिको अनुगमन गरिएको शिक्षकबाट पाठयोजनाको आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको र नियमित बाहेक अतिरिक्त कक्षा (कोचिङ) सञ्चालन गरिएको हिमालय उच्च मा.वि. र सरस्वती उच्च मा. वि.मा बालबालिकाहरूको औषत सिकाइ उपलब्धि ४१.०१ रहेको पाइयो भने पाठयोजनाको आधारमा शिक्षण गर्ने गरिएको, कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग भएको, अतिरिक्त कक्षा (कोचिङ) सञ्चालन गरिएको पाणिनी मा.वि.का बालबालिकाहरूको औषत सिकाइ उपलब्धि ४३.३४ भएको पाइयो ।

यसैगरी पशुपति मा.वि.मा प्र.अ.बाट नियमित अनुगमन र पृष्ठपोषण गरिएको, नियमितत रुपमा गृहकार्य दिई परीक्षण र पृष्ठपोषण दिइएको, पाठयोजनाको आधारमा कक्षा शिक्षण सिकाइ कार्य सञ्चालन गरिएको, कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गरिएकोमा यस विद्यालयका विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ४७.१४ भएको पाइयो । दिपिनी नि.मा.वि.ले आफ्नो विद्यालय सुधार योजनामा गृहकार्य परीक्षण र पृष्ठपोषण तथा पाठयोजनाको आधारमा शिक्षण सिकाइ क्रियाकलाप संचलन गर्ने गरी कार्यक्रम निर्धारण गरेको र कार्यान्वयनमा लगिएकोमा यस विद्यालयका विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ३८.२८ मा सिमित रहेको पाइयो । कृष्ण नि.मा.वि.ले विद्यालय सुधार योजनामा नियमित गृहकार्य दिई परीक्षण गर्ने विद्यार्थीलाई आवश्यक पृष्ठ पोषण दिने, पाठयोजनाको आधारमा शिक्षण गर्ने तथा कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी शैक्षिक कार्यक्रम निर्धारण गरी कार्यान्वयनमा ल्याइएकोमा यस विद्यालयको औषत सिकाइ उपलब्धि ४१.५५ रहेको र पशुपति नि.मा.वि.ले यस बाहेक प्रधानाध्यापकबाट नियमित अनुगमन समेतका ४ वटा कार्यक्रम सञ्चालन गरेकोमा औषत सिकाइ उपलब्धि ४६.३६ रहेको पाइयो । श्री सगरमाथा प्रा.वि.को विद्यालय सुधार योजनामा उल्लिखित ५ वटै कार्यक्रमहरू सामेल गरी कार्यान्वयनमा लागिएको पाइयो । जुन विद्यालयका बालबालिकाहरूको औषत सिकाइ उपलब्धि ६५.२३ रहेको पाइयो ।

बालबालिकाको अन्तर्निहित प्रतिभावको प्रस्फुटन गर्न/गराउन कक्षाकोठामा मात्र शिक्षण सिकाइ प्रक्रियालाई सीमित राख्न हुँदैन । समुदाय र वातावरणबाट पनि शिक्षकले धेरै कुरा सिकाउ सक्ने भएको हुँदा बालबालिकाहरूलाई विभिन्न क्रियाकलापमा संलग्न गराउनुपर्दछ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको पेशागत क्षमता अभिवृद्धिमा पनि विशेष जोड दिनुपर्दछ । विद्यालयहरूले आ-आफ्नो विद्यालय सुधार योजना तर्जुमा गर्दा, बालबालिकाहरूको शिक्षण सिकाइ क्रियाकलापमा केन्द्रीत रहेर शैक्षणिक योजना निर्माण र कार्यान्वयन गर्न, शैक्षिक सामाग्रीको प्रयोग, समुदायको सहभागिता, विद्यालय र अभिभावक सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन, अन्तक्रिया एवम् आपसी सहयोग, शैक्षिक भ्रमण, शिक्षक तालिम, आधुनिक प्रविधिको प्रयोग र अनुगमन तथा मूल्यांकन जस्ता शैक्षिक पक्षलाई सामेल गराउनु पर्दछ ।

अध्ययन गरिएका विद्यालयहरूमा विद्यालय सुधार योजना तर्जुमा गर्दा बढी सङ्ख्यामा शैक्षिक कार्यक्रमहरू सामेल भएको अवस्थामा त्यसले बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि भएको पाइयो भने कार्यक्रमहरू थोरै कार्यान्वयन गरिएको अवस्थामा औषत सिकाइ उपलब्धि समेत न्यून भएको पाइयो ।

## ४.८ बालबालिकाहरूको सिकाइ उपलब्धि विवरण

### ४.८.१ विद्यालयगत आधारमा उत्तीर्णविवरण

यस शोधकार्यको अध्ययन क्षेत्रभित्र परेका २ वटा उच्च मा.वि., २ वटा मा.वि., ३ वटा नि.मा.वि. र १ वटा प्रा.वि. मा भर्ना भइ शैक्षिक सत्र २०६८ सालको एसएलसी परीक्षा, निम्न माध्यमिक तह उत्तीर्णपरीक्षा लगायत विद्यालयको बार्षिक परीक्षामा सामेल भएका सबै विद्यार्थीको विद्यालयगत कक्षा उत्तीर्णप्रतिशत निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८
विद्यालयगत आधारमा उत्तीर्णविवरण

| क्र. स | विद्यालयको नाम | जम्मा विद्यार्थी | परीक्षामा सामेल | कक्षा छाड्ने विद्यार्थी | कक्षा छाड्ने दर (%) | कक्षा उत्तीर्णविद्यार्थी | उत्तीर्णदर (%) |
|---|---|---|---|---|---|---|---|
| १ | हिमालय | १०७२ | ९९३ | ७९ | ७.३६ | ८२९ | ८३.४८ |
| २ | सरस्वती | ११३० | १००७ | १२३ | १०.९१ | ८४० | ८३.४१ |
| ३ | पाणिनी | ६७५ | ५९० | ८५ | १२.५९ | ४६२ | ७८.३० |
| ४ | पशुपति मा. | ४३७ | ३८७ | ५० | ११.४४ | ३१७ | ८१.९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | दिपिनी | ४१७ | ४०१ | १६ | ३.८४ | ३१३ | ७८.०५ |
| ६ | कृष्ण | ४१० | ३९७ | १३ | ३.१० | ३३१ | ८३.३७ |
| ७ | पशुपति नि. | ३२७ | ३०२ | २५ | ७.६६ | २५७ | ८७.०९ |
| ८ | सगरमाथा | ४४ | ३९ | ५ | ११.३० | ३६ | ९२.३० |

स्रोत : विद्यालय अभिलेख, २०६९

प्रस्तुत तालिका नं ८ अनुसार हिमालय उच्च माबिमा शैक्षिक सत्र २०६८ मा भर्ना भएका जम्मा १०७२ जना बिद्यार्थीहरू मध्ये ७९ जान(७.३६%) बिद्यार्थीहरूले बीचैमा कक्षा छाडेको पाइयो भने एस.एल.सी परीक्षा, कक्षा-८ को जिल्ला स्तरीय परीक्षा लगायत अन्य कक्षाको बार्षिक परीक्षामा सामेल भइका ९९३ जान मध्ये ८२९ जना (८३.४८%) बिद्यार्थीहरूले सम्बन्धित परीक्षा उत्तीर्णगरेको पाइयो । सरस्वती उच्च माध्यमिक विद्यालयमा भर्ना भएका ११३० जना बिद्यार्थीहरूमध्ये १२३ जना (१०.९१%) ले कक्षा छाडेको र बाँकी १००७ जना अन्तिम परीक्षामा सामेल भएकोमा ८४० जना (८३.४१%) ले कक्षा उत्तीर्णगरेको पाइयो ।

पाणिनी मावि मा भर्ना भएका ६७५ जना बालबालिका मध्ये ८५ जना (१२.५९%) ले कक्षा छाडेको र परीक्षामा सामेल भएका ५९० जना मध्ये ४६२ जना(७८.३०%) बालबालिका कक्षा उत्तीर्णभएको पाइयो ।

शैक्षिक शत्र २०६८ मा दिपीनि निमाविमा ४१७ जना पढाइ छाडेको र बाँकी ४०१ जना मध्ये ३१३ जना (७८.०५%) बालबालिकाहरू कक्षा उत्तीर्णभएको पाइयो । कृष्ण निमाविमा यस बर्ष जम्मा ४१० जना बालबालिका भर्ना भएकोमा १३ जना (३.१०%) जना ले कक्षा छाडेको र बाँकी ३९७ जना मध्ये ३३१ जना (८३.३७%) बालबालिकाले कक्षा उत्तीर्णभएको पाइयो । पशुपति निमाविमा भर्ना भएका कुल ३२६ बिद्यार्थीहरूमध्ये २५ जना (७.६६%) ले बिचैमा कक्षा छाडेका र बाँकी ३०२ जना परीक्षामा सामेल भएकोमा २५७ जना (८५.०९%) बिद्यार्थीहरू कक्षा उत्तीर्ण भएको पाइयो । यसै गरी सगरमाथा प्राबिमा भर्ना भएका जम्मा ४४ जना बालबालिकामध्ये ५ जना (११.३०%) ले कक्षा छाडेको र बाँकी ३९ जनामा ३६ जना (९२.३०%) विद्यार्थीहरू कक्षा उत्तीर्ण भएको पाइयो ।

उल्लिखित तालिकामा प्रस्तुत उत्तीर्णदर (प्रतिशतमा) एस.एल.सी परीक्षामा सामेल भई नियमित समूहबाट उत्तीर्ण विद्यार्थीहरू र मौका परीक्षामा सामेल भई उत्तीर्ण विद्यार्थी समेतको सङ्ख्याको आधारमा गणना गरिएको हो ।

हार्विसन (सन् १९७०) को मानब स्रोत बिकासको चिन्तनअनुसार मानव संसाधन विकास हुनु भनेको मानिसको चिन्तनमा बिकास हुनु हो । मानिसको चिन्तनमा विकास भएपछि स्रोत र साधनको पहिचान गरी उ स्वयंले प्रयोग गर्न सक्दछ ।

यस तथ्यको आधारमा उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा मानिसको चिन्तनमा विकास हुनलाई गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षाको लागि तालिम प्राप्त शिक्षक, अनुभबी र विवेकशील प्रधानाध्यापक, लगनशील बिद्यार्थी र उत्तरदायित्व बोध गर्ने अभिभाबकको एकीकृत प्रयास हुनु जरुरी पर्दछ । शिक्षण क्रियाकलापको मुख्य अभिप्राय सार्थक सिकाइ हो । सार्थक सिकाइ भएमा सबै विद्यार्थी परीक्षामा उत्तीर्ण हुन्छन् । अध्ययन क्षेत्रभित्र रहेका र नमूना छनौटमा परेका ८ वटै विद्यालयहरूका विद्यार्थीको उत्तीर्णदर ८०% को हाराहारीमा रहेकोले विद्यालयहरूमा शिक्षण सिकाइको उपयुक्त वातावरण तयार हुँदै गएको स्पष्ट हुन्छ तर शिक्षामा भएको लगानी खेरजान नदिन बालबालिकाहरूको कक्षा छाड्ने दरलाई न्यूनीकरण गर्नु र सिकाइ उपलब्धिलाई बृद्धि गर्नु एउटा चुनौतिपूर्ण कार्य भएको छ । अध्ययन क्षेत्रका विद्यालयको सरोकारवालाहरू समेत यसतर्फ सचेत हुनुपर्ने देखिन्छ ।

### ४.८.२. जात-जातिगत आधारमा उत्तीर्ण विवरण

अध्ययन क्षेत्रभित्रका नमूना छनौटमा परेका विद्यालयहरूबाट २०६८ सालको एस.एल.सी परीक्षामा कक्षा ८ को जिल्ला स्तरीय निम्न माध्यमिक तह उत्तीर्ण परीक्षा, लगायत विद्यालय स्तरको बार्षिक परीक्षामा सामेल भएको बिद्यार्थीहरूको जात-जातिगत आधारमा उत्तीर्ण विवरण निम्नअनुसार भएको पाइयो ।

तालिका ९

जात जातिगत आधारमा उत्तीर्णबिवरण

| | | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|


| क्र.सं | विद्यालयको नाम | परीक्षामा सामेल विद्यार्थी संख्या | उत्तीर्ण दर % मा | परीक्षामा सामेल विद्यार्थी संख्या | उत्तीर्णदर % मा | परीक्षामा सामेल विद्यार्थी संख्या | उत्तीर्णदर % मा |
|---|---|---|---|---|---|---|---|
| १ | हिमालय उमावि | ४७ | ६५.९५ | ३४७ | ८३.८६ | ५९९ | ८४.४६ |
| २ | सरस्वती उमावि | ५१ | ६४.७० | ४९१ | ८३.७० | ४६५ | ८५.१६ |
| ३ | पाणिनी मावि | ६७ | ६१.१९ | २६१ | ७८.१६ | २६२ | ८२.८२ |
| ४ | पशुपति मावि | ११ | ५४.५४ | १६७ | ७१.२५ | २०९ | ९१.८६ |
| ५ | दिपिनी निमावि | २३ | ६०.८६ | १३४ | ६६.४१ | २४४ | ८६.०६ |
| ६ | कृष्ण निमावि | १८ | ६१.११ | १०७ | ७७.५७ | २७२ | ९०.४५ |
| ७ | पशुपति निमावि | २२ | ५४.५४ | ८७ | ७९.३१ | १९३ | ९१.१९ |
| ८ | सगरमाथा प्रावि | ८ | ८७.५० | १४ | ९२.८५ | १७ | ९४.१२ |
| | **जम्मा** | **२४७** | **६२.७५** | **१६०८** | **७९.५३** | **२२६१** | **८६.२८** |

स्रोत : परीक्षा विश्लेषण, ०६८

तालिका ९ मा उल्लेख गरिएको जातिगत उत्तीर्ण दरलाई निम्न अनुसार स्तम्भ चित्रमा समेत प्रस्तुत गरी स्पष्ट पार्ने प्रयास गरिएको छ ।

चित्र १

जातजातिगत आधारमा विद्यार्थी उत्तीर्ण




प्रस्तुत तालिका नं ९ अनुसार हिमालय उच्च माबि परीक्षामा सामेल भएका जम्मा ४७ जना दलित समुदायका बालबालिका हरूमध्ये ३१ जना (६५.९५%) कक्षा उत्तीर्ण भएका जम्मा ३४७ जना जनजाति समुदायका बालबालिकाहरूमध्ये २९१ जना (८३.८६%) कक्षा उत्तीर्ण भएका र अन्य जातिगत समूहका ५९९ जना बालबालिकाहरूमध्ये ५०७ जना (८४.४६%) कक्षा उत्तीर्णभएको पाइयो । सरस्वती उच्च माविमा परीक्षामा सामेल भएका ५१

जना दलित समूहका बालबालिकाहरूमध्ये ३३ जना (६४.७०%) कक्षा उत्तीर्ण भएका, २९१ जना जनजाति समूहका बालबालिका मध्ये ४११ जना (८३.७०%) कक्षा उत्तीर्णभएका, र अन्य जातिगत समूहका ४६५ मध्इे ३९६ (८५.१६%) कक्षा उत्तीर्ण भएको पाइयो । पाणिनी माविमा दलित ६७ जना मध्ये ४१ जना (६१.१९%) जनजाति २६१ जना मध्ये २०४ जना (७८.१६%) र अन्य २६२ जनामध्ये २१७ जना (८२.८२%) बालबालिका कक्षा उत्तीर्ण भएको पाइयो भने पशुपति माविमा दलित ११ जना मध्ये ६ जना (५४.५४%) जनजाति १६७ जनामध्ये ११९ जना (७१.२५%) र अन्य २०९ जना मध्ये १९२ जना (९१.८६%) बालबालिकाहरू कक्षा उत्तीर्ण भएको पाइयो ।

यसैगरी दिपिनी निमाविमा दलित २३ जना मध्ये १४ जना (६०.८६%) जनजाति १३४ जना मध्ये ८९ जना (६६.४१%) र अन्य समूहका २४४ जनामध्ये २१० जना (८६.०६%) बालबालिकाहरू कक्षा उत्तीर्ण भएको पाइयो । कृष्ण निमाविमा परीक्षामा सामेल भएका दलित समुदायका १८ जना मध्ये ११ जना (६१.११%) जनजाति समूहका १०७ जना मध्ये ८३ जना (७७.५७%) र अन्य समूहका २७२ जना मध्ये २३७ जना (९०.४५%) बालबालिकाहरू कक्षा उत्तीर्ण भएका, पशुपति निमाविमा दलित २२ जना मध्ये १२ जना (५४.५४%), जनजाति ८७ जनामध्ये ६९ जना (७९.३१%) र अन्य जातिगत समूहका जम्मा १९३ जना मध्ये १७६ जना (९१.१९%) बालबालिका कक्षा उत्तीर्ण भएका र सगरमाथा प्राविको परीक्षामा सामेल भएका जम्मा  ८ जना दलित मध्ये ७ जना (८७.५०%), जनजाति १४ जनामध्ये १३ जना (९२.०५%) एवम् अन्य जातिगत समूहका १७ जनामध्ये १६ जना (९४.१२%) बालबालिका कक्षा उत्तीर्ण भएको पाइयो । अध्ययन गरिएका ८ बटै विद्यालयको समष्टीगत नतिजालाई हेर्दा परीक्षामा समेल भएका दलित समूहका जम्मा २४७ जना बालबालिका मध्ये १५५ जना (६२.७५%), जनजाति समूहका जम्मा १६०८ जना मध्ये १२७९ जना (७९.५३) र अन्य समूहका जम्मा २२६१ जनामध्ये १९५१ जना (८६.२८%) बालबालिका कक्षा उत्तीर्ण भएको पाइयो ।

प्रस्तुत तालिकाको विश्लेषणको आधारमा दलित समूहका बालबालिकाहरूको कक्षा उत्तीर्णदर (६२.७५%) जनजाति समूहका बालबालिकाको कक्षा उत्तीर्णदर (७९.५३%) भन्दा १६.७८% ले न्यून भएको देखिन्छ भने अन्य समूहका बालबालिकाहरूको कक्षा उत्तीर्णदर (८६.२८%) दलितको तुलनामा २३.५३% ले उच्च भएको देखिन्छ । यसै गरी जनजाति समूहका

बालबालिका र अन्य समूहका बालबालिकाहरूको उत्तीर्ण दर न्यून हुनुले विद्यालयमा अझै दलित समुदायको सहभागिता र शिक्षा प्रतिको आकर्षणमा कमी भएको कुरालाई पूष्टी गर्दछ । दलित समुदायका बालबालिकाको तुलनामा जनजाति समूहका बालबालिकाहरूको कक्षा उत्तीर्ण दर १६.७८% ले उच्च रहेको र अन्य समूहका बालबालिकाहरूको लागि कुनै पनि विभेद रहित वातावरणमा शिक्षा प्राप्तगर्ने र सिकाइ उपलब्धिको दर बृद्धि गर्ने तर्फ सम्बन्धित सरोकारवाला पक्षको ध्यन जानुपर्ने देखिन्छ ।

समावेशीकरणले विद्यालयमा सबै समुदायको स्वामित्वलाई महत्व दिदै बालबालिकाको आवश्यकता अनुरुप उपयुक्त वाताबरण र सहयोग पाएमा सबैले समान गतिमा सिक्दछन् भन्ने मान्यता राख्दछ । विद्यालयमा उपयुक्त वातावरण र सहयोगको अभाबमा दलित, सीमान्तकृत, गरीबीको रेखामुनी परेका अपाङ्गता भएका महिला, भाषिक र सांस्कृतिक रुपमा पिछाडिएका बालबालिकाहरूको सिकाइको स्तर गति र क्षमता समान रुपमा अघि बढ्न  सकेको पाइदैन । शिक्षण सिकाइमा दलित, सीमान्तकृत, एवम् विशेष आवश्यकता भएका बालबालिकाको पहुँच वृद्धि गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरूले समावेशीकरणको आधारभूत मान्यता र तौरतरिका अनुसार व्यवहार गर्नु पर्ने देखिन्छ । शिक्षणमा समावेशीकरण गरी उत्तीर्णदर एवम् औषत सिकाइ उपलब्धिमा वृद्धि गर्न विद्यार्थीको बसाइ, प्रयोग गरिने बालमैत्री भाषा, दण्डरहित र भयरहित शिक्षण, विद्यार्थीको व्यक्तिगत आधारमा शिक्षकबाट सहयोग जस्ता विषयमा शिक्षकहरूमा ज्ञान तथा सीप हुनुपर्दछ । विद्यमान अवस्थामा नेपालको विद्यालयतहको शैक्षिक व्यवस्थापनले उल्लिखित वर्गको आवश्यकता सम्बोधन गर्न सकेको पाइदैन ।

तसर्थ, विद्यालय तहको समग्र शैक्षिक व्यवस्थापन एवम्  पठनपाठनको पक्षलाई कसरी समावेशी बनाउने विद्यालयलाई कसरी बालकेन्द्रीत बनाउने सबै वर्ग, समूह जातजातिलाई विद्यालय शिक्षामा समान ढंगले कसरी समाहित गर्ने भन्ने विषयलाई सरोकारवाला पक्षबाट सम्बोधन हुनु पर्ने देखिन्छ ।

### ४.८.३ विषयगत औषत सिकाइ उपलब्धि विवरण

अध्ययन क्षेत्रभित्रका नमूना छनौटमा परेका उच्च माध्यमिक तहका २ वटा र माध्यमिक तहका २ वटा गरी जम्मा ४ वटा विद्यालयका विद्यार्थीहरूको विषयगत सिकाइ उपलब्धिको मापन गर्न २०६८ सालको एस.एल.सी. परीक्षाको नतिजालाई आधार मानिएको छ भने निम्न माध्यमिक तहका ३ वटा विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि गणना गर्न २०६८ सालको झापा जिल्ला स्तरीय निम्न माध्यमिक तह उत्तीर्णपरीक्षाको नतिजालाई आधार मानिएको छ । यसैगरी सगरमाथा प्रा.वि.का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि गणना गर्दा यस विद्यालयले २०६८ सालको चैत्र महिनामा सञ्चालन गरेको कक्षा २ को वार्षिक (लिखित) परीक्षा र निरन्तर विद्यार्थी मूल्यांकन अभिलेखलाई आधारको रुपमा लिइएको छ । सम्बन्धित विद्यालयका विद्यार्थीहरूको विषयगत औषत सिकाइ उपलब्धि निम्न अनुसार रहेको छ ।

तालिका १०

विषयगत सिकाइ उपलब्धि विवरण (कक्षा १०)


| क्र. सं. | विद्यालयको नाम | विषयगत औषत सिकाइ उपलब्धि | | | | | | | | औ.सि.उ. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | जनसंख्या | ऐप्रथम | ऐद्वितीय | |
| १ | हिमालय | ४३.५० | ४३.२० | ४१.०० | ५४.६० | ४१.४० | ७०.३० | ६९.०० | ३१.४१ | ४१.०१ |
| २ | सरस्वती | ४५.२० | ४६.३० | ३५.३० | ४९.६० | ३६.३० | ६१.५० | ४१.४० | ५४.५० | ४६.२८ |
| ३ | पाणिनी | ६२.६२ | ४२.६२ | ४०.६२ | ५०.५९ | ४६.०७ | ६५.८५ | ५०.०७ | ५५.०९ | ४३.६० |
| ४ | पशुपति | ५२.०७ | ४५.८० | ३८.०० | ४९.४० | ५०.०० | ७३.७० | ४७.३० | ६६.८६ | ५१.२३ |
| | औषत | ५०.८५ | ४४.४८ | ३८.७३ | ४८.७९ | ४३.४४ | ६७.८३ | ५१.३२ | ५१.९७ | ४५.६६ |

स्रोत : परीक्षा विश्लेषण अभिलेख, २०६९

प्रस्तुत तालिका १० मा उल्लिखित विद्यालयगत एवम् विषयगत औषत सिकाइ उपलब्धि विवरणलाई निम्न अनुसारको स्तम्भ चित्रमा प्रस्तुत गरी प्रष्ट पार्ने प्रयास गरिएको छ ।

चित्र २

विषयगत सिकाइ उपलब्धि




प्रस्तुत तालिका १० अनुसार हिमालय उच्च मा.वि.का विद्यार्थीहरूले अंग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक, स्वास्थ्य जनसंख्या र वातावरण, ऐ. प्रथम र ऐ द्वितीय अन्तर्गतका विषयहरूमा हासिल गरेको औषत सिकाइ उपलब्धि क्रमश : ४३.५०, ४३.२०, ४१.००, ५४.६०, ४१.४०, ७०.३०, ६९ र ३१.४१ रहेको पाइयो । यस विद्यालयमा स्वास्थ्य जनसंख्या र वातावरण विषयमा विद्यार्थीले हासिल गरेको औषत प्राप्ताङ्क अन्य विषयहरूको तुलनामा उच्च (७०.३०) रहेको देखिन्छ भने अनिवार्य गणित विषयमा विद्यार्थीहरूको औषत प्राप्ताङ्क सबैभन्दा न्यून (४१) मात्र रहेको देखिन्छ । ऐ. प्रथम पत्रका गणित तथा अर्थशास्त्र विषयको समेत औषत प्राप्ताङ्क ६९ रहेको देखिन्छ भने अंग्रेजी, नेपाली र सामाजिक विषयको औषत सिकाइ उपलब्धि ४०-५०को बीचमा सीमित रहेको देखिन्छ । यस विद्यालयमा ऐ. द्वितीय (लेखा कम्प्युटर) विषयको औषत सिकाइ उपलब्धि सबैभन्दा कम ३१.४१ मात्र रहेको देखिन्छ । यस विद्यालयबाट ०६८ सालको एस.एल.सी. परीक्षामा सामेल भएका जम्मा १९५ जना विद्यार्थीहरूले सबै विषयमा हासिल गरेको औषत सिकाइ उपलब्धि ४१.०१ मात्र रहेको पाइयो ।

यसैगरी, सरस्वती उच्च मा.वि.बाट २०६८ सालको एस.एल.सी. परीक्षामा सामेल भएका १८२ जना विद्यार्थीहरूले अंग्रेजी विषयमा औषत ४५.२०, नेपाली विषयमा ४६.३०, अनिवार्य गणित विषयमा ३५.३०, विज्ञान र सामाजिक, स्वा.ज.वा. ऐ. प्रथम तथा ऐ द्वितीय विषयहरूमा क्रमशः ४९.६०, ३६.३०, ६१.५०, ४१.४० र ५४.५० औषत प्राप्ताङ्क हासिल गरेको पाइयो । यस विद्यालयका विद्यार्थीहरूको अनिवार्य गणित विषयमा सबैभन्दा कम (३५.३०) र स्वा.ज.वा. विषयमा सबैभन्दा बढी (६१.५०) औषत प्राप्ताङ्क रहेको पाइयो । विद्यालयका विद्यार्थीहरूले सबै विषयमा हासिल गरेको औषत प्राप्ताङ्क ४६.२८ रहेको देखिन्छ

भने पाणिनी मा.वि.का विद्यार्थीहरूले २०६८ सालको एस.एल.सी. परीक्षामा सामेल भई अंग्रेजी विषयमा प्राप्त गरेको औषत सिकाइ उपलब्धि ६२.६२, नेपाली विषयमा ४२.६२, अनिवार्य गणित विषयमा ४०.६०, विज्ञान, सामाजिक र स्वा.ज.वा. विषयमा क्रमशः ५०.५९, ४६.०७ र ६५.८५ औषत अंक हासिल गरेको पाइयो । ऐ. प्रथम पत्रका गणित र अर्थशास्त्र विषयमा औषत ५०.०७ अंक र ऐ.द्वितीय पत्रका विषयमा ५५.०७ अंक हासिल गरेको पाइयो । यस विद्यालयबाट उक्त वर्ष एस.एल.सी. परीक्षामा सामेल भएका विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धिलाई गर्दा स्वा.ज.वा. विषयमा सबैभन्दा बढी (६५.८५) र अनिवार्य गणित विषयमा सबैभन्दा कम ४०.६२ अंक रहेको पाइयो । यस विद्यालयका विद्यार्थीहरूको सबै विषयको औषत सिकाइ उपलब्धि ४३.६३ रहेको पाइयो ।

पशुपति मा.वि.का विद्यार्थीहरूले अनिवर्या अंग्रेजी, नेपाली र अनिवार्य गणित विषयमा हासिल गरेको औषत सिकाइ उपलब्धि क्रमशः ५२.०७, ४५.८० र ३८.०० रहेको पाइयो । यस विद्यालयबाट यस वर्ष एस.एल.सी. परीक्षामा सामेल भएका विद्यार्थीहरूको सामाजिक विषयमा औषत सिकाइ उपलब्धि ५०.००, स्वा.ज.वा. विषयको औषत सिकाइ उपलब्धि ७३.७०, ऐच्छिक प्रथम र द्वितीय पत्रका विषयहरूको औषत सिकाइ उपलब्धि क्रमशः ४७.३० र ६६.८६ रहेको पाइयो भने विद्यालयको औषत सिकाइ उपलब्धि ५१.२३ अंक रहेको पाइयो ।

अध्ययन गरिएका ४ वटै विद्यालयमा अनिवार्य गणित विषयको औषत प्राप्ताङ्क न्यून रहेको पाइयो भने स्वा.ज.वा. विषयमा औषत प्राप्ताङ्क उच्च रहेको पाइयो । परीक्षामा सामेल भएका विद्यार्थीहरूको उतीर्ण दर र औषत सिकाइ उपलब्धिले विद्यालयको सक्षमता, शिक्षकको कार्य कुशलता, प्रधानाध्यापक र व्यवस्थापन समितिको व्यवस्थापकीय क्षमता, विद्यार्थीको सिकाइप्रतिको रुचि र तत्परता, अभिभावकको शिक्षाप्रतिको चासो जस्ता पक्षहरूलाई प्रतिनिधित्व गर्ने हुँदा प्रस्तुत विद्यालयका विद्यार्थीको न्यून सिकाइ उपलब्धिलाई ध्यानमा राखी शैक्षिक गुणस्तर एवम् शिक्षण सिकाइ वातावरणमा आवस्यक सुधार गर्न सम्बन्धित विद्यालयहरूले थप प्रयास गर्नुपर्ने देखिन्छ । विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनको सन्दर्भमा हरेक विद्यालयहरूले आ-आफ्नो विद्यालयको सिकाइ उपलब्धिको आधार सूचक पत्ता लगाई निश्चित अवधिमा उपलब्धि हासिल हुने गरी लक्ष्य निर्धारण गर्नुपर्ने र सो लक्ष्य हासिल हुने गरी विद्यालयमा सुधारका कार्यक्रमहरू केन्द्रीत गर्नुपर्ने देखिन्छ । निम्न माध्यमिक तहको अन्त्यमा

लिइने कक्षा ८ को जिल्लास्तरीय परीक्षामा विद्यार्थीहरूले हासिल गरेको औषत सिकाइ उपलब्धिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ११

विषयगत औषत सिकाइ उपलब्धि

| क्र. सं. | विद्यालयको नाम | विषयगत औषत सिकाइ उपलब्धि (कक्षा -८) प्रतिशतमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | जनसंख्या | स्वा.शा. | पू.व्या. | नागरिक |
| १ | दिपिनी | ५१.३६ | ४७.४४ | ४८.११ | ४८.४४ | ६१.८८ | ५३.०० | ७३.०० | ६१.४४ | ६९.४१ |
| २ | कृष्ण | ५३.८२ | ५०.४८ | ४५.३१ | ५७.९७ | ५२.९७ | ३९.०० | ६७.२० | ५९.०० | ७१.३० |
| ३ | पशुपति | | | | | | | | | |
| | **औषत** | **५२.५९** | **४८.९७** | **४६.७१** | **५३.२१** | **५७.४२** | ४६.०० | **७०.१०** | **६०.२०** | **७०.३५** |

स्रोत : परीक्षा विश्लेषण अभिलेख, २०६८

प्रस्तुत तालिका नं. ११ अनुसार विषयगत सिकाइ उपलब्धिको आधारमा दिपिनी निमावि बाट कक्षा ८ को जिल्लास्तरीय परीक्षामा सामेल भएका विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि नेपाली विषयमा सबैभन्दा कम (४७.४४%) र स्वास्थ्य शारिरिक विषयमा सबैभन्दा बढी (७३%) रहेको पाइयो । सबैभन्दा न्यून र सबैभन्दा उच्च औषत अंक बीचको अन्तर २५.५६ रहेको देखिन्छ भने कृष्ण नि.मा.वि.मा सबैभन्दा कम अंक जनसंख्या विषयमा ३९ प्रतिशत र सबैभन्दा उच्चतम अंक नागरिक नैतिक विषयमा ७१.३० प्रतिशत रहेको पाइयो । उक्त अंकहरूबीचको अन्तर ३५.३० रहेको देखिन्छ । एउटै विद्यालयमा विभिन्न विषयहरूबीचको औषत सिकाइ उपलब्धिमा यति ठूलो अन्तर देखिनुले विद्यालयको शैक्षिक लक्ष्य अपेक्षित सिकाइ स्तर र शैक्षिक रणनैतिक योजनामा कमजोरी हुन सक्नेतर्फ संकेत गर्दछ। तसर्थ, यी विद्यालयहरूले आ-आफ्नो विद्यालय सुधार योजनामा सामेल गरिएका शैक्षिक कार्यक्रम र व्यवस्थापकीय कार्य कुशलताको प्रभावकारीता पुनः मूल्यांकन गर्नुपर्ने देखिन्छ।

अध्ययन क्षेत्रभित्र नमूना छनौटमा परेको एउटा प्राथमिक विद्यालय सगरमाथा प्रा.वि.का कक्षा ३ का बालबालिकाहरूको औषत सिकाइ उपलब्धि निम्न अनुसार रहेको पाइयो।

| **विषय** : | नेपाली | अंग्रेजी | गणित | विज्ञान/स्वास्थ्य | सामाजिक /सि.क. | स्थानीय विषय |
|---|---|---|---|---|---|---|
| **सि.उ.**: | ८६.६६ | ८३.१० | ६८.४७ | ७८.८० | ८४.३२ | ८१.७१ |

नेपालको वर्तमान पाठ्यक्रम अनुसार कक्षा १-३ का बालबालिकाहरूको सिकाइ उपलब्धिको मूल्यांकन गर्न निरन्तर मूल्यांकन प्रणालीको उपयोग गर्ने व्यवस्था रहेको छ भने कक्षा उत्तीर्णगर्ने सन्दर्भमा उदार कक्षोन्नतीको व्यवस्था गरिएको छ । निरन्तर मूल्यांकन प्रणालीले विद्यार्थीको कक्षा क्रियाकलाप, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मकता र कक्षमा उपस्थितिको अभिलेखलाई मूल्यांकनको आधार मानेको पाइन्छ । यस सगरमाथा प्रा.वि.का कक्षा ३ मा अध्ययन गर्ने बालबालिकाहरूको सिकाई उपलब्धि समेत उक्त मापदण्डको आधारमा मापन गरिएकाले बालबालिकाको सिकाइ उपलब्धिको दर उच्च रहेको पाइन्छ । निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीले बालबालिकाहरूको सिकाइ क्षमताको मापन गर्न परम्परागत वाह्य परीक्षालाई मात्र उपयोग नगरी उनीहरूको बहुप्रतिभाको पहिचान गरी वास्तविक सिकाइ क्षमताको मापन गर्न सहयोग पुऱ्याउँदछ । तसर्थ, यस विद्यालयका बालबालिकाको औषत सिकाइ उपलब्धि दर उच्च भएको पाइन्छ ।

### ४.८.४ लिङ्गको आधारमा औषत सिकाइ उपलब्धि विवरण

अध्ययन क्षेत्रभित्र रहेका एवम् नमूना छनौटमा परेका ८ वटा विद्यालयमा पठन पाठन गरी २०६८ सालको एस.एल.सी. परीक्षा, जिल्ला स्तरीय, निम्नमाध्यमिक तह उत्तीर्ण परीक्षा र विद्यालय स्तरको वार्षिक परीक्षा (कक्षा ३) मा विद्यार्थीले हासिल गरेको औषत सिकाइ उपलब्धिलाई लिङ्गको आधारमा निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १२

लिङ्गको आधारमा सिकाइ उपलब्धि विवरण

| क्र.सं. | विद्यालयको नाम | औषत सिकाइ उपलब्धि (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा १० | | कक्षा ८ | | कक्षा ३ | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | हिमालय उच्च मा.वि | ३७.१४ | ४६.०० | ४१.४७ | ४९.१० | ७७.९१ | ८४.०१ |
| २ | सरस्वती उच्च मा.वि. | ४२.७३ | ४८.४० | ४०.७० | ४९.७८ | ७८.४० | ८१.४० |
| ३ | पाणिनी मा.वि. | ४०.१४ | ४७.४५ | ४४.४१ | ४८.७३ | ८०.३१ | ८४.४१ |
| ४ | पशुपति मा.वि. | ४५.१३ | ४९.०१ | ४६.०० | ५०.३१ | ७८.९० | ८३.७० |
| ५ | दिपिनी नि.मा.वि | - | - | ४६.४० | ५८.३४ | ७८.४० | ८२.१४ |
| ६ | कृष्ण नि.मा.वि. | - | - | ३७.१४ | ४१.०० | ८०.७० | ८३.२४ |
| ७ | पशुपति नि.मा.वि. | - | - | - | - | ८०.४० | ८२.१० |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | सगरमाथा प्रा.वि. | - | - | - | - | ७८.१३ | ८२.३२ |
| | **जम्मा औषत** | **४१.३०** | **४७.७१** | **४२.६८** | **४९.५४** | **७९.१७** | **८३.०४** |

स्रोत : परीक्षा विश्लेषण, २०६८

तालिका १२ मा प्रस्तुत गरिएको लिङ्गको आधारमा औषत सिकाइ उपलब्धि विवरणलाई निम्न अनुसारको स्तम्भ चित्रमा समेत प्रस्तुत गरी स्पष्ट पार्ने प्रयास गरिएको छ ।

चित्र ३

लिङ्गको आधारमा सिकाइ उपलब्धि




प्रस्तुत तालिका अनुसार हिमालय उच्च मा.वि.बाट एस.एल.सी. परीक्षामा सामेल भएका जम्मा १९५ जना विद्यार्थीहरूमध्ये १०२ जना छात्रा र ९३ जना छात्र रहेको पाइयो । कूल १०२ जना छात्राहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ३०३०६ र ९३ जना छात्रहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ३४२२४ रहेको पाइयो । तसर्थ, यस विद्यालयबाट एस.एल.सी. परीक्षामा सामेल भएका छात्राहरूको औषत सिकाइ उपलब्धि ३७.१४ र छात्रहरूको औषत सिकाइ उपलब्धि ४६.०० रहेको पाइयो । यस विद्यालयबाट ०६८ सालको एस.एल.सी. परीक्षामा छात्रा र छात्रहरूले प्राप्त गरेको औषत सिकाइ उपलब्धि बीचको अन्तर ८.८६ रहेको देखिन्छ ।

सरस्वती उच्च मा.वि.बाट एस.एल.सी. परीक्षामा सामेल भएका १८२ जना विद्यार्थीहरूमध्ये ९७ जना छात्रा र ८५ जना छात्रहरू रहेको पाइयो । जम्मा ९७ छात्राहरूले हासिल गरेको कूल प्राप्ताङ्क ३३१५८ र ८५ जना छात्रहरूले हासिल गरेको कूल प्राप्ताङ्क ३२९१२ रहेको पाइयो । जसको आधारमा छात्रा र छात्रहरूले प्राप्त गरेको औषत सिकाइ उपलब्धि क्रमश : ४२.७३ र ४८.४० रहेको पाइयो । यस विद्यालयका छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धिको अन्तर ५.६७ रहेको देखिन्छ । पाणिनी मा.वि.बाट ०६८ सालको

एस.एल.सी. परीक्षामा सामेल भएका जम्मा ८७ जना मध्ये छात्राको संख्या ४७ र छात्रको संख्या ४० रहेको पाइयो । कूल ४७ जना छात्राहरूले हासिल गरेको जम्मा प्राप्ताङ्क १५०९३ र ४० जना छात्रहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क १५१८४ रहेको पाइयो । जसको आधारमा छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धि क्रमश : ४०.१४ र ४७.४५ रहेको पाइन्छ । यस विद्यालयमा छात्रा र छात्रबीचको सिकाइ उपलब्धि अन्तर ७.३१ रहेको देखिन्छ ।

यसैगरी, पशुपति मा.वि.बाट एस.एल.सी. परीक्षामा सामेल भएका जम्मा २८ जना विद्यार्थीहरूमध्ये छात्रा १२ जना र छात्र १६ जना रहेको पाइयो । जम्मा १२ जना छात्राहरूले हासिल गरेको कूल प्राप्ताङ्क ४३३२ र जम्मा १६ जना छात्रहरूले हासिल गरेको कूल प्राप्ताङ्क ६२७३ रहेको पाइयो । यस विद्यालयका छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धि क्रमशः ४५.१३ र ४९.०१ रहेको देखिन्छ । समग्रमा अध्ययन गरिएका विद्यालयहरूबाट एस.एल.सी. परीक्षामा सामेल भएका जम्मा ४९१ जना विद्यार्थीहरूमध्ये २५८ जना छात्रा र २३४ जना छात्रहरूले हासिल गरेको औषत सिकाइ उपलब्धि दर क्रमशः ४१.३० र ४७.७१ रहेको पाइयो । छात्रा र छात्रले प्राप्त गरेको उपलब्धि भिन्नता ६.४१ रहेको पाइयो ।

शैक्षिक सत्र २०६८ मा झापा जिल्ला स्तरीय निम्न माध्यमिक तह उत्तीर्णपरीक्षामा हिमालय उच्च मा.वि.बाट जम्मा १७५ जना विद्यार्थीहरू सामेल भएकामा ९१ जना छात्रा र ८४ जना छात्रहरू रहेको पाइयो । यस विद्यालयबाट परीक्षामा सामेल भएका ९१ जना छात्राहरूले प्राप्त गरेको औषत सिकाइ उपलब्धि ४१.४७ प्रतिशत र छात्रहरूले प्राप्त गरेको औषत सिकाइ उपलब्धि ४९.१० प्रतिशत रहेको पाइयो । सरस्वती उच्च मा.वि.का छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धि क्रमशः ४०.७० र ४९.७८ प्रतिशत रहेको पाइयो भने पाणिनी मा.वि.का छात्रा र छात्रको औषत सिकाइ उपलब्धि क्रमशः ४४.४१ प्रतिशत र ४८.७३ प्रतिशत रहेको पाइयो । पशुपति मा.वि.का छात्रा र छात्रहरूको सिकाइ उपलब्धि क्रमशः ४६ प्रतिशत र ५०.३१ प्रतिशत रहेको पाइयो ।

दिपिनी नि.मा.वि.का छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धि ४६.४० प्रतिशत र ५८.३४ प्रतिशत तथा कृष्ण नि.मा.वि.का छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धि क्रमशः ३७.१४ प्रतिशत र ४१ प्रतिशत रहेको पाइयो । नमूना छनौटमा परेको पशुपति नि.मा.वि.मा कक्षा ८ को पठनपाठन नभएकाले उक्त विद्यालयका कक्षा ८ का छात्राछात्रहरूको सिकाइ

उपलब्धि गणना नगरिएको हो । निम्न माध्यमिक तह उत्तीर्णपरीक्षामा सामेल भएका छात्रा र छात्रहरूको कूल औषत सिकाइ उपलब्धि क्रमशः ४२.६८ प्रतिशत र ४९.५४ प्रतिशत रहेको पाइन्छ । जसको आधारमा छात्रा र छात्रहरूबीचको सिकाइ उपलब्धिमा ६.८६ प्रतिशतले भिन्नता रहेको देखिन्छ ।

शैक्षिक सत्र २०६८ मा अध्ययन क्षेत्रभित्र नमूनामा परेका ८ वटै विद्यालयमा कक्षा ३ मा अध्ययन गरी २०६८ सालको विद्यालयगत वार्षिक परीक्षामा सामेल भएका छात्रा र छात्रहरूको औषत सिकाइ उपलब्धि दर क्रमशः ७९.१७ र ८३.०४ रहेको देखिन्छ । उल्लिखित तालिका अनुसार कक्षा १० को एस.एल.सी. परीक्षा, कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र कक्षा ३ को विद्यालय स्तरीय परीक्षामा छात्राहरूले प्राप्त गरेको सिकाइ उपलब्धि छात्रहरूको सिकाइ उपलब्धिको तुलनामा न्यून रहेको देखिएकाले सम्बन्धित विद्यालयहरूका सरोकारवाला पक्षले छात्राहरूको औषत सिकाइ दर वृद्धि गर्न विशेष रणनीतिक उद्देश्यका साथ अघि बढ्नु पर्ने देखिन्छ ।

लैङ्गिक विकासको अवधारणाले पुरुष र महिला दुबैको क्षमताको विकास र उपयोग समान किसिमले हुनुपर्दछ भन्ने दृष्टिकोण राख्दछ । अध्ययन गरिएका विद्यालयहरूको शैक्षिक परिवेशमा लैिक समानता ल्याउन व्यवस्थापन पक्ष शिक्षक एवम् अभिभावकहरूले प्रसस्त प्रयास गरेको देखिन्छ । यस्ता प्रयासहरूले छात्राहरूको भर्ना प्रतिशत पढाएको र विद्यालयमा भर्ना भएकाहरूलाई केही हदसम्म टिकाइ राखेको समेत देखिन्छ । यति हुँदाहुँदै पनि शिक्षामा लैङ्गिक पक्षलाई सबल बनाउन सम्बन्धित विद्यालयहरूले विशेष रणनीतिका साथ प्रयास अघि बढाउनुपर्ने देखिन्छ । अझैपनि विद्यालयभित्रको वातावरण तथा व्यवहार छात्रामैत्री नहुनाले उनीहरूको शैक्षिक उपलब्धि स्तर छात्रहरूको तुलनामा न्यून रहेको पाइन्छ । यी र यस्ता कमजोरीहरूलाई सम्बोधन गर्न नीति निर्माण तहदेखि पठनपाठनका क्रियाकलापसम्म थप पहल र प्रयत्नको आवश्यकता रहेको छ । विद्यालयमा लैङ्गिक पक्षलाई सबल बनाउने हो भने पठन पाठनका दृष्टिले छात्राहरूका लागि बालिकामैत्री शिक्षण सिकाइमा ध्यान पुऱ्याउनुपर्दछ ।

## ४.९ विद्यालय सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरू

अध्ययन क्षेत्र भित्रका सामुदायिक विद्यालयहरूमा विद्यालय सुधार योजना कार्यान्यनका सम्बन्धमा समस्याहरू रहेका छन् वा छैनन् भनी विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी, अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति समेत जम्मा १२१ जना सरोकारवालाहरूलाई प्रश्नावली भर्न लगाई मत परिणामलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३

विद्यालय सुधार योजना कार्यान्यन सम्बन्धी समस्याहरू

| क्र.सं. | समस्याहरू | प्रधानाध्यापक | शिक्षक | विव्यास/शिअसं | विद्यार्थी | स्रोतव्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रसस्त छन् | ७ (५.३५%) | ३१ (७.३५%) | २८ (१४.८७%) | ३० (२४.७९%) | १ (८.२६) | ९७ | ८०.१६ |
| २ | सामान्य छन् | १ (०.८२%) | ३ (२.४७%) | ४ (३.३०%) | ८ (६.६१%) | - | १६ | १३.२२ |
| ३ | थोरै छन् | - | १ (०.८२%) | १ (०.८२%) | ४ (३.३०%) | - | ६ | ४.९५ |
| ४ | समस्या छैनन् | - | - | - | २ (१.६५%) | - | २ | १.६५ |
| | **जम्मा** | ८ | ३५ | ३३ | ४४ | १ | १२१ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

प्रस्तुत तालिका अनुसार विद्यालय सुधार योजनाको कार्यान्वयनमा प्रसस्त समस्याहरू रहेका छन् भनी अभिमत व्यक्त गर्नेमा प्रधानाध्यापक ७ जना (५.३५%), शिक्षक ३१ जना (१७.३५%), विव्यासं/शिक्षक अभिभावक संघका पदाधिकारी २८ जना (२३.१४%) विद्यार्थी ३० जना (२४.७९%) र स्रोतव्यक्ति १ जना (८.२६%) रहेको पाइयो । प्रश्नावली भर्न लगाइएको कुल १२१ जनामध्ये ९७ जना (८०.१६%) उत्तरदाताहरूबाट विद्यालय सुधार योजना कार्यान्वयनमा प्रसस्त समस्याहरू रहेको अभिमत प्राप्त भयो । विद्यालय सुधार योजनाको कार्यान्वयनमा सामान्य समस्या मात्र छन् भन्नेमा शिक्षक ३ जना (२.४७%), प्रधानाध्यापक १ जना (८.२६०), वि.व्य.सं. तथा शि.अ.सं. पदाधिकारी ४ जना (३.३०%) विद्यार्थी ८ जना (६.६१%) रहेको पाइयो । तसर्थ सामान्य समस्या छन् भनी मत जाहेर गर्ने उत्तरदाताहरू जम्मा १६ जना (१३.२२%) रहको पाइयो । विद्यालय सुधार योजनाको कार्यान्वयनमा थोरै मात्र समस्या छन् भन्ने विचार प्रस्तुत गर्ने उत्तरदाताहरूमा १ जना शिक्षक (८.२६%), व्यवस्थापन पक्षका पदाधिकारी १ जना ( ८.२६%) र विद्यार्थी ४ जनान (३.३०%), रहेको पाइयो । जसमा उत्तरदाताहरू १२१ जना मध्ये थोरै समस्या भएको भनी उत्तर दिने सरोकारवाहरू ६ जना (४.९५%) र विद्यालय सुधार

योजनाको कार्यान्वयनमा कुनै समस्याहरू छैनन् भनी उत्तर दिने २ जना (१.६५%) विद्यार्थीहरू मात्र रहेको पाइयो ।

विद्यालय सुधार योजनाको कार्यान्वयनमा प्रसस्त समस्याहरु छन् भनी जानकारी प्राप्त भएपछि ती समस्याहरू के के रहेछन् भनी पुनः प्रधानाध्यापक, शिक्षक, वि.व्य.स./शि.अ.सं.का पदाधिकारी, विद्यार्थी, स्रोतव्यक्ति समेत जम्मा १२१ जनालाई प्रश्न राख्दा स्रोत साधनको कमी, सरकारी नीतिमा अस्पष्टता, विद्यालयको व्यवस्थापनमा दलीय हस्तपक्षेप, अभिभावक तथा अन्य सरोकारवालाहरूमा सचेतनाको कमी, विद्यालयका लक्ष, कार्यक्रमहरूको प्रचारमा कमी, शैक्षिक सामग्रीको अभाव, शिक्षकहरूमा पेशाप्रति प्रतिबद्धतामा कमी, विद्यार्थीमा राजनीतिको प्रभाव, परीक्षा र मूल्यांकन प्रणालीमा कमजोरी, निरीक्षण अनुगमनको प्रभावकारितामा कमी जस्ता मुख्य समस्याहरू रहेको पाइयो ।

## ४.१० विद्यालय सुधार योजनाको कार्यान्वयनका चुनौतिहरूको विवरण

विद्यालय सुधार योजनाको कार्यान्वयनमा देखिएका चुनातिहरूमध्ये कुनै एक मुख्य चुनौतिको विवरण प्रस्तुत गर्न अनुरोध गरिएकोमा अध्ययन क्षेत्रका १२१ जना सरोकारवालाहरूबाट प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४

विद्यालय सुधार योजना कार्यान्वयनका चुनौतिहरूको विवरण

| क्र. सं. | चुनौतिको विवरण | प्र.अ. | शिक्षक | विव्यस/ शिअसं | विद्यार्थी | स्रोतव्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरोकारवामा विद्यालयप्रतिको चासो न्यून हुनु | ५ | १० | ६ | १८ | - | ३९ | ३२.२३ |
| २ | स्रोतसाधनको कमी हुनु | १ | ५ | १३ | १५ | - | ३४ | २८.०९ |
| ३ | प्रतिबद्धतामा कमी हुनु | १ | १ | ७ | | | ९ | ७.४३ |
| ४ | व्यवस्थापनमा दलीय हस्तक्षेप हुनु | १ | ११ | ४ | ४ | | २० | १६.५२ |
| ५ | मूल्यांकन प्रणालीमा समस्या हुनु | - | १ | | ५ | | ६ | ४.९६ |
| ६ | निरीक्षण अनुगमनको कमी हुनु | | १ | १ | २ | | ४ | ३.३० |
| ७ | प्रधानाध्यापकको कार्यसम्पादन क्षमता कमजोर हुनु | | ६ | २ | | १ | ९ | ७.४३ |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ८ | ३५ | ३३ | ४४ | १ | १२१ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

उल्लिखित तालिकामा व्यक्त अभिमतलाई निम्न अनुसारको वृत्त चित्रमा समेत प्रस्तुत गरी स्पष्ट पार्ने प्रयास गरिएको छ ।

चित्र नं. ४

बिद्यालय सुधार योजनाका चुनौतिहरू




उल्लिखित तालिकामा प्रस्तुत विवरण अनुसार स्थानीय सरोकारवाहरूमा विद्यालयप्रतिको चासो कम हुनुलाई विद्यालय सुधार योजनामा कार्यान्वयनको सबैभन्दा प्रमुख चुनौतिको रुपमा स्वीकार गर्ने उत्तरदाताहरू ३९ जना (३२.२३%) रहेको पाइयो । यसैगरी विद्यालयमा पर्याप्त स्रोत साधनको कमी हुनुलाई विद्यालय सधार योजनामा निर्धारित कार्यक्रमहरूको कार्यान्वयनको प्रमुख चुनौतिको रुपमा देख्ने उत्तरदाताहरू ३४ जना (२८.०९%) रहेको पाइयो । शिक्षण पेशाप्रति पूर्ण समर्पण भाव र प्रतिबद्धतामा कमी हुनुलाई विद्यालय सुधार योजना अनुसारका कार्यक्रम कार्यान्वयनको चुनौतिको रुपमा स्वीकार गनॄ उत्तरदाताहरू ९ जना (७.७४%), व्यवस्थापनमा राजनीतिक दलको हस्तक्षेपलाई चुनौतिको रुपमा लिने उत्तरदाताहरू २० जना (१६.५२%), विद्यार्थी मूल्यांकन प्रणालीमा समस्या देख्ने उत्तरदाताहरू ६ जना (४.९६%) विद्यालयको निरीक्षण अनुगमनमा कमीलाई विद्यालय सुधार योजना कार्यान्वयनको मुख्य चुनौति स्वीका गर्ने उत्तरादाताहरू ४ जना (३.३०%) र प्रधानाध्यापकको सम्पादन क्षमता कमजोर हुनुलाई मुख्य चुनौति देख्ने उत्तरादताहरू ९ जना (७.४३%) रहेको पाइयो ।

यसै सन्दर्भमा उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यालय सुधार योजनाको सफल कार्यान्वयनबाट मानव संसाधन विकास गर्ने क्रममा बाधा अड्चनको रुपमा माथि उल्लेख भएका थुप्रै समस्याहरूको पहिचान गर्न सफल भएको पाइयो । समस्याहरू पत्ता लागि सकेपछि तिनीहरूको समाधान क्रमशः हुँदै जाने विश्वास गर्न सकिन्छ । यस कार्यबाट मानव संसाधन विकासमा सकारात्मक सहयोग पुग्ने देखिन्छ ।

## ४.११ विद्यालय सुधार योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू

के विद्यालय सुधार योजनाको कार्यान्वयनले बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गर्न र अपेक्षित शैक्षिक लक्ष पूरा गर्न सहयोग पुऱ्याउला भनी अध्ययन क्षेत्रभित्रका नमुनमा छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी, विद्यार्थी र स्रोतव्यक्ति गरी जम्मा १२१ जना सरोकारवालहरूसँग प्रश्नावली मार्फत जानकारी संकलन गरिएको सबै (१००%) बाट सहयोग पुऱ्याउँछ भनी मत प्रकट भएको पाइयो । विद्यालय सुधार योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरूका लागि सुझाव संकलन गर्दा उत्तरदातालाई सबैभन्दा उपयुक्त लागेको एउटा मुख्य सुझाव प्रस्तुत गर्न अनुरोध गरिएको थियो । खुल्ला प्रश्नावलीको माध्यमबाट संकलित सुझावहरूको विवरण र उत्तरदाता सरोकारवालाहरूको संख्यात्मक विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १५

विद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने उपायहरू

| क्र. सं. | प्राप्त भएका सुझावहरू | प्र.अ. | शिक्षक | वि.व्य.स. / शि.अ.सं. | विद्यार्थी | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरोकारवालहहरूले विद्यालयका क्रियाकलापमा सहभागिता हुनुपर्ने | ४ | १५ | ११ | १८ | - | ४८ | ३९.६६ |
| २ | व्यवस्थापनमा राजनीतिक दलको हस्तक्षेप हुन नहुने | १ | ३ | ४ | १० | - | १८ | १४.८७ |
| ३ | शिक्षकले शिक्षण पेशाप्रति प्रतिबद्ध भई काम गर्नुपर्ने | १ | ३ | ९ | ३ | - | १६ | १३.२२ |
| ४ | प्रधानाध्यापकले आफ्नो कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्ने | १ | ७ | ४ | १ | - | १८ | १४.८७ |
| ५ | विद्यमान अवस्थामा भएको विद्यालय निरीक्षण /अनुगमनलाई अझ | - | ४ | १ | ३ | - | ८ | ६.६२ |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रभावकारी बनाउनुपर्ने | | | | | | | |
| ६ | आवश्यक स्रोत साधनको व्यवस्थापन र वितरण प्रणाली प्रभावकारी बनाइनुपर्ने | १ | ३ | ३ | २ | - | ९ | ७.४४ |
| ७ | विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार गर्नुपर्ने | | | ४ | - | | ४ | ३.३१ |
| | जम्मा | ८ | ३५ | ३३ | ४४ | १ | १२१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

उल्लिखित तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कलाई निम्न अनुसारको वृत्त चित्रमा समेत उल्लेख गरी प्रष्ट पार्ने प्रयास गरिएको छ ।

चित्र ५

बिद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने उपायहरू




उल्लिखित तालिका १५ मा प्रस्तुत तथ्यहरूको आधारमा विद्यालयका सरोकारवालाहरूबाट विद्यालय सुधार योजनाको कार्यान्वयनमा स्थानीय शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, व्यस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारी, बृद्धिजीवी लगायत सबै पक्षको सक्रिय सहभागिता हुनुपर्ने कुरामा अभिमत प्रस्तुत भएको पाइयो । विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनको लागि विद्यालयका सरोकारवालको सक्रिय सहभागिता हुनुपर्ने कुरामा ४८ जना (३९.६६%) उत्तरादाताले आफ्नो सुझाव प्रस्तुत गरेको पाइयो । विद्यालयको व्यवस्थापनमा अनावस्यक राजनीतिक हस्तक्षेप हुनु नहुने पक्षमा १८ जना (१४.८७%) उत्तरदाताको सुझाव रहेको पाइयो । विद्यालय सुधार योजनाको सफल कार्यान्वयनको लागि शिक्षकहरूले शिक्षण पेशाप्रति पूर्ण निष्ठावन र प्रतिबद्ध भई कार्य

सम्मापदन गर्नुपर्ने सुझाव १६ जना (१३.२२%) उत्तरदाताबाट प्राप्त भयो भने क्षमतालाई प्रभावकारी बनाउनुपर्ने सुझाव १८ जना (१४.८७%) उत्तरदाताबाट प्रस्तुत भएको पाइयो ।

विद्यालय सुधार योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन विद्यालयहरूको निरीक्षण र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने पक्षमा सुझाव प्रस्तुत गर्ने उत्तरदाताहरू ८ जना (६.६२%) र विद्यालय संचालनमा अत्यावस्यक पर्ने स्रोत साधनको उपयुक्त व्यवस्थापन गर्नुपर्ने सुझाव ९ जना (७.४४%) उत्तरदाताहरूबाट प्राप्त भयो भने विद्यार्थी मूल्यांकनको परम्परागत पद्धतिमा परिवर्तन गर्नुपर्ने पक्षमा ४ जना (३.३१%) को अभिमत प्राप्त भयो ।

मास्लो (सन् १९९३) का अनुसार एक आवस्यकताको पूर्ति पश्चात त्यो भन्दा उच्च कोटीको पूर्तिका लागि व्यक्ति प्रयत्नशील रहन्छ । तर, यदि उसमा लक्षित आवश्यकता प्राप्ति गर्न बाधा अड्चन आयोभने उसमा निराशा उत्पन्न हुन्छ जसबाट व्यक्ति कामप्रति उत्प्रेरित हुँदैन । तसर्थ, मानिसलाई सदा उत्प्रेरित र आशावादी राख्न सहजमार्गको लागि यसको लक्ष्य उद्देश्य पूरा गर्न सरोकारवालाहरूलाई सक्रिय गराउँदछ । विद्यालयमा वैज्ञानिक व्यवस्थापन प्रक्रियाको उपयोग, मानवीय सम्बन्धको उचित विकास, उत्प्रेरणामा वृद्धिक गर्न सकिने र विद्यालय सुधार योजना अनुसार कार्यक्रमको कार्यान्वयन गर्न सकिने देखिन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना विषयमा गरिएको सोधकार्यको तथ्याङ्कहरूको विश्लेषण र ब्याख्या गर्दा प्राप्त भएका जानकारीहरूको आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

विद्यालयहरूको कुशल ब्यवस्थापन गरि उच्चतम् प्रतिफल प्राप्त गर्न विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन अपरिहार्य रहेको छ । विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाको सहभागिता सुनिश्ति  गर्ने प्रयास गरिएको छ । अध्ययन गरिएका विद्यालयहरूले स्थानीय सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइएको पाइयो । स्थानीय सरोकारवालाको सहभागिता र चासो बृद्धि हुँदा बिद्यालयको ब्यवस्थापन प्रभावकारी भई विद्यार्थीको शिकाइ उपलब्धि उच्च हुने देखिन्छ ।

यस योजनाको कार्यान्वयनमा प्रशस्त चुनौतिहरू रहेका छन् । स्थानीय समुदायको विद्यालयप्रतिको चासो कम हुनु, विद्यालयमा राजनीतिको अनावश्यक हस्तक्षेप हुनु, स्रोत साधनको वितरण र व्यवस्थापनमा कठिनाइ हुनु जस्ता मुख्य समस्याहरूको बीचमा रहेर पनि बालबालिकाको उच्चतम सिकाइ उपलब्धि सुनिश्चित गर्न विद्यालयहरूले प्रयास गरिरहेको पाइयो ।

शैक्षिक क्षतिलाई न्यूनीकरण गर्दै बालबालिकाहरूको भर्नादर वृद्धि गर्न, कक्षा छाड्ने दर घटाउन, उत्तीर्णदर र औषत सिकाइ उपलब्धि दर उच्च बनाउन विद्यालय सुधारका कार्यक्रमलाई योजनाबद्ध रुपमा अघि बढाउन 'विद्यालय सुधार योजना' एउटा उत्तम विकल्प हुन सक्दछ ।

अध्ययनको प्राप्तिको रुपमा उपलब्ध भएका तथ्यहरूको आधारमा विद्यालय सुधार योजनाको माध्यमबाट शैक्षिक सुधारका लागि कार्यान्वयनमा ल्याइएका कार्यक्रमहरूले बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्न प्रत्यक्षतः सकारात्मक प्रभाव पारेको देखिन्छ ।

विद्यालयहरूमा शिक्षण सिकाइ वातावरण निर्माण गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरू पर्याप्त नभएतापनि उपलब्ध स्रोत साधनको उच्चतम् परिचालनद्वारा अपेक्षित सिकाइ हासिल गर्न सकिने देखिन्छ । विद्यालयमा शिक्षक र विद्यार्थीको उपस्थितीदरमा हुने बृद्धिले बिद्यार्थीहरूको सिकाइ उपलब्धि समेत बढ्ने देखिन्छ । विद्यालयमा शिक्षको मनोवल उच्च हुँदा शिक्षण सिकाइको अवस्थामा सकारात्मक प्रभाब परी बिद्यार्थीको सिकाइ उपलब्धि बढ्ने देखिन्छ । विद्यालयमा सिक्षण सिकाई सम्बन्धि धेरै कार्यक्रमहरू कार्यान्वयन भएको अवस्थामा सिकाइ उपलब्धि समेत उच्च भएको पाइन्छ ।

राज्यको मूल प्रवाहमा पछाडि पारिएका दलित, महिला, जनजाति, समूदायका बालबालिकाहरूको शैक्षिक उपलब्धि सुबिधा र पहुँचको उपयोग गर्न सफल भएका समुदायका बालबालिकाको तुलनामा अझै न्यून रहेको देखिन्छ ।

जुनसुकै कार्यक्रम सञ्चालन गर्दा पनि त्यसमा केही कमी कमजोरीहरू, बाधा अड्चनहरू र समस्याहरू आउने गर्दछन् । विद्यालय सुधार योजना कार्यक्रम पनि यी समस्याबाट मुक्त छैन भन्ने कुरा तथ्याङ्क संकलनका क्रममा प्राप्त भयो । तर, समस्याहरू समाधान गर्नै नसकिने खालका छैनन् । सम्बन्धित सरोकारवाला पक्षबाट समाधानका उपायहरूसमेत प्राप्त भएका छन् । सम्बन्धित क्षेत्रले यसतर्फ समयमै ध्यान दिई प्राथमिकताका आधारमा समस्याहरू समाधान गरेमा विद्यालय सुधार योजना कार्यक्रममा प्रभावकारिता आई विद्यार्थीको सिकाइ उपलब्धि स्तर वृद्धि हुने देखिन्छ । विद्यालयहरूले यो योजना एउटा सामान्य प्रक्रियाको रुपमा लिने गरेका छन् । यसलाई शैक्षिक प्रक्रियाको एउटा अभिन्न पक्षको रुपमा कार्यान्वयन गर्न नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग लगायतका संस्थाहरूबाट ठोस नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.३ सुझावहरू

“बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना” विषयमा गरिएको शोधकार्यमा अनुसन्धानको क्रममा तथ्याङ्क संकलन गरी विश्लेषण गर्दा सम्बन्धित पक्षबाट विभिन्न सुझावहरू प्राप्त भएका छन् । विद्यालय सुधार योजनाका समस्याहरूलाई समाधान गरी यस कार्यक्रमलाई शैक्षिक गुणस्तर वृद्धि गर्ने सशक्त साधन बनाउन देहायका सुझावहरूसिफारिस गरिएका छन् ।

### ५.३.१ नीतिगत तह

विद्यालय सुधार योजनाको प्रभावकारिताको लागि नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागबाट स्पष्ट नीति निर्माण गरी प्रत्येक विद्यालयले अनिवार्य रुपमा योजना निर्माण र कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ । स्थानीय तहमा जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्रले विद्यालय सुधार योजनाको तर्जुमा र कार्यान्वयन पक्षको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको निर्माण गरी विद्यालयको अनुगमन / सुपरीवेक्षण कार्यको अभिन्न पक्षको रुपमा यसलाई सामेल गरिनुपर्दछ ।

विद्यालय सुधार योजनाको निर्माण कार्यान्वयनको लागि स्थानीय सरोकारवालाहरूलाई आवधिक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नुपर्दछ । साथै, विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनको लागि स्थानीय निकायलाई उत्तरदायी बनाउन ऐन नियमावलीहरूमा आवश्यक व्यवस्था गर्नुपर्दछ ।

विद्यालयहरूको व्यवस्थापनमा स्थानीय समुदायको जिम्मेवारी वृद्धि गर्नेगरी आवश्यक अधिकारहरूको विकेन्द्रीकरण गर्नुपर्दछ ।

वर्तमान शिक्षा ऐन, नियमावलीमा उल्लिखित गाउँ/नगर शिक्षा समितिलाई स्पष्ट अधिकार र जिम्मेवारी तोकी विद्यालयको शैक्षिक, भौतिक विकासमा प्रत्यक्ष सहयोगीको रुपमा स्थापित गर्नुपर्दछ ।

विद्यालयका लक्षित समूह, सुविधा विहिन तथा शैक्षिक अवसरबाट बञ्चित क्षेत्र तथा समुदायमा सामाजिक परिचालनद्वारा मागको सिर्जना गराउने, आवश्यकताको आधारमा स्रोतको

परिपूर्ति गर्ने, सहभागितामूलक अनुगमन र कार्यान्वयन योजना बनाउने सन्दर्भमा आवश्यक नीतिगत व्यवस्था गर्नुपर्दछ ।

### ५.३.२ अभ्यास तह

विद्यालय सुधार योजनामा सामेल गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरोकारवाला स्थानीय निकाय, सामाजिक कार्यकर्ता, नागरिक समाज, राजनीतिक दलसँगको सामूहिक अन्तर्क्रिया र सहकार्यको आवश्यकता पर्दछ । सामुदायिक विद्यालयका शिक्षकहरूले उपयुक्त शिक्षण सीपको प्रयोग गरी शिक्षण गर्नुपर्दछ ।

विद्यालयको शैक्षिक नेतृत्वलाई प्रभावकारी बनाउन अनुभवी र सक्षम शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी प्रदान गर्नुपर्दछ । विद्यालयको व्यवस्थापन समितिमा विद्यालयका वास्तविक सरोकारवाला अभिभावकहरूको प्रतिनिधित्व गराउनुपर्दछ । व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई शैक्षिक प्रक्रिया, विद्यालय अनुगमन, विद्यार्थी मूल्यांकन, योजना निर्माण, शैक्षिक गुणस्तर विकास जस्ता पक्षहरूमा तालिम र अभिमुखीकरण गराउनु पर्दछ ।

विद्यालयमा सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमहरूको आवधिक रुपमा प्रगति समीक्षा गरी आवश्यक परिमार्जन गरिनु पर्दछ । विद्यालय व्यवस्थापन समिति बैठक, शिक्षक बैठक र अभिभावक भेलामा विद्यार्थीहरूको शैक्षिक उपलब्धिको बारेमा छलफल र समीक्षा गर्नुपर्दछ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग र विद्यार्थीको उमेर एवम् तह अनुसार उपयुक्त शैक्षिक सामग्रीको प्रयोगलाई प्राथमिकतामा राखिनुपर्दछ ।

विद्यार्थीको सिकाइ उपलब्धि र प्रगति मूल्यांकन गर्न आवधिक परीक्षालाई मात्र आधार नबनाइ विद्यार्थीको कक्षा कार्य सिर्जनात्मकता, व्यवहार परिवर्तन, अतिरिक्त क्रियाकलापमा सहभागिता समेतलाई मूल्यांकनको आधार बनाउनुपर्दछ । राम्रो सिकाइ उपलब्धि हासिल गर्ने शिक्षक र विद्यार्थीलाई अझ उत्प्रेरित गर्न पुरस्कार र प्रशंसा प्रदान गर्नुपर्दछ । क्षेत्रीय शिक्षा

निर्देशनालय, जिल्ला शिक्षा कार्यालय एवम् सम्बन्धित स्रोत केन्द्रबाट विद्यालयहरूको योजनाबद्ध निरीक्षण/ सुपरीवेक्षण गरी आवश्यक परामर्श प्रदान गर्नुपर्दछ ।

**५.३.३ अनुसन्धान तह**

विद्यालयमा बालबालिकाहरको सिकाइ उपलब्धि न्यून हुनुमा मूख्य के कारण रहेका छन् ? अध्ययन अनुसन्धान हुनु आवश्यक पर्दछ ।

अधिकांश सामुदायिक विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गर्ने गरेको भएता पनि अपेक्षा गरे अनुसारको प्रतिफल प्राप्त हुन नसकेको सम्बन्धमा अनुसन्धान गर्नु पर्दछ ।

विद्यालय सुधार योजनाको कार्यान्वयनमा के कस्ता चुनौतिहरू रहेका छन् भन्ने सम्बन्धमा समेत थप अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ । साथै, विद्यालय सुधार योजनाको प्रभावकारिताको समेत अध्ययन हुनुपर्दछ ।

सामुदायिक विद्यालयका बालबालिकाहरूको औषत सिकाई उपलब्धि दर न्यून हुनुमा प्रधानाध्यापकको भूमिका, विद्यालय व्यवस्थापन समितिको भूमिका, शिक्षकको भूमिका, अभिभावकको भूमिका सम्बन्धमा छुट्टाछुट्टै र समूहगत रुपमा अध्ययन अनुसन्धान हुनुपर्दछ ।

सबैका लागि शिक्षा कार्यक्रमका लक्ष पूरा गर्न विद्यालय सुधार योजना कार्यक्रममा तत्काल गर्नुपर्ने सुधारात्मक कार्यहरू पत्ता लगाउन अध्ययन गर्नुपर्ने देखिन्छ ।

विद्यालयतहको शिक्षामा भएको शैक्षिक क्षतिको प्रमुख कारण पत्ता लगाई समाधानका उपायहरू खोजी गर्न अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ


***आधारभूत प्राथमिक शिक्षा परियोजना निर्देशिका (२०५९),*** सानो ठिमी : शिक्षा विभाग

***उच्च स्तरीय विकेन्द्रीकरण समन्वय समितिको प्रतिवेदन (२०५३),*** काठमाण्डौ : कानुन किताबखाना ।

***उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन*** (२०५४) काठमाण्डौ : कानुन किताबखाना ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर, *(२०६३),* ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** भोटाहिटि, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

***नेपाल अधिराज्यको अन्तरिम संविधान (२०६३),*** काठमाण्डौ : कानुन किताबखाना ।

बराल, खगराज (२०६६), ***शिक्षामा विकेन्द्रीकरण,*** सोपान मासिक, काठमाण्डौ ।

बिष्ट, मीनबहादुर र साथीहरु (२०६२), ***शैक्षिक योजना,*** काठमाण्डौ : भूडीपुराण प्रकाशन ।

लम्साल, हरिप्रसाद (२०६४), ***समकालीन शैक्षिक चुनौति र भावि दिशा,*** काठमाण्डौ, सोपान मासिक

***विद्यालय सुधार योजना सहयोगी पुस्तिका*** (२०५९), शिक्षा विभाग, सानोठिमी ।

***विद्यालय सुधार योजना सहयोगी पुस्तिका*** (२०६१), शिक्षा विभाग, सानोठिमी ।

***विद्यालय सुधार योजना र विद्यालय भौतिक सुधार योजना तालिम पुस्तिका*** (२०५७), शिक्षा विभाग, सानोठिमी ।

***विद्यालय सुधार योजना तालिम पुस्तिका*** (२०५९), शिक्षा विभाग, सानोठिमी ।

***शिक्षा आयोगका प्रतिवेदनहरु*** (२०६२), काठमाण्डौ : मकालु प्रकाशनगृह ।

***शिक्षा ऐन*** (२०२८), सातौं संशोधन,काठमण्डौ : कानुन किताबखाना ।

***शिक्षा नियमावली*** (२०५९), तेस्रो संशोधन, काठमाण्डौ : कानुन किताबखाना ।

अनुसूची १

बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजनाले पारेको प्रभाव

# अनुरोध पत्र

**मिति : २०६९/०७/०१**

श्रीमान् ................................................... ज्यू

श्री ......................................................... विद्यालय, ......................

विषय : अनुरोध पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको कोर्ष नं. ५९८ को अनुसन्धानात्मक कार्यको शीर्षक "बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना" को लागि आवश्यक तथ्याङ्क यहाँ/यहाँको विद्यालयबाट सङ्कलन गरी सामुदायिक विद्यालयका बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजनाले पारेको प्रभाव, विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनमा सरोकारवालाहरूको भूमिकाको अध्ययन र विद्यालय सुधार योजनाको कार्यान्वयनमा देखिएका समस्या समाधानको उपायहरूको खोजी गरी सुझाव प्रस्तुत गर्नुपर्ने भएकाले यहाँले उपलब्ध गराउनु भएको महत्वपूर्ण सूचना/जानकारीले अनुसन्धानात्मक कार्यलाई ठोस निष्कर्षमा पुग्न र अनुसन्धानबाट निस्केको निष्कर्षले विद्यालय सुधार योजना कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा सहित यसै साथ संलग्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन अनुरोध छ । यहाँहरूको महत्वपूर्ण सुझावको अपेक्षा गर्दछु ।

...................................................

कृष्णप्रसाद भण्डारी

एम.एड. दोस्रो वर्ष

श्री कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

# अनुसूची २

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

## विद्यालयका प्र.अ. लाई सोधिने प्रश्नावली

विद्यालयको नाम :
प्र.अ. को नाम :

१ तपाईले आफ्नो विद्यालयमा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने गर्नु भएको छ ?

_________ छ _________ छैन

२ तपाईको विद्यालयमा विद्यालय सुधार योजना निर्माण गरी त्यसका आधारमा कार्यक्रम संचालन गर्ने परिपाटीको थालनी भएको कति वर्ष भयो ?

______ १ ______ २ ______ ३ ______ सो भन्दा बढी

३ विद्यालय सुधार योजनाले निर्धारण गरेका उद्देश्यहरू विद्यालयका आवश्यकतासँग मिल्दाजुल्दा छन् ?

______ छन् ______ छैनन ________ आंशिक रुपमा मिलेका छन्

४ विद्यालय सुधार योजनामा आफ्नो विद्यालयका बालबालिकाहरूको सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रम सामेल गर्नु भएको छ ?

______ छ _____ छैन _____ आंशिक रुपमा सामले गरिएका छन्

५ विद्यालय सुधार योजनाको निर्माण र कार्यन्वयनले सिकाइ उपलब्धिमा बृद्धि गर्न सहयोग पुऱ्याउला?

______ पुऱ्याउला _____ पुऱ्याउदैन ______आंशिक रुपमा सहयोग पुऱ्याउँछ

६ बालबालिकाहरूको सिकाइ उपलब्धिहरूको अध्ययन गर्न कुन साधनको उपयोग गर्नु हुन्छ ?

_____ शिक्षण सुधार योजना _____ परीक्षाफल विश्लेषण ___ उत्तीर्ण दर

७ SIP का लक्ष्य बमोजिम बालबालिकाहरूको सिकाइ उपलब्धि हासिल भएको नभएको कसरी मापन गर्नुहुन्छ ?

______ परीक्षाफल विश्लेषण ______ औषत प्राप्ताङ्क ______ उत्तीर्ण दर

८ विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि बृद्धि गर्न कुन कुन कार्यक्रम समावेश गरिएका छन् ? कुनै तीन उल्लेख गर्नुहोस ?

क) ख) ग)

९ विद्यालय सुधार योजनाको निर्माण गर्न कस कसलाई सहभागी गराउनु हुन्छ ?

क) ख) ग) घ)

१० विद्यालय सुधार योजनाको कार्यान्वयनमा मुख्यरुपमा कस्ता चुनौतीहरू देख्नु हुन्छ ?

११ विद्यालय सुधार योजनाको कार्यन्वयनमा देखिएका समस्याहरू समाधान गर्न तपाई कस्तो सुझाव दिनुहुन्छ ?

# अनुसूची ३

## बालबालिकाहरूको सिकाइ उपलव्धिमा विद्यालय सुधार योजना

(वि.व्या.स., शि.अ. संघ, स्थानीय वुद्धिजीवी र अभिभावकहरूका लागि प्रश्नावली)

अन्तरवार्तामा सहभागिको नाम

पद जिम्मेवारी

१ तपाईलाई विद्यालय सुधार योजनाको सम्बन्धमा केही जानकारी छ ?

__________ छ __________ छैन

२ तपाईको विद्यालयमा विद्यालय सुधार योजनाको निर्माण हुने गरेको छ ?

__________ छ __________ छैन

३ तपाई विद्यालय सुधार योजना निर्माण प्रक्रियाामा सहभागि हुनु भएको छ ?

__________ छ __________ छैन

४ विद्यालय सुधार योजना निर्माण गर्ने प्रक्रियाामा तपाई लगायत अरु को को सहभागि भएको पाउनु हुन्छ ?

क) ख) ग) घ)

५ विद्यालय सुधार योजनामा शैक्षिक उद्देश्यहरू निर्धारण गरिएका छन् ?

__________ छन् __________ छैनन्

६ विद्यालय सुधार योजनामा बालबालिकाहरूको सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रमहरू समावेश गरिएका छन् ?

__________ छन् __________ छैनन्

७ बालबालिकाहरूको सिकाइ उपलब्धि बृद्धि गर्न कुन कुन कार्यक्रम समावेश गरिएका छन् ?

क) ख) ग) घ)

८ विद्यालय सुधार योजनाके लक्ष्य अनुसार बालबालिकाहरूको सिकाइ उपलब्धि बृद्धि भएको छ ?

__________ छ __________ छैन

९ बालबासलकाहरूको सिकाइ उपलब्धि बृद्धि भए नभएको कसरी थाहा पाउनु भयो ?

क) बालबालिकाको प्रगति विवरण

ख) शिक्षकसँगको छलफल

ग) बालबालिकाको व्यवहार परिवर्तनको अध्ययन

१० विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनमा कस्ता समस्याहरू देख्नुहुन्छ ?

११ विद्यालय सुधार योजनाको कार्यन्वयनमा देखिएका समस्याहरूको समाधान गर्न तपाई के सुझाव दिनुहुन्छ ?

# अनुसूची ४

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

## शिक्षकहरूका लागि प्रश्नावली

शिक्षकको नाम

विद्यालयको नाम

१) तपाईको विद्यालयमा विद्यालय सुधार योजना निर्माण हुने गरेको छ ?

______ छ ______ छैन

२ विद्यालय सुधार योजनाको निर्माण प्रक्रियाामा तपाई पनि सहभागी हुनुभएको छ ?

______ छ ______ छैन

३ तपाईको विद्यालयमा विद्यालय सुधार योजना निर्माणमा को को सहभागी हुन्छन् ?

क) ख) ग) घ)

४ विद्यालय सुधार योजनामा बालबालिकाहरूको सिकाइ उपलब्धि बृद्धि गर्न कुन कुन कार्यक्रमहरू समावेश गरिएका छन् ?

क) अतिरिक्त कक्षा संचालन र सन्दर्भ सामग्रीको प्रयोग

ख) नियमित गृहकार्य / परियोजना कार्य दिने र परिक्षण गर्ने

ग) कक्षा शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोग

घ) विद्यार्थीहरूको सहपाठी सिकाइ समूह निर्माण

ङ) नियमित शैक्षणिक योजनाको आधारमा योजनाबद्ध शिक्षण गर्ने

च) शिक्षण सुधार योजना (TIP) आधारमा शिक्षण गर्ने

ज) अन्य ..................................................................

५ विद्यालय सुधार योजनाले बालबालिकाहरूको सिकाइ उपलब्धिमा बृद्धि भएको छ ?

______ छ ______ छैन

६ बालबालिकाहरूको सिकाइ उपलब्धिमा बृद्धि भए नभएको के को आधारमा यकिन गर्नु हुन्छ ?

______ उत्तीर्ण दर ______ औषत प्राप्ताङ्क ______ उच्चम अङ्क

७ सिकाइ उपलब्धिमा भएको परिवर्तनको मापन गर्न कुन साधनको प्रयोग गर्नु हुन्छ ?

__________ TIP _________ SIP ________ VEP

८ मासिक शिक्षक बैठकमा बालबालिकाहरूको सिकाइ उपलब्धि सम्बन्धमा छलफल हुने गर्दछ ?

______ छ ______ छैन ______ कहिलेकाँही मात्र

९ विद्यालय सुधार योजनाको कार्यान्वयनमा कस्ता समस्याहरू देख्नु भएको छ ?

क) ख) ग) घ)

१० विद्यालय सुधार योजनाको प्रभावकारी कार्यन्वनका लागि तपाई के सुझाव दिन चाहनुहुन्छ ?

## अनुसूची ५

### बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

### विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नाम

विद्यालयको नाम

१ विद्यालय सुधार योजनाको बारेमा केही थाहा छ ?

______ छ ______ छैन

२ तपाईको विद्यालयमा विद्यालय सुधार योजना बनाउन गरेको छ ?

______ छ ______ छैन

३ विद्यालय सुधार योजनाको निर्माणमा विद्यार्थीहरूलाई पनि सहभागी गराइन्छ ?

______ गराइन्छ ______ गराइदैन

४ विद्यालय सुधार योजनाको निर्माणमा को को सहभागी भएको पाउनु हुन्छ ?

क) ग)

ख) घ)

५ तपाईको विद्यालयमा विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि गर्न तलका मध्ये कुन कुन कार्यक्रम समावेश गरीएका छन् ?

क) अतिरिक्त कक्षा संचालन र सन्दर्भ सामग्रीको प्रयोग

ख) नियमित गृहकार्य / परियोजना कार्य दिने र परीक्षण गर्ने

ग) कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग

घ) विद्यार्थीहरूको सहपाठी सिकाइ समूह निर्माण

६ तपाईको विद्यालयमा कति कति महिनामा परीक्षा संचालन हुन्छन् ?

३/३ ४/४ ६/६

७ प्रत्येक परीक्षापछि लगत्तै परीक्षाफल प्रकासित गर्ने गरिएको छ ?

_____ छ ______ छैन ______ अलि ढिलो गरी नतिजा सुनाइन्छ

८ परीक्षाको नतिजाको बारेमा शिक्षकहरूले विद्यार्थी र अभिभावकलाई केही सुझाव दिनुहुन्छ ?

______ दिनुहुन्छ ______ दिनुहुँदैन _______ कहिलेकाँही मात्र दिनुहुन्छ

९ शिक्षकले कक्षा शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ ?

_____ गर्नुहुन्छ ______ गर्नुहुदैन ______ कहिलेकाही मात्र गर्नुहुन्छ

१० शिक्षकले दैनिक रुपमा गृहकार्य / परियोजना कार्य दिनुहुन्छ ?

_____ दिनुहुन्छ ______ दिनुहुदैन ______ कहिलेकाही मात्र दिनुहुन्छ

११ प्र.अ. र व्यवस्थापन समितिका तर्फबाट विद्यार्थीसंग पढाइका बारेमा छलफल हुन्छ ?

__________ हुन्छ ________ हुदैन

अनुसूची ६

बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

स्रोतव्यक्तिका लागि प्रश्नावली

स्रोतव्यक्तिको नाम

स्रोतकेन्द्रको नाम

१ तपाईको स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गरेका छन ?

______ छन् _________ छैनन् ______ केहीले मात्र गरेका छन्

२ विद्यालय सुधार योजना निर्माण प्रक्रियाामा कस कसलाई सहभागी गराइने गरेको पाउनु हुन्छ ?

क) ख) ग) घ)

३ विद्यालय सुधार योजना निर्माण प्रक्रियाामा तपाई पनि सहभागी हुनु भएको छ ?

______छ ________ छैन

४ विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रम समावेश भएका छन् ?

______ छन् _______छैनन् ________केही मात्र समावेश भएका छन्

५ विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि बृद्धि गर्न कस्ता कार्यक्रम समावेश गरिएका पाउनु हुन्छ ?

क) ख) ग) घ)

६ विद्यालय सुधार योजना कार्यान्वयन गरेका विद्यालयमा बालबालिकाहरूको औसत प्राप्ताङ्कमा बृद्धि भएको पाउनु हुन्छ ?

_______छ _________ छैन

७ बालबालिकाहरूको सिकाइ उपलब्धिमा बृद्धि भएको कुरा के को आधारमा मापन गरिएको पाइन्छ ?

क) शिक्षण सुधार योजना

ख) आबधिक परीक्षाको नतिजा विश्लेषण

ग) दैनिक पाठ योजना

८ शिक्षकहरूले शैक्षणिक योजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइन्छ ?

______पाइन्छ _______पाइदैन _______आंशिक मात्र पाइन्छ

९ शिक्षक बैठकमा बालबालिकाहरूको सिकाइ उलब्धिको बारेमा छलफलहुने गरेको पाउनुहुन्छ ?

______ छ ________ छैन ________ कहिलेकाही मात्र

१० विद्यालय सुधार योजनाको कार्यन्वयनमा मुख्य रुपमा कस्ता चुनौतीहरू देख्नु हुन्छ ?

# अनुसूचि ७

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

## सरोकारवालहरूको लागि बन्द प्रश्नावली

उत्तरदाताको नाम : ..........................................................................

विद्यालयको नाम : ............................................................................................

तपाई कुन भूमिकामा हुनुहुन्छ चिन्ह (√) लगाउनुहोस् ।

वि.व्या.स./शि.अ.संघ पदाधिकारी, स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी

विद्यालय सुधार योजना कार्यान्वयनका तपशीलमा उल्लिखित चुनौतिहरूमध्ये तपाइलाई सबैभन्दा उपयुक्त लागेको कुनै एउटा चुनौतिमा (○) चिन्ह लगाउनुहोस् ।

१. सरोकारवामा विद्यालयप्रतिको चासो न्यून हुनु

२. स्रोतसाधनको कमी हुनु

३. प्रतिबद्धतामा कमी हुनु

४. व्यवस्थापनमा दलीय हस्तक्षेप हुनु

५. मूल्याङ्कन प्रणालीमा समस्या हुनु

६. निरीक्षण अनुगमनको कमी हुनु

७. प्रधानाध्यापकको कार्यसम्पादन क्षमता कमजोर हुनु

# अनुसूचि ८

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना
## सरोकारवालहरूको लागि बन्द प्रश्नावली

उत्तरदाताको नाम : ...........................................................................

विद्यालयको नाम : ...............................................................................................

तपाई कुन भूमिकामा हुनुहुन्छ चिन्ह (√) लगाउनुहोस् ।

वि.व्या.स./शि.अ.संघ पदाधिकारी, स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी

विद्यालय सुधार योजनालाई प्रभावकारी बनाउने तपशीलका उपायहरूमध्ये तपाइलाई सबैभन्दा उपयुक्त लागेको कुनै एउटा उपायमा (○) चिन्ह लगाउनुहोस् ।

१ सरोकारवालहहरूले विद्यालयका क्रियाकलापमा सहभागिता हुनुपर्ने

२ व्यवस्थापनमा राजनीतिक दलको हस्तक्षेप हुन नहुने

३ शिक्षकले शिक्षण पेशाप्रति प्रतिबद्ध भइ काम गर्नुपर्ने

४ प्रधानाध्यापकले आफ्नो कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्ने

५ विद्यमान अवस्थामा भएको विद्यालय निरीक्षण/अनुगमनलाई अझ प्रभावकारी बनाउनुपर्ने

६ आवश्यक स्रोत साधनको व्यवस्थापन र वितरण प्रणाली प्रभावकारी बनाइनुपर्ने

७ विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार गर्नुपर्ने

# अनुसूचि ९

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

### शै. सत्र २०६८ को जातिगत विद्यार्थी / सहभागि प्रवाह सर्वेक्षण फारम

| क. सं | विद्यालयको नाम | दलित | | जनजाति | | अन्य | |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सामेल बिद्यार्थी संख्या | उत्तीर्ण दर %मा | परीक्षामा सामेल बिद्यार्थी संख्या | उत्तीर्ण दर % मा | परीक्षामा सामेल बिद्यार्थी संख्या | उत्तीर्ण दर % मा |
| १ | हिमालय उमावि | | | | | | |
| २ | सरस्वती उमावि | | | | | | |
| ३ | पाणिनी मावि | | | | | | |
| ४ | पशुपति मावि | | | | | | |
| ५ | दिपिनी निमावि | | | | | | |
| ६ | कृष्ण निमावि | | | | | | |
| ७ | पशुपति निमावि | | | | | | |
| ८ | सगरमाथा प्रावि | | | | | | |
| | **जम्मा** | | | | | | |

स्रोतः विद्यालय अभिलेख २०६८

# अनुसूचि १०

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना

### शै. सत्र २०६८ को कक्षा छाड्ने र परीक्षामा उत्तीर्ण विद्यार्थी विवरण

| क्र. स | विद्यालयको नाम | जम्मा विद्यार्थी | परीक्षामा सामेल | कक्षा छाड्ने विद्यार्थी | कक्षा छाड्ने दर (%) | कक्षा उत्तीर्ण विद्यार्थी | उत्तीर्ण दर (%) |
|---|---|---|---|---|---|---|---|
| १ | हिमालय उमावि | | | | | | |
| २ | सरस्वती उमावि | | | | | | |
| ३ | पाणिनी मावि | | | | | | |
| ४ | पशुपति मावि | | | | | | |
| ५ | दिपिनी नि.मावि | | | | | | |
| ६ | कृष्ण नि.मा.वि | | | | | | |
| ७ | पशुपति निमावि | | | | | | |
| ८ | सगरमाथा प्रावि | | | | | | |

स्रोतः विद्यालय अभिलेख २०६८

# अनुसूची ११

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना
## रुजूसूची

| क्र.सं. | कार्यक्रमहरू | हिमावि | सरस्वती | पणिनी | पशुपति | दिपिनी | कृष्ण | पशुपति | सगरमाथा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति र प्र.अ.बाट नियमित अनुगमन गर्ने | | | | | | | | |
| २ | विद्यार्थीलाई नियमित गृहकार्य दिई त्यसको अनिवार्य परीक्षण र पृष्ठपोषण दिने | | | | | | | | |
| ३ | पाठ योजनाको आधारमा कक्षा शिक्षण गर्ने | | | | | | | | |
| ४ | शैक्षिक सामग्रीको प्रयोगलाई अनिवार्य बनाउने | | | | | | | | |
| ५ | अभिभावकसँग सिकाइ र उपलब्धि सम्बन्धमा निरन्तर अन्तरक्रिया गर्ने | | | | | | | | |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा विद्यार्थीको सि.उ.को सम्बन्धमा नियमित छलफल गर्ने | | | | | | | | |
| ७ | बालबालिकाहरूको सहपाठी सिकाइ समूह निर्माण गरी स्वसिकाइ अवसर प्रदान गर्ने | | | | | | | | |
| ८ | आवधिक परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीलाई पृष्ठपोषण दिने | | | | | | | | |
| ९ | अतिरिक्त कक्षा सञ्चालन गर्ने | | | | | | | | |
| १० | राम्रो सिकाइ उपलब्धि ल्याउने शिक्षकलाई पुरस्कृत गर्ने | | | | | | | | |

स्रोत : विद्यालयको अनुगमन योजना २०६९

# अनुसूची १२

## बालबालिकाहरूको सिकाइ उपलब्धिमा विद्यालय सुधार योजना प्रभावकारिता सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषय वस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| औषत सम्बन्धमा | कक्षागत औषत उपलब्धि | 50% | 100% |
| | विषयगत औषत उपलब्धि | 50% | 100% |
| | विद्यालय छाड्ने दर | 10% | 0% |
| | तहपार गर्ने दर | 90% | 100% |
| | कक्षा दोहोऱ्याउने दर | 5% | 0% |
| | कूल विद्यार्थीमा कम र बढी उमेर समूहका विद्यार्थीको दर | 10% | 0% |
| शिक्षण विधि सम्बनधमा | प्रवर्तनात्मक शिक्षण विधिको प्रयोग | बहु विधिको प्रयोग भएको | शिक्षकहरूले शिक्षण सम्बन्धी तालिम प्राप्त गरेको, सहभागितात्मक विधिको प्रयोग गरेको र प्रयुक्त विधिको अनुगमन गरेको |
| समयको सदुपयोग सम्बन्धमा | शिक्षक उपस्थिति | विद्यालय खुलेको दिन मध्ये ९२% | १००% |
| | कक्षा कोठामा शिक्षक | तोकिएको कुल समयको १००% | कुल सयमको १००% र आवश्यकता अनुसार अतिरिक्त समयको उपयोग |
| | विद्यार्थी उत्तरदायित्व | कूल २१० दिन प्रति वर्ष | कूल २२० दिन प्रति वर्ष |
| शिक्षक दायित्व, सहयोग | शिक्षकका उत्तरदायित्व | विद्यार्थीको सिकाइ उपलब्धिप्रति शिक्षकहरू उत्तरदायित्व भएको | विद्यार्थीको व्यक्तिगत उपलब्धिको आधारमा अभिभावकहरूसँग सहकार्य गरी योजना बनाएको र कार्यान्वयन समेत गरेको |

| | | | |
|---|---|---|---|
| | शिक्षकका लागि पेशागत सहयोग | हरेक शिक्षकले वार्षिक रुपमा कम्तीमा १ पटक मागमा आधारित तालिम प्राप्त गरेको | हरेक शिक्षकले तालिमबाट प्राप्त गरेको ज्ञानसीपलाई कक्षाकोठामा प्रयोग गरे / नगरेको समीक्षा गरेको, सो समीक्षा सरोकारवाहरूमा जानकारी दिने गरेको र सुधारका लागि पृष्ठपोषण समेत आदान प्रदान हुने गरेको । |
| विद्यालय निरीक्षण सम्बन्धमा | विद्यालय निरीक्षण | सम्बन्धित निरीक्षणबाट हरेक शिक्षकको वर्षको कम्तीमा २ पटक कक्षा अवलोकन, पुनर्वलोकन गरेको | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तीमा २ पटक निरीक्षण भएको, २ पटक प्रधानाध्यापबाट भएको, २ पटक समकक्षीबाट कक्षा अवलोकन भई पृष्ठपोषण आदान प्रदान भएको |

# अनुसूची १३

## भौतिक अवस्था सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/ सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| भौतिक पूर्वाधार | भवन तथा कक्षा कोठा | भूकम्प निरोधक भवन भएको | भूकम्प निरोधक रंगरोगन सहितको पक्की भवन भएको |
| | | घाम पानी छेक्ने छाना भएको | चिसो, तातो, पानी र आवाज प्रुफ सिलिङ्ग छाना भएको |
| | | प्लास्टर गरिएको वा राम्रोसंग लिपिएको भित्ता भएको | प्लास्टर र रंगरोगन गरिएको भित्ता भएको |
| | | लेख्न र पढ्न बाधा नपुग्ने खालको पर्याप्त उज्यालो भएका कोठाहरू भएको | पर्याप्त हावा खेल्ने तथा प्रकाश आउने झ्याल र सुरक्षाको लागि ग्रील वा डण्डी लगाएको |
| | | | विद्यार्थीको पहुँचमा भएको, सुरक्षित झ्यालढोका जुन बन्द गर्न र खोल्न मिल्ने भएको |
| | | प्रति ४० विद्यार्थीकालागि १ कक्षा कोठा भएको | प्रति ४० विद्यार्थीकालागि एक कक्षा कोठा भएको |
| | | प्रति विद्यार्थी ०.७५ वर्गमीटर क्षेत्रफल भएको | प्रति विद्यार्थी १.०० वर्गमीटर क्षेत्रफल भएको |
| | | भवन तथा कक्षाकोठा बाल तथा अपाङ्गतामैत्री भएको | भवन, कक्षाकोठा, र अन्य भौतिक पूर्वाधारहरू बालमैत्री तथा अपाङ्गतामैत्री भएको |
| | | ५x८ फिटको कालोपाटी ब्यवस्था भएको | ५x८ फिटको ह्वाइटबोर्डको ब्यवस्था भएको |
| | | कक्षा ३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्नेगरी कालोपाटी निर्माण भएको | कक्षा ३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्नेगरी सेतोपाटी को निर्माण भएको |
| | खेल मैदान | सबै विद्यार्थीहरू एकैपटकमा अटाउनसक्ने र एक पटकमा एउटा खेल खेल्न सक्ने भएको | फुटवलसमेत खेल्न सकिने आकारको खेलमैदान भएको |
| | | खेलमैदान सफा सुग्घर र हरियाली भएको | खेलमैदान सफासुग्घर, हरियाली, बालमैत्री र लैङ्गिकमैत्री भएको |
| | | विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटीहरू राख्न सक्ने मैदान भएको | विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटी जस्ता सामग्रीको ब्यवस्था भएको । |
| | फर्निचर | कक्षा १ देखि ३ का बालबालिकाहरूलाई भुइमा राखी शिक्षण गर्न गुन्द्री, चकटीको ब्यवस्था भएको | कक्षा १ देखि ३ का बालबालिकाहरूलाई कार्पेट, चकटी आदिको ब्यवस्था भएको |
| | | प्रति ४ विद्यार्थीका लागि १ सेट डेस्क बेन्च भएको | प्रत्येक विद्यार्थीका लागि १ सेट उपयुक्त कुर्सी टेवुल भएको |
| | | विद्यार्थीको उमेर अनुसार डेस्क बेन्चको उचाइ भएको | विविध किसिमको बसाइ ब्यवस्था गर्न मिल्ने हलुका खालको डेस्क-बेञ्च |
| | | रण्दा लगाई फिनिसिङ् गरिएको डेस्क-बेञ्च भएको | फिनिसिङ् सहित चिप्लो पलिस समेत गरिएको डेस्क-बेञ्च भएको |
| | | शिक्षकका लागि कुर्सी टेबल भएको | शिक्षकका लागि ड्रयर समेतको एक सेट कुर्सी टेबल भएको |
| | | विद्यार्थीले प्रयोग गर्ने डेस्क १५ इन्च चौडा भएको | विद्यार्थीले प्रयोग गर्ने डेस्क १८ इन्च चौडा भएको |
| | | बुककर्नरका लागि १ उपयुक्त साइजको न्याकको ब्यवस्था (कक्षाको आकार हेरी) | बुककर्नर सहित कक्षा १ देखि ३ सम्म विषयगत सिकाइ कुनाको ब्यवस्था |
| | | एक डिस्प्लेबोर्डको ब्यवस्था | ४ वटासम्म डिस्प्ले बोर्डको ब्यवस्था |
| | | विद्यार्थीहरूको सरसामान सहित उनीहरूको अभिलेख राख्ने एउटा दराज भएको | प्रत्येक विद्यार्थीको नाम अंकित भएको पिजनहोल भएको |
| | पुस्तकालय | विद्यालयको एक कोठामा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भसामग्री राखिएको पुस्तकालय भएको | विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरूको अभिलेखीकरण र वितरण प्रणाली सहितको पुस्तकालय भएको |
| | | एकपटकमा २० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको पुस्तकालय भएको | एकपटकमा ५० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको हल भएको |
| | | पुस्तककालागि पारदर्शी न्याक भएको | विषयगत पुस्तकका लागि छुट्टाछुट्टै पारदर्शी र लक गर्न मिल्ने न्याक भएको |
| | | ५०० सम्म सान्दर्भिक पुस्तक भएको | १५०० वा सो मन्दा बढी पुस्तक भएको |
| | प्रयोगशाला | विद्यालयको एउटा कोठामा विषयगत प्रयोग सामग्रीहरू सहितको एकपटकमा २५ जना सम्मले प्रयोगात्मक कार्य गर्न सक्ने ब्यवस्था भएको | प्रयोगशालाका लागि छुट्टै भवन भएको |
| | | | विषयगत सामग्री सहितको एकपटकमा ५० जना सम्मले प्रयोगात्मक कार्य गर्नसक्ने गरी ब्यवस्था भएको |

| | | | |
|---|---|---|---|
| भौतिक पूर्वाधार | शौचालय | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको |
| | | प्रति ५० विद्यार्थीका लागि एक सेट शौचालय भएको | प्रति २० विद्यार्थीका लागि एक सेट शौचालय भएको |
| | | दिसापिसाब गर्न छुट्टाछुट्टै व्यवस्था भएको र पानीको व्यवस्था भएको | दिसापिसाब गर्न पानीको व्यवस्था सहितको छुट्टाछुट्टै शौचालय भएको |
| | | निरन्तर सफाइको व्यवस्था भएको | निरन्तर स्वस्थ्य हुने निश्चितता सहितको सफाइको व्यवस्था |
| | | झ्यालढोका सहितको चुकुल लगाउन र खोल्न सकिने शौचालय भएको | झ्यालढोका सहितको चुकुल सजिलो सित लाउन र खोल्न सकिने शौचालय भएको |
| | पर्खाल वा घेरबार | विद्यालयको हातालाई समेटनेगरी ६ फिट अग्लो घेराबार भएको | विद्यालयको हातालाई समेटनेगरी मजबुत पिलर समेतको ६ फिट अग्लो तारबार वा पर्खाल भएको |
| | विद्यालय हाता व्यवस्थापन | भवन, खेल मैदान, वृक्षारोपण, शौचालय बगैचाका लागि जमिन छुट्याइ सोअनुसार निर्माण गरिएको | भवन, खेल मैदान, वृक्षारोपण, शौचालय बगैचाको लागि जमिनको योजनाबद्ध लेआउट (पार्किङ, करेसाबारी) र निर्माण गरी व्यवस्थित रूपमा उपयोगमा ल्याएको |
| | खानेपानी | विद्यालय हाताभित्र पिउन योग्य पानी भएको | विद्यालयको हरेक कक्षाकोठामा फिल्टर सहित पिउने पानीको भएको |
| | कार्यालय | कार्यालय प्रयोजनका लागि छुट्टै कोठाको व्यवस्था भएको | प्रधानाध्यापक, शिक्षक स्टाफ र प्रशासनिक प्रयोजनकालागि फर्निचरसहितको छुट्टाछुट्टै कोठा भएको |
| | समीक्षालय | विद्यालयको योजनामा समीक्षालय निर्माण गर्ने उल्लेख गरिएको | समीक्षालयको व्यवस्था भएको |
| | स्वास्थ्य जाँच कक्ष | विद्यालयको प्रशासनिक कक्षमा एउटा दराजको व्यवस्था गरी आधारभूत उपचारका औषधी र जाँच उपकरणको व्यवस्था भएको | आकस्मिक बिरामीका लागि बेडको समेत व्यवस्थाभएको जाँच तथा उपचार कक्षको व्यवस्था भएको |
| | विद्युत जडान तथा विद्युतीय सामग्री र सुविधाको व्यवस्था | सौर्यउर्जा, वायुउर्जा तथा जलउर्जा, ब्याट्री आदि जस्ता माध्यमबाट विद्यालयभित्र विद्युत जडान भएको | हरेक कक्षाकोठामा विद्युतको लाइन भएको र आश्यकताअनुसार पंखा, प्रोजेक्टर, कम्प्युटरको उपलब्धता भएको तथा इमेल इन्टरनेटको समेत सुविधा भएको । |
| | चमेना गृह | विद्यालय नजिकै खाजा खाने ठाउँको व्यवस्था भएको | विद्यालय हाताभित्रै चमेना गृहको व्यवस्था भएको |
| | छात्रावास तथा शिक्षक आवास | विद्यालयको आवश्यकता अनुसार योजनामा उल्लेख गरिएको तर सो आवश्यकता पहिचान गर्दा विद्यालयको दुरी, भौगोलिक विकटता आदिलाई ध्यानमा राखेर योजनामा उल्लेख गरेको | आवश्यकता अनुसार छात्रावास तथा शिक्षक आवासको व्यवस्था भएको |
| | संरक्षण संवर्द्धन, मर्मत संभार तथा भण्डारण | आवश्यकता अनुसार भौतिक साधनहरूको संरक्षण संवर्द्धन, मर्मत संभार तथा भण्डारण हुने गरेको । | योजनामा नै उल्लेख गरी भौतिक साधनहरूको संरक्षण संवर्द्धन, मर्मत संभार तथा भण्डारण हुने गरेको, यस कार्यका लागि व्यक्तिलाई जिम्मेवार बनाएको र सोको वार्षिक समीक्षा र अभिलेखीकरण हुनेगरेको |
| | बगैचा र करेसाबारी | बगैचा र करेसाबारीको लागि जमिन छुट्याई विद्यालय सुधार योजनाभित्र समेटिएको | आयआर्जनका लागि पनि हुने गरी बगैचा र करेसाबारीको निर्माण गरेर त्यसको सदुपयोग गरेको |
| | प्रतीक्षालय | अभिभावक तथा आगन्तुकहरू आउँदा बस्ने ठाउँ छुट्याइएको | प्रवेशद्वार नजिकै छानासहितको प्रतीक्षालयको व्यवस्था गरेको |
| | विद्यालयसम्म आइपुग्ने बाटो | अपाङ्गहरूसहित सजिलै विद्यालयमा आउन सक्ने गरी बाटो बनाइएको | हिलो, धुलो नभएको बाटोको व्यवस्था भएको |
| | साइनबोर्ड | विद्यालयको नाम झल्किने कुनै न कुनै आकारको साइनबोर्डको व्यवस्था भएको | विद्यालयलाई समुदायमा पनि चिनिने गरी ठाउँ ठाउँमा विद्यालय जाने बाटो संकेत गरिएको चिन्हहरू र सबैले देख्ने ठाउँमा साइनबोर्ड राखिएको |